मानवता तथा मानवअधिकार
मानवअधिकारको तथा उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णांक ६०, असोज ०६३



संविधानसभा : अवधारणा र अभ्यास

"ग्रामीणस्तरको मानवअधिकार आन्दोलनका निमित्त युवा अभियान"

लोकतान्त्रिक नव नेपाल निर्माणका लागि संविधान सभाको निर्वाचन !

शान्ति र मानवअधिकारका लागि रिलेक-नेपालको चौथो राष्ट्रिय सम्मेलन !

चौथो राष्ट्रिय सम्मेलन भव्यताका साथ सफल पारौं ।

प्रमुख अतिथिः माधवकुमार नेपाल, महासचिव, नेकपा (एमाले)

प्रमुख वक्ताः सुबोधराज प्याकुरेल, अध्यक्ष, इन्सेक

सम्मेलन उद्घाटनः ०६३ कार्तिक १७ गते

समयः विहान ९:३० बजे, स्थानः स्टाफ कलेज, ललितपुर

बन्द सत्रः ०६३ कार्तिक १७-१८ गते

आयोजक

मानवअधिकार शिक्षा रेडियो श्रोता क्लब राष्ट्रिय समिति

(रिलेक-नेपाल) को

राष्ट्रिय सम्मेलन मूल आयोजक समिति

सम्पर्क फोनः ४२७८७७० (Ext. १४४)

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि
उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष १४, पूर्णाङ्क ६०, असोज २०६३

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
निर्मलमणि अधिकारी

आवरण ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

फोटो
विमलचन्द्र शर्मा

व्यवस्थापन
शैलेश शर्मा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाण्डौ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेबसाइट : www.inseconline.org

मुद्रक
इन्द्रेणी अफसेट प्रेस
अनामनगर, काठमाडौं
फोन : ४७७१४४८

संविधानसभा



- अवधारणा र अभ्यास ८
- नेपालमा संविधानसभाको वहस १५
- संविधानसभा र जनअपेक्षा १८
- संविधानसभा र सार्वजनिक हितको सुरक्षा २०
- कसरी बढाउने संविधानसभाबारे साक्षरता ? २६
- संविधानसभा र मुलुकको शल्यक्रिया : द्वन्द्वपीडितको दृष्टिकोण २९
- संविधानसभा र समावेशी प्रतिनिधित्वको सवाल ३२
- संविधानसभाको चुनावमा संयुक्त राष्ट्रसंघको भूमिका ३५
- अन्तरिम संविधान मस्यौदा समितिको काम : संविधान लेख्ने कि अन्तर्वार्ता दिने ? ३८
- मेलमिलाप प्रक्रियामा पीडित र पीडकहरूको भूमिका ४०
- भोकभोकै मर्न लागे वाजुरेली जनता ४१
- चेलिबेटी बेचविखनमा राज्यको संरक्षण ? ४२
- विश्वको प्रथम जनविद्रोह, बेनको पतन र नयाँ राष्ट्रको विधि निर्माण ४३
- प्रत्येक पल मर्दै बाँच्न वाध्य छन् युद्धपीडित टुहुरा वालबालिका ४६
- कविता : ननिभोस् यो आशाको दियो ३९
- गजल ३९

नियमित स्तम्भहरू

- यथावत २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानावाट ४
- पाठक-पत्र ४
- सामयिक ५
- अवतरण ६
- समय सन्दर्भ ३६
- मानवअधिकार सामान्य ज्ञान ४७
- परिचय ४८

यथावत्

अहिलेकै वातावरणमा संविधानसभामा जान सकिन्छ ? के अहिले भयमुक्त वातावरण छ ? निश्चय नै छैन। त्यो नेकपा (माओवादी) कै कारण भय नहटेको हो। हतियार व्यवस्थापन नभएकाले भय नहटेको हो। त्यो व्यवस्थापन भएपछि सबै समस्या हल हुँदै जान्छन्।

के.पी. शर्मा ओली
नेपाल सरकार वरिष्ठ उपप्रधानमन्त्री
नेपाल साप्ताहिक, ०६३ असोज १ गते

पहिला राजनीतिक समाधान, राजनीतिक मुद्दाहरूको फैसला हुनु पर्छ र त्यसैको अभिन्न अङ्गको रूपमा हतियार व्यवस्थापनलाई जोडिनु पर्छ भन्ने हाम्रो मान्यता हो। यसको ठीक विपरित उनीहरू राजनीतिक मुद्दालाई पन्छाएर केवल हतियार व्यवस्थापनको कुरा उठाइरहेका छन्। त्यो भनेको नेकपा (माओवादी) लाई एक्ल्याउने र आत्मसमर्पण गराउने र सिध्याउने षडयन्त्रको एउटा अङ्ग हो भन्ने हामीले बुझेका छौं।

रामबहादुर थापा "बादल"
नेकपा (माओवादी) का वरिष्ठ नेता
जनादेश साप्ताहिक, ०६३ भदौ २७ गते

संविधानसभामा जाने कुरामा सात दलमा कसैको विमति छैन। माओवादीले संविधानसभाको ढ्वाङ् चर्को गरी फुक्दैमा ऊ क्रान्तिकारी हुने र अरु नहुने होइन। आफूसँग भएको हतियारबारे संसारैले प्रश्न उठाएपछि ध्यान अन्यत्र मोड्न चर्का कुरा गर्न थालेको हो। हतियारधारीसँग निशस्त्रले कसरी प्रतिष्पर्धा गर्ने ? हतियारको कुरै टुङ्गो नलागी संविधानसभामा कसरी जाने ?

के.बी. गुरुङ्ग
नेपाली कांग्रेसका महामन्त्री
देशान्तर साप्ताहिक, ०६३ जेठ २१ गते

अहिलेका लागि हतियार व्यवस्थापन भन्दा संविधानसभाको राजनीतिक मुद्दा प्रमुख चुनौती हो। अन्तरिम संविधान र संसदबारे राजनीतिक मुद्दाको छिनोफानो हुनेबित्तिकै हतियार समस्या स्वतः समाधान हुन्छ।

अमीक शेरचन
नेपाल सरकारका कनिष्ठ उपप्रधानमन्त्री
अन्नपूर्ण पोष्ट दैनिक, ०६३ असोज २ गते

कार्टून

साभार : कान्तिपुर दैनिक
०६३ भदौ २७ गते

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?

प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?

कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।

सम्पादक

संविधानसभाबारे साक्षरता

नेपाली लोकले आफ्ना यावत् समस्याहरूबाट त्राण दिने जडी संविधानसभाले आविष्कार गर्ने विश्वास लिएको तथ्य यतिखेर सबैले बुझेकै कुरो हो । तर कनीकुथी दोहोऱ्याइने रहस्यमय मन्त्रजस्तो उपचक्कको चीजका रूपमा यसलाई फलाक्ने प्रवृत्तिले भने धेरै कुराहरू गज्याङ्मज्याङ् भइरहेका पनि छन् । संविधानसभा भनेको के हो, यसका विधि के के हुन् र कसरी यसले जनअपेक्षालाई यसअघि भन्दा राम्ररी समेट्छ भन्नेबारे कुरोकन्थो नहुँदासम्म अन्धाहरूद्वारा वर्णित हात्ती भन्दा यो फरक हुन कसरी सक्ला र ! अनि लोककथाका ब्रह्माको सेखी झार्ने उँटजस्तो हाम्रो संविधानसभा पनि बन्दैन भनेर आश्वस्त हुन कसरी सक्ने !

संविधानसभा देशको प्रमुख कार्यसूची बन्नुमा कसको योगदान कति भन्नेबारे विभिन्न दल र समूहका आ-आफ्ना दाबी तत् तत् स्थानमा छन् । कसका पौरखले यो परिस्थिति आयो भन्ने बारे भोली इतिहासका पुस्तकमा लेख्दा प्रशस्तै तर्क-वितर्क गरिने भएकाले अहिलेलाई जस लिनका लागि पाखुरा सुर्कने काम प्राथमिकतामा पर्नै पर्ने केही देखिँदैन । संविधानसभाको अवधारणालाई सफलतापूर्वक व्यावहारिक टुङ्गोतिर पुऱ्याउनका लागि आवश्यक कामहरू नै अहिले सबैका प्राथमिकतामा पर्नु पर्दछ भन्दा कुनै अर्घेल्याइँ हुँदैन ।

संविधानसभाका पूर्व सर्तहरू के के हुन् भन्ने सवालमा पनि मथिङ्गल खियाउनु नै छ । तर विवादास्पद मुद्दाहरू टुङ्गोमा नपुग्दासम्म जनताचाहिँ पक्क परेर टोलाइरहनु पर्छ भन्ने के छ ? ढिलो/चाँडो संविधानसभा हुने नै परिस्थितिमा त्यसबारे साक्षरता बढाउन अहिलेदेखि नै सुरसार गर्नु पर्दैन ? कसैले पनि केही कुरै बुझेका छैनन् भनेर सार्वभौम, सर्वोच्च र सर्वशक्तिमान जनताको अपमान नगरौँ, तर सबैले सबै कुरा बुझेका छन् भनेर अति सामान्यीकृत निष्कर्षमा पनि नपुगौँ । कस-कसले के के बुझेका छौँ भन्ने थाहा पाउन पनि चर्चा-परिचर्चा हुनै पऱ्यो । नजानेकाले जान्नु पऱ्यो, जानेकाले सिकाउनु पऱ्यो । आफ्ना आफ्ना तरिकाले मात्र जानेकाले अरुले कसरी जानेका रहेछन् थाहा पाउनु पऱ्यो । संविधानसभाका सैद्धान्तिक अवधारणा र व्यावहारिक कठिनाइ सबैबारे व्यापक जनबहस भएर मात्र यो परिणाममुखी हुन्छ । संविधानसभाबारे साक्षरता त्यस क्रमको पहिलो पाइलो हो ।

माओवादीको मौनता

नेकपा (माओवादी) ले जनजीविका, न्याय र समानताको लागि भनेर आन्दोलन गरिरहेको छ। नागरिकको जीवनसँग सम्बन्धित सम्पूर्ण समस्या हलको वैकल्पिक अवधारणाका साथ अगाडि आएको कारण माओवादी आन्दोलनले राजनीतिक आन्दोलनको मान्यता पनि पाएको हो। तर अहिले माओवादीले जम्माजम्मी तीन कुरालाई मात्र अगाडि सारेको छ। (१) गणतन्त्र, (२) अन्तरिम सरकार र (३) संविधानसभा। गणतन्त्रको भ्रूण पलाइसकेको दावी गर्ने माओवादीले राजनीतिक अस्तित्व र तागत उसका विधिसम्मत अधिकारका कारण हुन्छ, व्यक्तिका वैयक्तिक अवधारणाले सारमा फरक पार्दैन भन्ने बुझेको हुनु पर्ने हो। अन्तरिम सरकार किन चाहियो भन्दा संविधानसभा र राजतन्त्र राख्ने वा नराख्नेबारे जनमत संग्रह गर्न भन्ने तर्क अगाडि सारेको छ। यति कुरा मान्ने सरकारका पार्टी वा सरकार प्रमुखसँग सहकार्य गर्न माओवादीलाई आपत्ति छैन। नेपाल अधिराज्यको संविधानले प्रधानमन्त्री बाहेक अरुका लागि सांसद हुनु पर्ने बाध्यता राखेको छैन। छ महिनाको लागि कसैलाई पनि मन्त्री छान्न सकिन्छ। संविधानसभामार्फत् नयाँ संविधान किन लेख्नु पर्ने र जनआन्दोलनका वाहकहरू र निर्वाचनमा उनीहरूले पाएको मत भन्दा संविधानसभाको निर्वाचनमा उनीहरूले पाउने मत कसरी सारभूत रूपमा फरक हुन्छ भन्ने कुरा माओवादीले बताएको छैन। अनि मुख्य कुरा संविधान सच्चाएर नहुने के के छ भनेर पनि प्रष्ट्याएको छैन।

दरबारमा संवैधानिक घेराभित्र बसेको राजतन्त्रलाई देशभरि राजावादी राजनीतिक शक्तिको बीउ रोप्न, जगाउन चलफिर गर्न लगाउने जनमत संग्रह किन चाहिएको हो ? माओवादीले व्याख्या गरेको छैन। संविधानले नै जनतालाई सार्वभौमसत्तासम्पन्न भनेर घोषित गरिसकेपछि त्यससँग बाझ्ने सम्पूर्ण धारा फेर्ने, सच्याउने र त्यति गर्दा पनि नपुगे फेर्ने कुरा गरेको भए धेरैको चित्त बुझ्ने थियो। माओवादीले अघि सारेका यी तीन मागको जनताको सम्मानित जीवनसँग कसरी प्रत्यक्ष सम्बन्ध छ र तीन कुरा पूरा हुनासाथ जे जे कारणले माओवादीले हिंसात्मक आन्दोलन गर्नु पर्‍यो ती कारणहरूको समाधान कसरी हुने भन्ने कुरा पनि बताएका छैनन्।

वास्तवमा बहुदल एउटा राज्य सञ्चालनको प्रणाली हो। व्यवस्थालाई जनपक्षीय बनाउने कुराको निर्णायक तत्व प्रणाली होइन। सामाजिक, आर्थिक सम्बन्धलाई न्यायपूर्ण बनाउने सवाल नै अहम् सवाल हो। सामन्तवादी सामाजिक आर्थिक प्रणालीलाई नफेरी प्रगतिउन्मूख समाज निर्माण गर्न सकिन्न। सामन्तवादी सामाजिक उत्पादन सम्बन्ध फेर्ने काममा हलचल नगर्ने, परिवर्तित नहुने गरी संविधान कहाँ कहाँ बाधक बनेको छ भन्ने कुनै तर्क प्रस्तुत नगरी खाली फेर्ने मात्र कुरा गर्नुको अर्थ कुनै [illegible] समाजको चिन्ता अशान्तिका तमाम कारणहरू समाधान हुन्छन् कि हुँदैनन् भन्ने हो। ती निर्दोष मानिसहरू जसले माओवादी वा सरकारी दमन र प्रताडना खप्नु पर्‍यो, तिनले फेरि त्यस्तै पीडा भोग्नु पर्छ कि पर्दैन भन्ने हो।

बाँच्न पाउने अधिकारको अर्थ सम्मानित जीवन ज्यून पाउने अधिकार हो। स्वतन्त्रताको अर्थ सिर्जनात्मक प्रतिभाको निर्बाध उपयोग गर्न पाउनु हो। यो सम्पूर्ण अधिकारको स्थापना, संरक्षण र विकास स्वतन्त्र मानिसले मात्र गर्न सक्छ। एउटा स्वतन्त्र र सम्पूर्ण मानिसले मात्र अधिकारको लडाइँ लड्न र जित्न सक्छ। सम्पूर्ण मानवताको पहिलो सर्त विचार, संगठन र अभिव्यक्तिको प्रभावकारी अख्तियारीले युक्त मान्छे हो। उत्पादन र वितरण, सरकार र प्रजातन्त्रको अन्तरसम्बन्ध यिनै कुराले प्रमाणित गर्छ। यो अन्तरसम्बन्ध असन्तुलित हुँदा प्रजातन्त्र भीडतन्त्रमा र उन्नति अमानवीयतामा रूपान्तरित हुन्छ। ... नेपाली जनताका यस्ता आधारभूत समस्याका वारेमा देशका सबै राजनीतिक दलहरूले गम्भीर बन्नु पर्छ। व्यावहारिक र उदार समाधान खोज्नु पर्छ र मेरो गोरुको वाह्रै टक्का भन्ने जिद्दी त्याग्नु पर्छ।

(*प्राची*, असोज २०५८, पूर्णाङ्क ३७, पृ. ५–६)

पाठक-पत्र

श्रीमान् सम्पादकज्यू,

चारैतिर शान्तिको सुवास छरिएको बेलामा अन्तरिमकालमा शान्ति प्रक्रियाबारे थुप्रै लेखहरू लिएर आएको रहेछ *प्राची* को पूर्णाङ्क ५९ पनि। आवरण सामग्रीका रूपमा लक्ष्मणदत्त पन्त र केशव सिग्देलका कलमहरूबाट सिर्जित लेखहरू क्रमश: "अन्तरिम कालमा शान्ति प्रक्रिया : केही सैद्धान्तिक चर्चा" र "शान्ति प्रक्रियामा गैसस र नागरिक समाजको भूमिका" मनकै प्यास बढाउने गरी उत्सुकतापूर्ण ठहरिए। भानुभक्त पोखरेलको कविताले हतियारैलाई घोटेर चन्दन बनाइदिने उत्साह स्फूरित भएपछि हिंसात्मक द्वन्द्वपछिको मेलमिलाप प्रक्रियामा हतियारलाई जसरी पनि पहिले नै तह लगाउनु पर्ने तर्क सही लाग्नु थियो, लाग्यो। बालबालिका, महिला, दलित, आदिवासी सबैका सवालले ठाउँ पाउँदा देशका जेठा नागरिक भनिने वृद्धवृद्धाका कुरा छयास्स पनि नछोइएको नमीठो लाग्यो। बालबालिका र वृद्धवृद्धा नै त यस्ता हुन्छन् जसका लागि अरुले ठाउँ ठहर तयार पार्दिनु पर्ने देखिन्छ।

राजेन्द्र क्षेत्री, शङ्करपोखरी, पर्वत

श्रीमान् सम्पादकज्यू,

प्राची पत्रिकाको पूर्णाङ्क ५९ ले शान्ति सृजन हिंसा विसर्जनको सन्देश दिएकोमा धेरै प्रसन्नता भयो। देश वर्षौंदेखिको पीडाबाट मुक्त हुन खोजिरहेको वेला यस्ता सन्देश धेरै सान्दर्भिक देखिन्छ। तर यथावत् स्तम्भमा उद्धृत विचारहरूमा घोत्लिँदा सरकारी पक्ष र माओवादी पक्षको प्राथमिकता अझै पनि फरक फरक देखिएकाले शान्तिको त्यो सन्देशले मूर्त रूप नपाउने पो हो कि भन्न आशङ्का कायम छ। *प्राची* ले शान्तिको पक्षमा निर्भिक आवाज सधैं उठाओस्।

मोहन अधिकारी, अनामनगर, काठमाण्डौ

पेन्सनका लागि क्रान्ति ?

सुबोधराज प्याकुरेल

लोकतन्त्रपछिको स्वतन्त्रतालाई माओवादीले मनपरी गर्ने स्वतन्त्रताको रूपमा दुरूपयोग गरेको छ । मानवअधिकारउपरको ज्यादतीका हिसाबले नब्बे प्रतिशत घटनाहरूमा माओवादी दोषी पाइएको छ ।

अन्धविश्वास र अल्प विश्वास अहिलेको मूल समस्याको रूपमा देखा परेको छ। सातदलका नेताहरूलाई लाग्छ कि उहाँहरूले आफ्नो मनले ठम्याएको निर्णय गरे हुन्छ। माओवादीलाई लागेको छ कि वलपूर्वक र हिंसात्मक शैलीद्वारा नै आफ्नो औचित्य साबित गर्न सकिन्छ। सहमति, समझदारी आदि जे जस्तो नामको समसुक गरे पनि दुवै पक्ष एक अर्काप्रति अल्प विश्वास गर्छन्। सरकारमा बस्नेहरू विदेशीले तर्क गरून् र हामी बोलीमा लोली मिलाउन पाऊँ भन्ने रणनीतिमा वारम्वार अल्झिएको देखा पर्दैछ।

सहमति भएका विषयहरूमा कार्यविधि निरूपण नगर्ने, केवल सम्झौता भएको विषयलाई मात्र उचाल्ने काममा दुवै पक्ष लिप्त छन्। ठोकुवाका साथ भन्न सकिन्छ, दुवै पक्ष आ-आफ्नो रणनीतिक दर्ज्यानीको उन्नतिमा लिप्त छन्। उनीहरूले जनतालाई विर्सेका छन्। कार्यकर्तालाई शिक्षित पार्नुको सट्टा उनीहरूको भावनालाई भड्काउने, उराल्ने काम भइरहेको छ।

शव्दहरूको यति गलत व्याख्या नेपालको लोकतान्त्रिक राजनीतिमा यस अघि कहिले पनि भएको थिएन। नागरिकका मौलिक हक, मानवअधिकार र मानवीय कानुन बारे सबै सहमतिका दस्तावेजहरूमा एक भन्दा वढी ठाउँमा उल्लेख गरिएको छ। तर, नागरिकको सुरक्षाका लागि प्रहरी जाँदैन, जान पाउँदैन। नागरिकले अदालतमा न्याय माग्न पाउँदैन। माओवादी आफै वोक्सी र आफै धामी भएर न्यायको नाममा यातना, जवरजस्ती, आतङ्क र हत्याको काण्ड मच्चाइरहेछ। आफ्नै कब्जामा रहेकालाई मार्ने र जनताको निजी जीवनमा हस्तक्षेप गर्ने प्रवृत्ति नराम्ररी मौलाएको छ। लोकतन्त्रपछिको स्वतन्त्रतालाई माओवादीले मनपरी गर्ने स्वतन्त्रताको रूपमा दुरुपयोग गरेको छ। मानवअधिकारउपरको ज्यादतीका हिसावले नब्बे प्रतिशत घटनाहरूमा माओवादी दोषी पाइएको छ। केन्द्रीय नेताहरूसमेत आफ्नो नयाँ सत्ता भएकोले कारवाही गर्ने अधिकार रहेको दावी गर्छन्। तर सत्ता भनेको जनताको रक्षा गर्न जनताले गठन गर्ने निकाय हो र यसले विधिपूर्वक वनाइएको कानुनअनुसार मात्र काम गर्न पाउँछ भन्ने कुरा उनीहरूले बुझ्नु पर्ने हो। त्यसमाथि मावनअधिकार र मानवीय कानुन मान्छु भनिसकेपछि बाँच्ने अधिकार, यातनावाट मुक्तिको अधिकार, वालवालिकको अधिकार, महिलाको अधिकार लगायत सबै अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको सम्मान गर्नु पर्छ भन्ने पनि वुझ्नु पर्ने हो। कैदी, वन्दीका आधारभूत अधिकार बारे पनि चाल पाउनु पर्ने हो। तर दुईवटा सेना भएकोले दुईवटा राज्यसत्ता छ भन्ने तर्क माओवादी नेताहरू गरिरहेका छन्। यो देशमा अरू कसैले पनि सेनाको जत्था थप्यो भने मुलुकमा तीन, चार वा अनन्त राज्यसत्ता हुन्छ भन्ने गलत निष्कर्षमा पुग्ने टड्कारो खतरा देखिएको छ।

हतियार व्यवस्थापनका लागि संयुक्त राष्ट्रसंघलाई वोलाउने कुरामा दुवै थरिले सहमतिपूर्वक पत्राचार गरे। हतियार व्यवस्थापनको सिद्धान्त स्वीकार नगरी संयुक्त राष्ट्रसंघलाई वोलाइएको नहुनु पर्ने। संयुक्त राष्ट्रसंघको हतियार व्यवस्थापनको सिद्धान्त भन्नाले निशस्त्रीकरण, अपरिचालन र पुर्नएकीकरणको प्याकेज वुझिन्छ भन्ने कुरा दुवै पक्षलाई थाहा नै होला।

राजनीतिक सहमतिद्वारा यस्ता विषयको समाधान खोज्नु पर्ने हो। राजनीतिक सहमतिलाई कार्यान्वयन गर्न प्राविधिक उपायहरू खोज्नु पर्ने हो। प्राविधिक कुरा गरिसक्ने, तर सैद्धान्तिक कुरा नगर्ने, अथवा सैद्धान्तिक सहमति गर्ने तर त्यसको प्राविधिक पक्षको निर्माण नगर्ने कार्य शैलीका कारण पाइलापिच्छे समस्या उत्पन्न भएको छ।

शान्ति जनतालाई चाहिएको हो। जनताले नेता र पार्टीको मूल्याङ्कन तिनको व्यवहारका आधारमा गर्छन्। सिद्धान्तले न पेट भर्छ न त निन्द्रा नै लाग्छ। जनतासँग मतलव नराख्ने, जनतामा हाहाकार मच्चिँदा पनि सिंहदरवारमा रमाउने नेताहरू र नयाँ सत्ताको नाममा घरी घरी नेताहरूले माफ माग्नु पर्ने गरी जनता उपर जाइलाग्ने माओवादी कार्यकर्ताहरूका कारण शान्ति र प्रगति नचाहने तत्वहरूलाई फाइदा पुगिरहेको छ।

राजनीतिक दलहरू कमजोर र वदनाम नभई राष्ट्रियता कमजोर हुँदैन। र, राष्ट्रियता कमजोर नपारी विदेशीले हस्तक्षेप गर्ने वाटो खुल्दैन। दुःखका साथ भन्नुपर्छ कि सातदल र माओवादी दुवै द्रुत गतिले आफूलाई तल तल खस्काउँदै छन्। अर्कालाई धारे हात लगाउनुको कुनै तुक छैन, जव तपाईहरूको व्यवहार नै सराप्न लायक छ।

माओवादीमा लागेका योद्धाहरूलाई भोलिको सन्ततिले सोध्ने छ- "तपाईले आजीवन पेन्सन पाइन्छ भनेर क्रान्ति गर्नु भएको हो ?" भनेर। यो प्रश्न राज्यकोषवाट सुविधा पाएका थाइल्याण्डका कम्युनिष्ट नेताहरूलाई पछिल्लो पुस्ताको तन्नेरीहरूले पत्रिकामार्फत् सोधेका थिए। उनीहरूले जवाफ दिएनन्। माओवादी योद्धाहरूलाई पेन्सन होइन रोजगारीको प्रवन्ध हुन सकोस् र कसैले पनि क्रान्ति गरेवापत पेन्सनर वन्न नपरोस्।

अवतरण

कुन्दन अर्याल

माओवादीले बिर्सिसके आचार संहिता ?

उनी भावुक हुँदै भन्छन्–"हामी एउटा सहयोद्धा ढल्दा मात्र रोएका छैनौं । हामीले मारेको मान्छे ढल्दा पनि रोएका छौं । मैले त्यो मृत्युको खबर सुनेपछि एक छाक छोडें र निदाउन सकिनँ ।" तर यस्ता भावनात्मक अभिव्यक्तिभन्दा पर आगामी दिनमा यस्ता कुकर्म फेरि नदोहोरियोस् भन्ने अभिप्रायकासाथ माओवादीहरूले ठोस कदम चाल्नै पर्दछ ।

माओवादीहरूले हिरासतमा परिणत गरेको त्यो घरबाहिर विहानैदेखि मानिसहरू जम्मा भइरहेका थिए। हतियारधारी माओवादी कार्यकर्ताहरू भन्दै थिए – "आज हामी यसलाई अन्यत्रै लैजाँदै छौं।" तर ताल्चा लगाइएको कोठामा कल्याङ मल्याङकै बीचमा कसैले भेन्टिलेसनबाट चिहायो। तत्कालै चिच्याउँदै त्यो युवक ओर्लियो–"गोरेलाई लास पारिसके छन्।" व्यग्र गाउँवासीहरू एकाएक निर्भय भएर अगाडि सरे। गाउँवासीको आक्रोश देखेर एक हुल माओवादीहरू भागे। तैपनि त्यस दिन गाउँलेहरूले आँट गरेर तेह्र जनालाई पक्रिए। पक्राउ गरिएका सबैलाई त्यही कोठामा थुनियो। त्यसपछि सन्तवहादुरको हत्यालाई माओवादीहरूले बाध्य भएर सार्वजनिक गर्नु पर्‍यो। माओवादीका एक नेताले उसको कार्जाकिरियाका लागि भनेर अलिकति रकम पनि दिए।

यही ०६३ साल भदौ २२ र २६ गते लमजुङमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले एकजना दलित युवक र दलित समुदायकै एकजना बालकको विभत्सतापूर्वक हत्या गरे। केवल पाँच दिनको अन्तरालको घटनाक्रमले रूपान्तरणको क्रममा रहेको दावी गर्ने त्यस पार्टीभित्र अटाएको अपराधी मनोवृत्ति पछिल्लो पटक नराम्रोसँग पर्दाफास गरिदिएको छ। लोकतन्त्रको बहालीपश्चात् पनि माओवादीका तर्फबाट व्यक्त गरिएका प्रतिबद्धताहरू तोडिएका यस्ता उदाहरणहरू देशव्यापी रूपमा देखा परेका छन्। लोकतन्त्र बहालीको एक महिनापछि नेपाल सरकार तथा नेकपा (माओवादी)द्वारा जारी गरिएको पच्चीस बुँदे आचार संहितामा भयमुक्त नागरिक जीवनको सुनिश्चितता शीर्षक अन्तर्गत एउटा बुँदामा प्रष्ट भनिएको छ– "जनसमुदायमा त्रास फैलने गरी सशस्त्र सेनाको परिचालन, प्रदर्शन र प्रयोग नगर्ने।" आचार संहिताको अनुगमन गर्नका लागि एउटा उच्चस्तरीय समिति पनि कार्यरत छ। आचार संहितामा गृहमन्त्री कृष्णप्रसाद सिटौलासँगै माओवादी नेता कृष्णबहादुर महराद्वारा गरिएको हस्ताक्षर आलै छ। तर विचरा आचारसंहिताको जघन्य उल्लंघन पनि भइरहेकै छ। इन्सेकको अभिलेख अनुसार लोकतन्त्र बहालीपछिको तीन सय दिनभित्रको अवधिमा मात्र माओवादीहरूद्वारा एघार जना मारिए।

यसबीच लमजुङ माओवादीहरूको ज्यादतीका कारण समाचारहरूमा छायो। इशानेश्वर गाविस वडा नं. २ मा भदौ २१ गते रातभर माओवादी कार्यकर्ताहरूद्वारा सन्तबहादुरउपर प्रदर्शित बर्बरताको सुरुदेखि अन्त्यसम्मका एकजना प्रत्यक्षदर्शी घटनाको यसरी स्मरण गर्दछन्–"राती ११ बजेतिर म सुत्न ओछ्यानमा पल्टिएँ। तर निन्द्रा कसरी लाग्न सक्थ्यो? मेरो कोठाकै सामुन्नेमा रहेको घरको एउटा कोठामा त्यस युवकलाई निर्घात कुटपिट गरिँदै थियो। भदौ २२ गते राती १.०० बजेसम्म गोरे भनिने सन्तबहादुरलाई निर्घात कुटेको आवाज र ऐय्या,आत्था, मरें जस्ता हृदयस्पर्शी क्रन्दनले पोल्दै थियो ती प्रत्यक्षदर्शीलाई। करिब एक घण्टापछि आवाज बन्द भयो। तर एक्कासी कोही कड्किएको उनले सुने–"ए यो त स्वाङ पो पार्दैछ।" त्यसपछि केही घण्टा जीवन मरणको दोसाँधमा संघर्ष गर्दा गर्दै विहान सबा पाँच बजे इशानेश्वर–१ का सन्तबहादुर विकले अन्तिम स्वास फेरेका थिए।

०६३ भदौ २६ गते, लामा गाउँ, केराबारीको जंगल। एउटा १६ वर्षीय बालक अन्तिम आशाका साथ दौडँदै थियो। उसको सासे फुलेर छाती फुट्ला जस्तो भएको थियो। तर उ जीवनको आशमा दौडदै थियो। भागाभागमा उसले भीर पनि देखेन। झण्डै सय मीटर तल ऊ ढुन्मुनियो। अधमरो भएर ढल्यो ऊ हाँडीखोलामा। तर त्यो अवस्थामा पनि माओवादीहरूमा दया जागेन। कुटपिटको क्रम यति बढ्यो कि ऊ क्षणभरमै निर्जीव हुन पुग्यो। त्यसबेला विहानको ९.०० बजेको थियो। लासलाई छेउमै बालुवा र ढुंगाले पुरेर माओवादी कार्यकर्ताहरू त्यहाँबाट हिँडे।

यद्यपि नेकपा मओवादीका जिल्ला सचिवालय सचिव कमरेड प्रताप एक साता पनि नबित्दै दुई दुई जनाको हत्या गरिनु आफ्नो पार्टीका तर्फबाट भएको गल्ती ठान्दछन्। उनी भावुक हुँदै भन्छन्–"हामी एउटा सहयोद्धा ढल्दा मात्र रोएका छैनौं। हामीले मारेको मान्छे ढल्दा पनि रोएका छौं। म त्यो मृत्युको खबर सुनेपछि एक छाक छोडें र निदाउन सकिनँ।" तर यस्ता भावनात्मक अभिव्यक्तिभन्दा पर आगामी दिनमा यस्ता कुकर्म फेरि नदोहोरियोस भन्ने अभिप्रायका साथ माओवादीहरूले ठोस कदम चाल्नै पर्दछ। त्यस्तो ठोस कदम के हुन सक्दछ ? दुवै हत्यामा संलग्न देखिएकाहरूलाई कानुनी कारवाहीका निम्ति प्रशासनमा बुझाएर लमजुङका माओवादीहरूले प्रायश्चित गर्न सक्दछन्।

सोह्र वर्षीय कुमार परियारको हत्याका सम्बन्धमा स्थलगत अध्ययन गरेपश्चात् मानवअधिकारकर्मीहरूले

निष्कर्ष प्रस्तुत गरे – पटक पटक हत्यामा संलग्न हुने आफ्ना कार्यकर्ताहरूलाई नेकपा (माओवादी) लम्जुङले कथित अनुसन्धानको नाममा संरक्षण प्रदान गरेर दण्डहीनतालाई प्रश्रय दिनु हुँदैन। कानुनी कारवाहीका निम्ति दोषीहरुलाई प्रशासनसमक्ष बुझाउनै पर्दछ। त्यसो हुन सक्यो भने मात्र दोषीहरुलाई संरक्षण नदिइएको ठहर्दछ र दण्डहीनताले प्रश्रय पाउँदैन। अपराधलाई कुनै व्यक्ति विशेषको चरित्रभन्दा पर संस्थागत स्वरूप ग्रहण गर्नबाट रोक्ने हो भने माओवादीहरुले निकै गम्भीर हुन सिक्नै पर्दछ।

लमजुङको मओवादी जनसरकार प्रमुख बुद्धिराम तमु घटनामा संलग्न तीनै जना व्यक्तिलाई जनतामाझ सार्वजनिक गरिने आश्वासन दिन्छन्। तर जनतामाझ सार्वजनिक गर्ने भनेको के हो? उनको प्रतिवद्धतालाई लमजुङबासी अर्मूत ठान्दैछन्। केही दिनको अन्तरालमा उही कार्यकर्ताहरूको कब्जामा दोश्रो व्यक्तिले पनि कथित अनुसन्धानका नाममा यातना पाइरहेको थाहा हुँदा हुँदै बुद्धिराम ज्यादती रोक्न किन अग्रसर भएनन् ? यस्तो प्रश्नको उनीसँग कुनै जवाफ छैन। अघिल्लो हत्यामा संलग्न तथाकथित जनमिलिसियाका सेक्सन कमाण्डरलाई पार्टीले कारवाही गरेको भनिएको थियो। उनी कथित क्रान्तिका नाममा दोश्रो हत्यामासमेत कसरी संलग्न हुन सके ?

मारिने दुवैजना दलित समुदायका थिए। उनीहरूको गरीब र दलित अवस्था अनि माओवादीहरूको ज्यादतीकाबीच कुनै अन्तरसम्बन्ध छ कि छैन् ? वर्गयुद्धको नारा दिने माओवादीहरू कुन वर्ग र समुदायको पक्षपोषण गरिरहेका छन्? टापटिपे चोरी वा अरु कुनै कुराको छानबिनका नाममा निमुखा दलित वालक र युवाको हत्या गरेर माओवादी कार्यकर्ताहरूले कुन वर्गप्रतिको प्रेम प्रदर्शन गरेका होलान्? थुप्रै प्रश्नहरूको उत्तर माओवादीहरूसँग छैन। उनीहरू आफ्ना सर्वोच्च कमाण्डरको "मादीको घटनापछि खान र निदाउन सकिनँ" भन्ने 'महानवाणी' कै तर्जमा खास विषयलाई ओझेलमा पार्दै छन् र दण्डहीनतालाई दुरुत्साहित गर्दै छन्। देशव्यापी रूपमा माओवादीहरूले प्रदर्शन गरेको चरित्र यस्तै छ।

यही असोज महिनाको दोश्रो दिन लमजुङ सदरमुकाम वेसीसहर, भित्र सभाकक्षमा माओवादीका जिल्ला नेता प्रताप भन्दै थिए–"हाम्रा कतिपय कमरेडहरूमा आक्रोश मात्रै रहेको स्वीकार गर्दछु। मेरा कमरेडहरूले कुमार परियारद्वारा आत्महत्या गरिएको बताएका छन्। तर पार्टीले त्यसलाई हत्याको रूपमा लिएको छ। उनी भन्दै थिए– "हामी आत्मआलोचना मात्रै गर्ने छैनौं, अपराधीलाई जनताका बीच ल्याउने छौं।" सभाकक्ष वाहिर, इशानेश्वरका एक साक्षर र सचेत व्यक्ति एकजना मानवअधिकारकर्मीसँग दवेको स्वरमा भन्दै थिए– "हाम्रै दवावका कारण सन्तबहादुरको हत्याको घटना उजागर भयो। हामीले गर्दा नै कुमार परियारको हत्याको छानबिन गर्न मानवअधिकारकर्मीहरू गाउँघरसम्मै पुगे। अव हामी त माओवादीको छाता ओढेका अपराधीहरूसँग डराएका छौं।" कार्यक्रम सकिएपछि सभाकक्षको प्राङ्गणमा मानिसहरू झुण्ड झुण्डमा कुराकानी गर्दै थिए। तर सवैको विषयवस्तु करिव–करिव उही थियो। मानवअधिकारकर्मीहरूको प्रतिवेदनमा उल्लेख गरिएका आफ्ना कार्यकर्ताहरूलाई नेकपा (माओवादी) ले साच्चै प्रशासन समक्ष बुझाउला त? साँच्चै माओवादीहरुले पच्चीस बुँदे आचार संहिता सम्झिरहेका छन् त ?

नेकपा (माओवादी) द्वारा चरम शारीरिक यातनापश्चात् हत्या गरिएका गोरे भनिने सन्तबहादुर विकबारे मानवअधिकार सन्धि अनुगमन समन्वय समितिद्वारा भएको स्थलगत अध्ययन-प्रतिवेदनको सारांश

घटनाको स्थलगत अध्ययनअनुसार नेकपा (माओवादी)ले सन्तबहादुर विकलाई चोरीको आरोपमा ०६३ भदौ २१ गते वेलुकी ६.०० बजे लम्जुङ जिल्लाको इशानेश्वर गाविस-१ पैरावनवाट आफ्नो कब्जामा लिई रात भरीको चरम शारीरिक यातनापश्चात् २२ गते विहान हत्या गरेको पाइयो। सामान्य चोरीको आरोपमा सन्तवहादुरलाई यातना दिने क्रममा उनको मृत्यु भएको माओवादीले स्वीकार गरेको छ।

माओवादीले सन्तवहादुरलाई कब्जामा लिएकै दिन उनकी श्रीमती, नावालक छोरी, छोरा र भाउजुलाईसमेत उनलाई भेटाइदिने भनी इशानेश्वर गाविस-२ लक्ष्मीवजार लगेको तर भेट नगराइकन नै राती ११.०० बजे फर्काइएको पाइयो। घटनामा माओवादीको उक्त कार्यले मानवअधिकार तथा राष्ट्रिय कानुनको चरम उल्लंघन भएको पाइयो। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ तथा संविधानद्वारा प्रदत्त वाँच्न पाउने अधिकारको पूर्णरूपमा उल्लंघन भएकोछ। क्रूर यातना तथा अन्य अपमान तथा अमानवीय व्यवहार विरुद्धको महासन्धि १९८४ विपरितको कार्य माओवादीवाट भएकोछ। माओवादीले युद्धविरामको अवस्थामा सर्वसाधारणको हत्या गर्नु र शान्ति प्रक्रिया अगाडि वढाउन विभिन्न समयमा सात राजनीतिक दल तथा नेपाल सरकारसँग गरेको सम्झौता र समझदारीको उल्लंघन गरेको छ। सात राजनीतिक दलहरू र नेकपा (माओवादी) वीच २०६२ मंसिर ७ गते भएको १२ वुँदे समझदारी-पत्रको वुँदा नं. ८ मा शान्ति प्रक्रियालाई अघि वढाउने सन्दर्भमा मानवअधिकारका मूल्यमान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिएको छ। यस घटनाबाट सो प्रतिवद्धताकोसमेत पूर्ण रूपमा (ठाडो) उल्लंघन भएको छ। माओवादीले सन्तवहादुरलाई कब्जामा लिएपश्चात् हत्या गरेको घटनाअध्ययनबाट पाइएकोले अव यस्ता कार्यहरू नगरी मानवअधिकार तथा माओवादीले हालसम्म जनाएका मानवअधिकार प्रतिको प्रतिबद्धता, शान्ति सम्झौता र समझदारीको पालना गर्न र कब्जापश्चात् हत्या गर्नेहरूलाई कारवाही गर्न मानवअधिकार सन्धि अनुगमन समन्वय समिति माग गर्दछ। साथै अव आइन्दा यस्ता खालका कङ्गारु अदालत (Kangaroo Court) को प्रयोग बन्द गर्नसमेत माग गर्दछ। माओवादीले यस्ता कार्यहरू नगरी शान्ति स्थापनामा प्रतिवद्ध रहन पनि माग गर्दछ।

संविधानसभा : अवधारणा र अभ्यास

अधिवक्ता लुमासिंह विश्वकर्मा

संविधानसभा संविधान निर्माण गर्ने सभा हो । सार्वभौमसत्ता सम्पन्न जनताले आफैले आफ्नो लागि आफ्ना प्रतिनिधिहरूमार्फत् संविधान निर्माण गर्ने प्रक्रिया, विधि र सिद्धान्त संविधानसभा हो । संविधान निर्माण गर्ने विभिन्न प्रक्रियाहरूमध्ये संविधानसभा पनि एक हो । यो कानुन बनाउने राज्यको अंग भन्दा असाधारण प्रकृतिको हुन्छ । यसले आफ्नो सम्पूर्ण शक्ति जनताबाट प्राप्त गरेको हुन्छ । संविधान निर्माण गर्न संविधानसभा सार्वभौम हुन्छ ।

विषय प्रवेश

दोस्रो जनआन्दोलनको बलमा स्थापित प्रतिनिधिसभाले नेपालको संविधान संविधानसभाबाट निर्माण गर्ने संकल्प प्रस्ताव पारित गऱ्यो। नेपालको सन्दर्भमा संविधानसभाको प्रसंग २००३ सालदेखि नै अगाडि आएको देखिन्छ। श्री ३ पद्म शमशेरले २००३ सालमा वैधानिक सुधारका लागि वैधानिक सुधार समिति (एक प्रकारको संविधानसभा) को प्रस्ताव अगाडि सारेका थिए। जननिर्वाचित र मनोनित सभासदहरू रहेको वैधानिक सुधार समितिले नेपाल सरकार वैधानिक कानुन २००४ बनाएको थियो। २००७ सालमा भारतद्वारा प्रस्ताव गरिएको पाँच सुत्रीय प्रस्तावमध्ये संविधानसभाबाट संविधान निर्माण गर्ने थियो। त्यहि प्रस्तावलाई राजा त्रिभुवन र राणाहरूले स्वागत गरी नयाँ संविधान निर्माण नहँदासम्मका लागि अन्तरिम शासन विधान तयार गरी लागू गरिएको थियो।

त्यस बेलादेखि उठेको संविधानसभाबाट संविधान निर्माण गर्ने आवाज समयक्रममा छायामा पर्दै गएको थियो। माओवादीले संविधानसभाको निर्वाचन गरी संविधान निर्माण गरिनु पर्दछ भन्ने माग राखेपछि यो माग पुनः चर्चामा आएको हो। सात राजनीतिक दल र माओवादीबीच सहमति भई लोकतान्त्रिक जनआन्दोलनले पनि यसलाई देशको प्रमुख कार्यसूचीमा राखेपछि देश यतिखेर संविधानसभाको सङ्घारमा उभिएको छ। यद्यपि संविधानसभा र यसका विभिन्न पक्षहरूवारे जनतालाई यथोचित जानकारी हुन सकेको छैन।

संविधान

संविधान देशको मूल कानुन हो। कुनै पनि राज्य संविधानवेगर सञ्चालन हुन सक्दैन। संविधानमा राज्यका अंगहरूको शक्तिको बाँडफाँड र तिनीहरू बीचको नियन्त्रण र सन्तुलन तथा राज्यको स्रोतको वितरणको स्पष्ट रूपरेखा तयार गर्नुपर्ने हुन्छ। सो बिना राज्य सञ्चालन हुन सक्दैन। त्यसरी बनाइने संविधान जनताको इच्छा आकांक्षा बमोजिम बनाइनु पर्दछ। संविधानमा जनताको इच्छाको प्रकटीकरण हुनु पर्दछ। जनता आफ्नो इच्छाबमोजिम मात्र शासित हुन चाहन्छन्।

संविधान निर्माण प्रक्रियामा सबै तह र तप्काका जनताको सहभागिता हुनु पर्दछ। साथै जनभावना संविधानमा प्रतिविम्वित हुनु पर्दछ। अन्यथा संविधानले जनताको समर्थन पाउँदैन।

संविधान निर्माण गर्दा विभिन्न

प्रक्रियाहरू अपनाइएको पाइन्छ। शासनसत्ता बहुमत र पहुँच हुनेहरूले स्वयम् वा तीद्वारा बनाइएको समिति, आयोगद्वारा संविधान निर्माण गर्ने प्रक्रिया नेपालका अधिल्ला संविधानहरूको निर्माण गर्दा अपनाइएको थियो।

उदाहरणका लागि, नेपाल सरकारको वैधानिक कानुन २००४ तत्कालीन श्री ३ महाराजले सुप्रिम कमान्डर-इन-चिफको हैसियतमा जारी गरेका थिए। नेपालमा २०१५ सालको संविधान भगवतीप्रसाद सिंहको अध्यक्षतामा गठित संविधान मस्यौदा आयोगले तयार पारेको थियो। राजा नै सार्वभौमसत्तासम्पन्न शक्तिको स्रोत मानिएको उक्त संविधानलाई पछि राजाले नै खारेज गरी ०१९ पुस १.गते निर्दलीय पञ्चायती संविधान लागू गरेको घोषणा गरेका थिए। जनआन्दोलन प्रथम ०४६ पछि नेपाली कांग्रेस, वाममोर्चा र दरबारको त्रिपक्षीय सम्झौताबाट बनेको सरकारले विश्वनाथ उपाध्यायको अध्यक्षतामा गठन गरेको संविधान सुझाव आयोगले सिफारिस गरेको मस्यौदा अनुरूप नेपाल अधिराज्यको संविधान २०४७ जारी गरिएको थियो। ऐतिहासिक जनआन्दोलनको बलमा बनेको हुनाले ०४७ सालको संविधान तुलनातमक रूपमा बढी प्रजातान्त्रिक भए तापनि निर्माण प्रक्रियामा प्रत्यक्ष एवं व्यापक जनसहभागिता भने थिएन। त्यसैले जनताले यसमा अपनत्वको अनुभूति गर्न सकेनन् भन्ने मानिएको छ।

शासनमा हुनेहरूले निर्माण गर्ने संविधान तथा विशेष गरी निरंकुशहरूले देश र जनताका नाममा दिने संविधान अप्रत्यक्ष प्रक्रियाले बनाइन्छन्। निरंकुशहरूले निर्माण गरेको संविधानबाहेकका अन्य जनपक्षीय भनेर बनाइएका संविधानमा पनि यदि जनताको प्रत्यक्ष सहभागिता नभएमा ती संविधानहरूप्रति जनताको आफ्नोपन हुनै पर्दछ भन्ने हुँदैन। यसको प्रत्यक्ष उदाहरण नेपाल अधिराज्यको संविधान २०४७ रहेको छ। त्यसैले जनताको अधिकाधिक सहभागितामा संविधान निर्माण गरिनु आवश्यक ठानिएको हो। त्यसो गर्नका लागि अपनाइने संविधान निर्माणको प्रक्रिया संविधानसभा हो। संविधानसभाको नाममा जनताको नाममात्रको सहभागिताले संविधानसभाको उद्देश्य पूरा हुन सक्दैन।

संविधानसभा

संविधानसभा संविधान निर्माण गर्ने सभा हो। सार्वभौमसत्ता सम्पन्न जनता आफैले आफ्नो लागि आफ्ना प्रतिनिधिहरूमार्फत् संविधान निर्माण गर्ने प्रक्रिया, विधि र सिद्धान्त संविधानसभा हो। संविधान निर्माण गर्ने विभिन्न प्रक्रियाहरूमध्ये संविधानसभा पनि एक हो। यो कानुन बनाउने राज्यको अंग भन्दा असाधारण प्रकृतिको हुन्छ। यसले आफ्नो सम्पूर्ण शक्ति जनताबाट प्राप्त गरेको हुन्छ। संविधान निर्माण गर्न संविधानसभा सार्वभौम हुन्छ। यसले संविधान निर्माण गर्दा सार्वभौम अधिकार प्रयोग गर्दछ। यो संविधान निर्माणको साधन मात्र हो, साध्य होइन। संविधानसभा संविधान निर्माण गर्नका लागि गठन गरिन्छ। संविधानसभाको पहिलो प्रयोग फ्रान्समा सन् १७८९ मा गरिएको थियो।

यो निश्चित समयका लागि गठन गरिएको हुन्छ। संविधान निर्माण गरी जनतावाट अनुमोदन गराएपछि यसको कार्य समाप्त हुन्छ। भारत, पाकिस्तानलगायतका देशहरूमा नयाँ संसदको गठन नहुँदासम्मका लागि संविधानसभा संसदमा परिणत गरिएको थियो।

संविधान निर्माण गर्ने अन्य विधिहरू भन्दा संविधानसभाबाट संविधान निर्माण गर्दा जनताको सहभागिता हुने भएकाले यसलाई उत्तम प्रक्रिया मानिन्छ। संविधान निर्माण गर्ने अन्य विधिहरू विशेषज्ञताको हिसाबले उपयुक्त देखिए पनि जनताका भावनाहरूको उचित प्रतिनिधित्व हुन नसक्ने भएको हुनाले पनि संविधानसभाबाट संविधान निर्माण गर्ने गरिन्छ। संविधानसभाद्वारा संविधान निर्माण गर्दा सबै जातजाति वर्ग समुदायको प्रतिनिधित्व अनिवार्य रहन्छ। संविधानसभामा जनताको प्रत्यक्ष सहभागिता हुनु पर्दछ। प्रत्यक्ष सहभागिताको अनुभूति जनताले गर्न पाउने तरीकाको संविधानसभा हुनु पर्दछ।

कुनै पनि देशमा एक समयमा बनाइएको संविधानले परिवर्तित समयमा जनताको भावनालाई समेट्न सक्दैन । त्यसैले समयको परिवर्तन बमोजिम जनभावना समेट्ने संविधान निर्माण गर्नु पर्दछ ।

संविधान जनताको इच्छा हो। त्यसैले संविधान मूल कानुन हो। जनता आफ्नो इच्छा बमोजिम मात्र शासित हुन चाहन्छन्। संविधान निर्माण प्रक्रियामा सबै तह र तप्काका जनताको सहभागिता नभई जनभावना संविधानमा प्रतिबिम्बित हुन सक्दैन। जनभावना संविधानमा प्रतिबिम्बित गराउनका लागि संविधानसभाद्वारा संविधान निर्माण गरिन्छ।

संविधानसभा संविधान निर्माणको विभिन्न पक्षका लागि पनि गठन गरिन्छ। संविधानको मस्यौदा गर्न वा भैरहेको संविधानमा संशोधन वा परिवर्तनका लागि पनि गठन गरिएको हुन्छ। संविधानसभा विशेष गरी संविधान निर्माण र अनुमोदनका लागि गठन गरिन्छ।

संविधानसभाको औचित्य

कुनै पनि देशमा एक समयमा बनाइएको संविधानले परिवर्तित समयमा जनताको भावनालाई समेट्न सक्दैन। त्यसैले समयको परिवर्तन बमोजिम जनभावना समेट्ने संविधान निर्माण गर्नु पर्दछ। जब कुनै समयमा निर्माण गरिएको संविधानले जनभावना समेट्न सक्दैन, तब त्यसले जनताको विश्वास गुमाउन पुग्दछ। जनताको विश्वासमा र जनताको इच्छा बमोजिम संविधान बनाउन संविधानसभाको गठन गरिन्छ। संविधानसभाद्वारा संविधान बनाउनुका मुख्यतः निम्नलिखित कारणहरू रहेका छन् :

(क) संविधानमा जनताको स्वामित्वका लागि;

(ख) जनताको इच्छा बमोजिमको शासनका लागि;

(ग) देशमा उत्पन्न संवैधानिक संकटको अन्त्यका लागि;

(घ) जनताको शक्तिले निरंकुशतालाई अन्त्य गर्नका लागि;
(ङ) आन्तरिक विद्रोहको अन्त्यका लागि;
(च) अल्पसंख्यकको बहुसंख्यकमाथि शासनको अन्त्यका लागि;
(छ) शासन सञ्चालन गर्ने राजनीतिक संस्थाहरूले कार्य गर्न नसकेको अवस्थामा पुनः सुचारु बनाउनस
(ज) भैरहेका राज्यका संयन्त्रहरूद्वारा संवैधानिक समाधान गर्न र दिन नसकेको अवस्थामा पुनः संरचित गर्न;
(झ) जनताका हक अधिकारको पूर्ण प्रत्याभूतिका लागि।

नेपाल अधिराज्यको संविधान २०४७ तुलनात्मक रूपमा अन्य देशहरूको दाँजोमा लोकतान्त्रिक भए पनि संविधान निर्माण प्रक्रियामा जनताको सहभागिता नभएको कारण र सबै तह र तप्काका जनताको आवाज समेटिन नसकेका कारण संविधान लागू भएको समय देखि नै विरोधका स्वरहरू उर्लिन थाले, जसको परिणाम द्वन्द्वको सृजना भयो। संविधानप्रति जनताको आफ्नोपन हुन सकेन। त्यसैले संविधान निर्माण प्रक्रियामा जनताको पूर्ण सहभागिता हुनु पर्दछ। यदि संविधान निर्माण प्रक्रियामा जनताको सहभागिता हुन सकेन भने संविधानले आफ्नो मूल कानुनको विशेषता गुमाउँदछ।

संविधानसभाको अवधि र केही अन्तर्राष्ट्रिय अभ्यासहरू

संविधानसभाको समयावधि यति नै हुनु पर्दछ भन्ने छैन। संविधानसभाको समयावधि संविधानसभाको उत्तरदायित्व र अधिकारक्षेत्रको आधारमा निर्धारण हुन्छ। संविधानसभाको अधिकारक्षेत्र यदि संविधान निर्माण गर्ने र आफैले अनुमोदन गर्ने वा संविधान मस्यौदा गर्ने मात्र वा संविधानसभाको गठन भैसकेपश्चात् विभिन्न मस्यौदा समिति बनाउने वा एक आयोग बनाई उसले बनाएको मस्यौदामा छलफलगरी अन्तिम रूप दिई जनतामा अनुमोदनका लागि राख्ने वा अन्य तरीकाको संविधान निर्माण प्रक्रियालाई अवलम्बन गर्ने आदि स्वरूपहरूको आधारमा संविधानसभाको समयावधि निर्धारण हुने गर्दछ।

नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचनबाहेक १४ देखि १८ महिनाको अवधिमा संविधान निर्माणको कार्य सम्पन्न हुन सक्ने देखिन्छ ।

संविधानसभाको समयावधिलाई तीन भागमा विभाजन गरी हेर्न सकिन्छ :
(क) संविधानसभाको निर्वाचनको अवधि;
(ख) संविधानसभाको निर्वाचनपश्चात् मुख्य रूपमा संविधान निर्माणको प्रक्रियाको अवधि र
(ग) निर्मित संविधानको अनुमोदनको अवधि।

फ्रान्समा पहिलो फ्रान्सेली क्रान्तिपश्चात् नेसनल एसेम्बलीबाट नेसनल कन्स्टिच्यूष्ट एसेम्बली सन १७८९ जुलाई ९ मा गठन गरियो र १७९१ सेप्टेम्बर ३० मा विघटन गरियो।

रुसमा सन १९०५ भन्दा अघिदेखि नै क्रान्तिमा संलग्न सबै पार्टीहरूले संविधानसभामाग गरिरहेका थिए। सन १९१७ नोभेम्बर १२ मा संविधानसभाको निर्वाचन भयो। निर्वाचनमा बोल्सेभिक पार्टीले २५% भन्दा कम मत प्राप्त गऱ्यो भने सोसलिष्ट रिभोलुसनरी पार्टीले करिब ५८% र अन्य सोसल डेमोक्र्याटिक गठबन्धन ६२% मत प्राप्त गरेको थिए। उक्त संविधानसभा जनवरी ५, १९१८ का दिन दिउँसो ४ बजे देखि भोलिपल्ट बिहान ५ बजेसम्म करिब १३ घण्टामात्र चलेको थियो। बोल्सेभिक पार्टीले उक्त परिणाम अस्वीकार गरी बोल्सेभिक सरकारले विघटन गरेको थियो।

पाकिस्तानमा संविधान निर्माणका लागि ७३ सदस्य रहेको संविधानसभा गठन भयो। पछि यो संसदमा परिणत भएको थियो। संविधानसभाको पहिलो बैठक १९४७ अगस्त ११ मा बसेको थियो। यसले संविधानको करिव अन्तिम रूप दिने समयमा सन १९५४ अक्टुवर २४ मा विघटन गरियो। अर्को संविधान बनाउन पुनः सन १९५५ मे २८ मा पुनर्गठन गरियो र १९५६ मा नयाँ संविधान घोषणा गरियो। करिब नौ वर्षको समयमा संविधानसभाले संविधान निर्माण गऱ्यो, तर १९५८ मा संविधान खारेज गरी सैनिक शासन लागू भयो।

भारत ब्रिटिस शासनवाट स्वतन्त्र भएपछि ९ डिसेम्वर १९४६ मा संविधानसभा गठन भएको थियो। संविधानसभाले सन १९४९ नोभेम्वर २६ मा संविधान अनुमोदन गरेको थियो। १९५० जनवरी २६ मा संविधान लागू गरियो। त्यहाँ संविधानसभालाई संसदमा परिणत गरिएको थियो। भारतको संविधानसभा जम्मा १६६ दिन कार्य गरी संविधान निर्माण गरेको थियो। संविधानसभा गठन भए देखि अन्तिमसम्म २ वर्ष ११ महिना १८ दिनको समय व्यतीत भएको थियो। भारतीय संविधानसभाको बनावट प्रान्तीय विधानसभा सदस्यहरूबाट निर्वाचनद्वारा गठन गरिएको थियो। भारतीय संविधानसभाको निर्वाचनमा जनसंख्याको समानुपातिक र समुदायहरूलाई आधार बनाई प्रतिनिधिहरूको निर्वाचन गरिएको थियो। ७३ सिटमा विजय प्राप्त गरेको मुस्लिम लिगले संविधानसभामा भाग नलिई पाकिस्तानमा विभाजित भयो।

संविधानसभाको निर्वाचन पश्चात डा. भीमराव अम्बेडकरको अध्यक्षतामा १९४७ अगस्त २९ मा संविधान मस्यौदा समिति गठन गरियो। विभिन्न विषयमा उपसमितिहरू गठन गरी संविधान निर्माण गरिएको थियो।

दक्षिण अफ्रिकामा सन् १९१० देखि १९९४ सम्म अल्पसंख्यक गोरा जातिका मानिसहरूले शासन गरिरहेका थिए। लामो समयको रंगभेद विरुद्ध आन्दोलनपश्चात् सबै जात र रङ्गका मानिसहरूले समान रूपमा भाग लिन पाउने गरी सन् १९९४ मा संसदका लागि प्रथम आमनिर्वाचन सम्पन्न भयो। संसदवाट निर्वाचित सदस्यहरूबाट गठन गरिएको संविधान मस्यौदा समितिले तयार गरेको संविधानलाई सन् १९९७ मा संसदबाट अनुमोदन गरी लागू गरिएको थियो।

नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचन बाहेक १४ देखि १८ महिनाको अवधिमा संविधान निर्माणको कार्य सम्पन्न हुन सक्ने देखिन्छ। तर संविधानसभाको

अवधि लामो बनाउने र लम्ब्याउने प्रयास गर्ने हो भने त्यसको परिणाम जनताको पक्षमा होला भन्नेमा शंका गर्नु पर्ने हुन्छ।

संविधान निर्माणका लागि निर्धारण गर्नु पर्ने मुख्य विषयहरू

संविधानसभाबाट जनताले चाहे बमोजिमको संविधान निर्माण गर्नका लागि मुख्य विषयहरूको निर्धारण अनिवार्य रूपमा गर्नु पर्ने हुन्छ। ती मुख्य विषयहरूको निर्धारणबिना नै संविधान निर्माण गर्न खोज्नु असंभव प्रायः हुन्छ। नेपाल अहिले संक्रमणकालीन अवस्थामा चलिरहेको छ। संक्रमणकालबाट देशलाई गन्तव्यतर्फ लैजानका लागि निम्न मुख्य विषयहरूको निर्धारण गर्नु पर्दछः

(क) अन्तरिम व्यवस्थापन
(ख) संवैधानिक सिद्धान्तहरूको निर्धारण
(ग) संविधानसभाको निर्वाचनको घोषणा र यसको गठन प्रक्रिया
(घ) संविधानको निर्माण प्रक्रिया
(ङ) अनुमोदन र घोषणा

अन्तरिम व्यवस्थापन

देश कहिले पनि शुन्यमा चलाउने प्रयास गरियो भने त्यसले निरंकुशता निम्त्याउँछ। भैरहेको संविधानलाई फाली अर्को संविधानको निर्माण भई लागू नहुँदासम्मका लागि अन्तरिम व्यवस्था अनिवार्य रूपमा गरिनु पर्दछ। अन्यथा फेरि पनि जनताको अधिकार माथि कुठाराघात हुने कार्य हुन्छ। अन्तरिम व्यवस्थापनका लागि अन्तरिम संविधान जतिसक्दो चाँडो निर्माण गर्नु पर्ने हुन्छ। अन्तरिम संविधानले मूलुकको नयाँ संविधान निर्माणको गन्तव्य निर्धारण गर्दछ।

अन्तरिम व्यवस्थान गर्नु जनताको प्राप्त भैरहेका हक अधिकारलाई सुरक्षित गर्दै नयाँ संविधान निर्माण गर्ने प्रत्याभूति हो। अन्तरिम व्यवस्थापनको उद्देश्य भैरहेका सबै शक्तिहरूबीच समन्वय र विश्वासको संवर्द्धन गर्नु पनि हो।

सिद्धान्तः अन्तरिम व्यवस्थापनमा अन्तरिम सरकार, व्यवस्थापिका र संविधान निर्माण गर्ने निकायको व्यवस्थापन गर्ने कार्य पर्दछन्। यसरी अन्तरिम सरकार र व्यवस्थापनमा सबै तह र तप्काका वर्ग समुदाय समावेश हुनु पर्दछ। अन्तरिम समयमा पनि स्वतन्त्र न्यायपालिकाको व्यवस्था हुनु पर्दछ। त्यसै गरी जनताका मानवअधिकारको पूर्ण प्रत्याभूति हुनु पर्दछ। अन्तरिम व्यवस्थापनमा संक्रमणकालिन न्यायको मार्गचित्र र सीमारेखा सहितको फराकिलो रूपरेखा पनि तयार गर्नु पर्दछ। यस्तो कार्य जनताको आन्दोलनको आकांक्षालाई पूरा गर्न र फेरि प्रतिगमन हुनबाट रोक्नका लागि गर्नु पर्दछ।

संवैधानिक सिद्धान्तहरूको निर्धारण

संविधानसभाले संविधान निर्माण गर्दा संवैधानिक सिद्धान्तमा आधारित रहेर बनाउनु पर्ने हुन्छ। संविधानसभालाई कुनै पनि संवैधानिक सिद्धान्तको आधार नदिने हो भने त्यसको गन्तव्य निश्चित हुँदैन। त्यसरी गन्तव्य निश्चित नभएको संविधानसभाले निर्माण गर्ने संविधान जनअपेक्षा सहितको आउन सक्छ भन्न सकिदैन। संवैधानिक सिद्धान्तहरूको निर्धारण विना गठन गरिएका संविधानसभाहरूले संविधान निर्माण गर्न नसकी विघटन भएका उदाहरणहरू अन्य देशका अनुभवबाट देखिन्छन्। त्यसैले देशलाई कुन गन्तव्यमा पुऱ्याउने हो त्यसको आधारमा र प्रजातान्त्रिक संविधानबादको सिद्धान्तको आधारमा संवैधानिक सिद्धान्तहरूको तय गरिनु पर्दछ। तर त्यसका लागि मुलुकको पहिलो गन्तव्य संविधानसभामा जानका लागि अन्तरिम व्यवस्थापन गर्नै पर्ने हुन्छ।

संविधान निर्माणका लागि आवश्यक संवैधानिक सिद्धान्तहरूको निर्धारण गरिसकेपछि मात्र संविधानसभाको घोषणा गर्नु पर्दछ । तर संविधानसभाको घोषणा गर्नुपूर्व संविधानसभाको गठन प्रक्रिया, सभासद्हरूको छनोट र प्रतिनिधित्व, निर्वाचन पद्धतिको निर्धारण नगरी संविधानसभाको निर्वाचनको घोषणा गर्नु अर्थहीन हुन्छ ।

संवैधानिक सिद्धान्तको निर्धारणले जनतालाई अब बन्ने संविधान जन पक्षीय बन्छ भन्ने कुराको प्रत्याभूति हुन्छ। अन्यथा संवैधानिक सिद्धान्तहरूको निर्धारण बिना जनताका अधिकारहरूको संविधानमा प्रत्याभूति हुन सक्छ भन्न सकिदैन। दक्षिण अफ्रिकाको संविधान निर्माण गर्दा पहिले नै संवैधानिक सिद्धान्तहरूको निर्धारण गरिएकाले संविधानसभाले पहिलो पटक तयार गरेको संविधान पहिले निर्धारण गरेका संवैधानिक सिद्धान्तहरूको पालना नभएको भनी अदालतले फैसला गरे पछि पुनः पूरा नभएका संवैधानिक सिद्धान्त बमोजिम संविधान निर्माण भएको थियो। संवैधानिक सिद्धान्तको निर्धारणले जनताका समेटिन नसकेका अधिकारहरू पुनः समावेश गर्ने अवस्था सृजना भयो। अन्यथा संविधानमा नसमेटिएका अधिकारका लागि अर्को संघर्षको सुरुवात हुन्थ्यो। संविधानले सुरुवातमा नै जनताबाट आफ्नोपन र स्वामित्व गुमाउन पुग्दथ्यो।

त्यसैले नेपालको विविधताका स्वरलाई संविधानमा समेटिने कुराको प्रत्याभूतिसहित संवैधानिक सिद्धान्तहरूको निर्धारण गर्नु पर्दछ। त्यसरी निर्धारण गरेका संवैधानिक सिद्धान्तहरू संविधानमा समावेश भए/भएनन् भनी परीक्षण गर्नका लागि एक संवैधानिक अदालतको स्थापना गर्नु पर्दछ।

राजतन्त्रको सम्बन्धमा जनमत संग्रह

संवैधानिक सिद्धान्तहरूको निर्धारण हुने कुराहरू मध्ये नेपालमा राजतन्त्र नै रहने वा गणतन्त्र हुने भन्ने कुराको निर्धारण गर्नु पर्ने हुन्छ। राजतन्त्र रहने वा अबको नेपाल गणतन्त्रात्मक हुने भन्ने कुराको निर्धारणका लागि जनमत संग्रह गर्नु पर्ने हुन्छ। जनमत संग्रह संविधानसभाको निर्वाचन पूर्व वा संविधानसभाको निर्वाचनसँगै गर्न सकिन्छ। त्यो कुरा राजनीतिक सहमतिमा निर्धारण हुने कुरा हो। नेपालमा इटालीमा जस्तो पहिले राजतन्त्रको सम्बन्धमा पहिले जनमत संग्रह गरी त्यसपछि संविधानसभाको निर्वाचन गर्दा आर्थिक भार बढी पर्ने देखिन्छ। तसर्थ संविधानसभाको निर्वाचनसँगै राजतन्त्रको सम्बन्धमा पनि

जनमत संग्रह गर्न सकिन्छ। सैद्धान्तिक रूपले त्यसो गर्दा कुनै फरक नपर्ने देखिन्छ।

संविधानसभाको निर्वाचनको घोषणा र यसको गठन प्रक्रिया

संविधान निर्माणका लागि आवश्यक संवैधानिक सिद्धान्तहरूको निर्धारण गरिसकेपछि मात्र संविधानसभाको घोषणा गर्नु पर्दछ। तर संविधानसभाको घोषणा गर्नुपूर्व संविधानसभाको गठन प्रक्रिया, सभासद्हरूको छनोट र प्रतिनिधित्व, निर्वाचन पद्धतिको निर्धारण नगरी संविधानसभाको निर्वाचनको घोषणा गर्नु अर्थहीन हुन्छ। संविधानसभामा कतिजना सभासद्हरू रहने, त्यसलाई समावेशी कसरी बनाउने, सबै वर्ग समुदायको प्रतिनिधित्वलाई कसरी सुनिश्चित गर्ने, त्यसका लागि निर्वाचन पद्धति कस्तो अपनाउने, प्रत्यक्ष निर्वाचनद्वारा सभासद्हरूको छनोट गर्ने वा अप्रत्यक्ष यी सबै कुराहरूको टुङ्गो लगाइसके पछि संविधानसभाको निर्वाचनको घोषणा गर्नु पर्दछ। त्यसैगरी संविधानसभा एक सदनात्मक वा दुई सदनात्मक हुने भन्ने कुराको पनि निर्धारण भैसकेको हुनु पर्दछ।

नेपालको सन्दर्भमा संविधानसभाको निर्वाचन प्रत्यक्ष रूपमा गरिनु पर्दछ। संविधानसभाको निर्वाचन गर्दा समानुपातिक निर्वाचन पद्धति अपनाउनु पर्ने देखिन्छ। नेपालमा विगतमा भएका सबै निर्वाचन पद्धति र निर्वाचनहरूले देखाएको परिणामहरूले समावेशी नहुनु हो। नेपालमा सृजना भएको द्वन्दको एक प्रमुख कारण मध्ये राज्य संयन्त्र समावेशी नहुनु नै हो। त्यसैले सबै वर्ग समुदायको संविधानसभा समावेशी बनाउनका लागि पनि समानुपातिक निर्वाचन पद्धति अनिवार्य देखिन्छ। नेपालको सन्दर्भमा एक सदनात्मक संविधानसभा प्रभावकारी हुन्छ।

विश्वमा संविधान निर्माणका लागि संविधानसभाका विभिन्न स्वरूपहरू प्रयोग गरिएको पाइन्छ। संविधानसभाको स्वरूप प्रत्येक देशको अवस्था र परिस्थितिमा निर्भर गर्दछ। नेपालको जातीय, धार्मिक, लैङ्गिक लगायतका विविधता र भौगोलिकता तथा जनसंख्याको बनोटका आधारमा संविधानसभाको गठन गरिनु पर्दछ।

संविधानसभाको निर्वाचन निष्पक्ष, स्वच्छ र समावेशी हुनु आवश्यक छ। अहिलेसम्म अवलम्बन गरिएको निर्वाचन प्रणाली समानुपातिक निर्वाचन प्रणली नभएको कारण समावेशी चरित्रको राज्य हुन नसकेको हो। संविधानमा सबै जनताको भावना समावेश गर्न र संविधान प्रति आफ्नोपन र स्वामित्व महसुस गराउन संविधानसभाको निर्वाचन निष्पक्ष, स्वच्छ र समावेशी हुनु अनिवार्य छ।

संविधानसभाको निर्वाचन विगतमा भएका संसदीय तथा स्थानीय निर्वाचन जस्तो हुनु हुँदैन। त्यस्तो निर्वाचनबाट निर्वाचितहरूले बनाएको संविधानमा फेरि पनि जनताको अविश्वास रहन्छ। जब संविधानप्रति अविश्वास पैदा हुन्छ तब फेरि पनि द्वन्दको अवस्था सृजना हुन्छ।

अहिलेको परिस्थितिमा सरकार तथा माओवादी दुवैतर्फबाट हतियारको उचित व्यवस्थापन गर्नु पर्दछ र हतियारको कारण जनतामा कुनै पनि प्रकारको भय र त्रास सृजना गरिनु हुँदैन।

निष्पक्ष तथा स्वच्छ निर्वाचनका निम्न पूर्वसर्तहरू पूरा हुनै पर्दछ :

(क) स्वस्थ प्रतिष्पर्धा;
(ख) मतदाताहरूको समान पहुँच;
(ग) गोप्य मतदान;
(घ) उम्मेदवार तथा मतदाताहरूको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता;
(ङ) सबैको संचारमा पहुँच;
(च) व्यापक जागरणका कार्यक्रमहरूको सञ्चालन;
(छ) उमेदवार तथा मतदाताहरू सबै खाले दबाबबाट मुक्त रहने वातावरण;

निर्वाचनमा जनताको व्यापक सहभागिताका लागि उल्लेखित सर्तहरू प्रत्याभूत हुनै पर्दछ।

संविधानसभाको निर्वाचन विगतमा भएका संसदीय तथा स्थानीय निर्वाचन जस्तो हुनु हुँदैन । त्यस्तो निर्वाचनबाट निर्वाचितहरूले बनाएको संविधानमा फेरि पनि जनताको अविश्वास रहन्छ । जब संविधानप्रति अविश्वास पैदा हुन्छ तब फेरि पनि द्वन्दको अवस्था सृजना हुन्छ ।

सभासद्हरूको छनोट

संविधानसभाको गठन आफैमा जटिल प्रक्रिया हो। संविधान निर्माणमा सबै खाले जनताको सहभागिता आवश्यक पर्दछ। संविधानसभाका सभासद्हरू समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीबाट छनोट गर्नु पर्दछ अन्यथा त्यसले सबै तह र तप्काका जनताको प्रतिनिधित्व गर्न सक्दैन। संविधानसभामा सभासद्हरूको छनोट गर्ने कार्यमा विभिन्न देशहरूको अनुभव फरक फरक छ। संविधानसभाका सभासद्हरूको छनोट प्रक्रियामा निम्न बमोजिमका प्रक्रिया अपनाइएको पाईन्छ:

(क) प्रत्यक्ष निर्वाचनद्वारा (यस्तो संविधानसभाको निर्वाचन केवल क्यानाडामा मात्र प्रयोग गरिएको पाईन्छ);
(ख) संवैधानिक सम्मेलन/भेलाह (अप्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित सभासद्हरू) यो प्रक्रिया संविधानसभाको निर्वाचनमा सबै भन्दा धेरै प्रयोग भएको पाईन्छ। यो प्रक्रिया अमेरिका १७८७, भारत १९४६, जर्मनी १९४८, अष्ट्रेलिया १९७३ मा प्रयोग भएको पाइन्छ।
(ग) सरकारद्वारा गठित संवैधानिक आयोग वा परिषदद्वारा;
(घ) मिश्रित (यसमा केही सभासद्हरू प्रत्यक्ष निर्वाचन प्रणालीबाट निर्वाचित हुन्छन् भने केही अप्रत्यक्ष निर्वाचन प्रणालीबाट। स्पेनमा मिश्रित प्रणाली प्रयोग भएको पाइन्छ।)

संविधानसभाका सर्तहरू

संविधान जनताको इच्छा तथा आकांक्षाको जीवन्त दस्तावेज भएकाले जनताले व्यक्त गरेका अभिमतबमोजिम संविधान निर्माण हुन्छ भन्ने विश्वास दिलाउनु पर्दछ। त्यस्तो विश्वास दिलाउन र जनताको इच्छा विपरित प्रतिगामी संविधान निर्माण हुन नदिन संविधानसभाको सर्तहरू

अनिवार्य रूपमा हुनै पर्दछ। नेपालको सन्दर्भमा ०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई जोगाउँदै अब बन्ने संविधान निर्माणको बाटोमा अग्रसर हुनु पर्दछ। त्यस्ता सर्तहरूको घोषणाबिना नयाँ संविधान निर्माणको प्रक्रियामा जाँदा निरंकुशता जन्मन सक्ने खतरा उत्पन्न हुन्छ। त्यस कारण पनि त्यस्ता सर्तहरूको प्रत्याभूति गरिनु पर्दछ।

नेपालको सन्दर्भमा हेर्दा त्यस्ता केही सर्तहरू २०४७ सालको संविधानमा प्राप्त छन्। ती प्राप्त उपलब्धिहरूको निरन्तरता सहितमात्र नयाँ संविधान निर्माण प्रक्रियामा जानु पर्दछ। त्यस्ता सर्तहरू मध्येका प्रमुख सर्तहरू निम्नानुसार छन्:

(क) कानुनी शासनको सर्वोच्चता;
(ख) स्वतन्त्र न्यायपालिका;
(ग) मानवअधिकारको पूर्ण प्रत्याभूति;
(घ) मौलिक हकको प्रत्याभूति;
(ङ) राज्यका अंगहरूको शक्तिपृथकीकरण एवं तिनीहरूबीचको नियन्त्रण र सन्तुलन;
(च) बहुदलीय शासन प्रणाली;
(छ) अल्पसंख्यकहरूको अधिकारको प्रत्याभूति
(ज) समाजमा रहेका कलंकयुक्त प्रथा परम्पराहरूको उन्मूलन आदि।

यी उल्लेखित सर्तहरूको प्रत्याभूति अब बन्ने संविधानमा हुने घोषणा गर्नु पर्दछ र अन्तरिम संविधानमा पनि प्रत्याभूति हुनै पर्दछ। अन्यथा जनताका अधिकारहरूको प्रत्याभूति हुन्छ भन्ने आधार हुँदैन। यी सर्तहरू संविधानसभाको निर्वाचन पश्चात कसैले निरंकुशतामा जान नपाओस् भन्ने जनताहरूको लागि पूर्वप्रत्याभूति पनि हो। साथै राज्य लोकतान्त्रिक हुनका लागि यी प्रमुख सर्त पनि हुन्।

संविधानसभाका लागि नागरिक चेतना

जनताको सहभागिताबाट संविधान निर्माण गर्नका लागि संविधानको निर्माण कसरी हुँदैछ र त्यसको प्रक्रिया के अपनाइँदैछ भन्ने कुराको यथेष्ट जानकारी जनतालाई दिनु पर्दछ। संविधानसभाबाट संविधान निर्माण गर्ने भनेर मात्र त्यसले जनताको सहभागिता निश्चित गर्न सक्दैन। यसका लागि जनतालाई पूर्ण रूपमा जानकारी दिनु पर्दछ। संविधान निर्माणको प्रक्रिया बारे जनतालाई यथेष्ट जानकारी दिनु संविधान निर्माण प्रक्रियाको सर्त हो।

संविधानसभाको निर्वाचनको घोषणा गर्दा र निर्वाचन हुने अवधि जनतालाई सुसुचित गर्न पर्याप्त हुने तरीकाले संविधानसभाको निर्वाचनको घोषणा गर्नु पर्दछ। त्यो अवधिमा संविधानसभा के हो, यसको निर्वाचन कसरी हुन्छ, जनताको सहभागिता कसरी हुन्छ, संविधानसभामा कतिजना सभासद्हरू हुन्छन्, संविधानसभाबाट संविधानको निर्माण कसरी हुन्छ, संविधानको निर्माण प्रक्रियामा जनता कसरी सहभागि हुन सक्छन् यी लगायतका संविधानसभा र संविधान निर्माण प्रक्रियाका सम्बन्धमा जनतालाई पूर्ण रूपमा जानकारी दिनु पर्दछ। यसरी दिइने जानकारी तथा शिक्षालाई नागरिक शिक्षा (Civic Education) भनिन्छ। जनतालाई संविधानसभा र संविधान निर्माण प्रक्रियाका बारेमा नागरिकहरूलाई त्यस सम्बन्धि शिक्षा दिई सचेत गराउने भएकाले यसलाई नागरिक चेतना पनि भनिन्छ। यसका लागि छुट्टै संयन्त्रको निर्माण गर्नु पर्दछ। *(यस बारे थप चर्चाका लागि हेर्नुहोस्- यसै अङ्कमा समेटिएको लेख "कसरी बढाउने संविधानसभा बारे साक्षरता ?")*

सिद्धान्ततः संविधानसभाबाट निर्मित संविधान निम्न तरीकाले अनुमोदन गर्न सकिन्छ ।

(क) संविधानसभा आफैले निर्माण गरेको संविधान आफैले अनुमोदन गरेर (भारत, दक्षिण अफ्रिका);

(ख) संविधानसभाले निर्माण गरेको संविधान सरकारले अनुमोदन गरेर (जर्मनी);

(ग) संविधानसभाले निर्माण गरेको संविधान जनमतसंग्रह गरेर (स्पेन, अष्ट्रेलिया) ।

संविधानसभाको गठन आफैमा जटिल प्रक्रिया हो । संविधान निर्माणमा सबै खाले जनताको सहभागिता आवश्यक पर्दछ । संविधानसभाका सभासद्हरू समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणालीबाट छनोट गर्नु पर्दछ अन्यथा त्यसले सबै तह र तप्काका जनताको प्रतिनिधित्व गर्न सक्दैन ।

संविधान निर्माण प्रक्रिया र जन-सहभागिता

संविधानसभाको निर्वाचनपश्चात् संविधानसभाको मुख्य काम सुरु हुन्छ। जनताले चाहेजस्तो संविधान बनाउन कुन विधि अपनाउँदा जनताको बढी सहभागिता र छलफल हुन सक्छ, त्यही संविधान निर्माणको विधि अवलम्बन गर्नु पर्दछ। संवैधानिक सिद्धान्तले पनि यही कुरालाई अंगीकार गर्दछ।

संविधानसभाको गठनपश्चात् संविधान निर्माण गर्दा विभिन्न स्वरूपहरू अपनाउने गरिएको विश्वको संवैधानिक इतिहासमा पाइन्छ। ती मध्ये बढी प्रचलनमा रहेका निम्न बमोजिम छन्:

(क) संविधानसभाले नै विभिन्न समिति तथा उपसमितिहरू बनाएर;
(ख) संवैधानिक आयोग बनाएर।

उल्लेखित प्रक्रियामध्ये नेपालमा संविधान निर्माणको पहिलोको प्रक्रियाको अवलम्बन गर्नु उपयुक्त देखिन्छ। यस्तो निर्माण प्रक्रियामा जनताको अधिकाधिक सहभागिता र छलफल हुन सक्दछ। तर यस्तो प्रक्रिया अपनाउँदैमा मात्र जनताको सहभागिता हुँदैन। संविधान निर्माणको संपूर्ण प्रक्रियाका बारेमा जनतालाई शिक्षा दिएर तथा सुसूचित गरेर मात्र पनि संविधान निर्माणको समयमा जनताको अधिकाधिक् सहभागिता हुँदैन। संविधान निर्माणको मुख्य प्रक्रियामा अधिकाधिक जनसहभागिताका लागि जनपरामर्श अत्यधिक मात्रामा गर्नु पर्दछ। जनसहभागिताद्वारा नयाँ बन्ने संविधानमा जनताले आफ्नोपन र स्वामित्व महसुस

गर्नका लागि संविधानका निर्माताहरू प्रत्यक्ष जनता समक्ष पुगि सुझाव संकलन गर्नु पर्दछ। नाम मात्रको जन परामर्श र जनताको सहभागिताले संविधान प्रतिको आफ्नोपन र स्वामित्व कायम गर्न सक्दैन। त्यो केवल ०४७ सालको संविधान निर्माण प्रक्रिया जस्तो मात्र हुन्छ। त्यस्तो जनसहभागिता र परामर्शले संविधानको सफलता र कार्यान्वयन हुन सक्दैन। त्यस पछि फेरी संविधान जलाउने जस्ता कार्यहरूबाट द्वन्दको सुरुवात हुन जान्छ। तसर्थ संविधान निर्माणको प्रक्रियामा प्रभावकारी रूपमा जनसहभागिता र परामर्श गर्नु पर्दछ।

संविधानको परीक्षण

संविधान निर्माणका उपर्युक्त प्रक्रियाहरू पुरा गरी सकेपछि करिब संविधान तयार हुन्छ। त्यसरी निर्माण भएको संविधान जनअपेक्षा को भयो भएन भनी फेरी पनि त्यसको परीक्षण गर्नु पर्ने हुन्छ। संविधानको अन्तिम रूपमा तयार भएको मस्यौदा जनता समक्ष पुनः सार्वजनिक गर्नु पर्दछ। सार्वजनिक गरेको मस्यौदामा आएका संविधानमा राख्नै पर्ने सुझावहरू पुनः समावेश गर्नु पर्दछ। त्यसरी पछिल्लो पटक आएका सुझावहरूलाई समावेश गरी सकेपछि अब त्यो संविधानको मस्यौदामा पहिले तयार गरिएका संवैधानिक सिद्धान्तहरू समावेश भए भएनन् भनी संविधानको संवैधानिकता जाँच गर्न स्थापित गरिएको संवैधानिक अदालतले परीक्षण गर्दछ। त्यसरी परीक्षण गर्दा निर्धारित कुनै संवैधानिक सिद्धान्त समावेश नभएको भए पुनः समावेश गर्न र यदि समावेश भएको भए त्यसलाई अनुमोदनका लागि उपयुक्त भनी निर्णय गरिसकेपछि त्यो संविधान अनुमोदन गर्नु पर्दछ।

संविधानको अनुमोदन

संविधानसभाबाट निर्मित र संवैधानिक अदालतबाट परीक्षण गरी प्रमाणित गरिएको संविधानलाई अन्तिममा अनुमोदन र लागू गर्ने प्रश्न उठ्दछ। विश्वमा संविधानसभाबाट बनाईएका संविधानहरू अनुमोदन र लागू गर्दा

नेपालमा पनि संविधानसभाबाट निर्मित संविधान जनताले नै जनमत संग्रहको माध्यमबाट अनुमोदन गरे पछि लागू गर्दा संविधानमा जनताले आफ्नो र स्वामित्व महसुस गर्ने हुन्छ ।

विभिन्न तरिकाहरू अपनाइएको पाइन्छ। सिद्धान्ततः संविधानसभाबाट निर्मित संविधान निम्न तरीकाले अनुमोदन गर्न सकिन्छ।

(क) संविधानसभा आफैले निर्माण गरेको संविधान आफैले अनुमोदन गरेर (भारत, दक्षिण अफ्रिका);

(ख) संविधानसभाले निर्माण गरेको संविधान सरकारले अनुमोदन गरेर (जर्मन);

(ग) संविधानसभाले निर्माण गरेको संविधान जनमतसंग्रह गरेर (स्पेन, अष्ट्रेलिया)।

नेपाल अधिराज्यको संविधान संवैधानिक आयोगको माध्यमबाट निर्माण गरी राजा तथा तत्कालीन सरकारबाट अनुमोदन भएको थियो। संविधानमा न जनताको प्रत्यक्ष सहभागिता रह्यो, न त जनता आफैले संविधान अनुमोदन गर्ने अवसर पाए। त्यसरी जनताको सहभागिताबिना संविधान निर्माण गर्दा संविधानले जनताको विश्वास पाउँदैन भन्ने स्पष्ट उदाहरण हाम्रो सामु छ। त्यसैले संविधानसभा तथा संविधान निर्माण प्रक्रिया मात्र होइन, बनाइएको संविधान पनि जनअनुमोदित हुनु अनिवार्य छ। त्यसैले नेपालमा पनि संविधानसभाबाट निर्मित संविधान जनताले नै जनमत संग्रहको माध्यमबाट अनुमोदन गरे पछि लागू गर्दा संविधानमा जनताले आफ्नोपन र स्वामित्व महसुस गर्ने हुन्छ। त्यसैगरी संविधान मिच्न खोज्नेहरूलाई पनि जनताले कारवाहि गर्न सक्दछन्।

उपसंहार

संविधान जनताको इच्छा आकांक्षा समेटिएको राजनीतिक कानुनी दस्तावेज भएकाले सबै वर्ग-समुदायका भावनाहरू समेटिनु पर्दछ। संविधानमा सबै तह तप्का वर्ग समुदायका भावना समावेश गर्नका लागि संविधान निर्माणका सबै प्रक्रियामा सबैको समान सहभागिता हुनु पर्दछ।

जनताले प्राप्त गरिसकेका उपलब्धिलाई जोगाउँदै तत्काल अन्तरिम संविधान निर्माण गरी समावेशी अन्तरिम सरकार गठन गरी तत्काल संविधानसभाको निर्वाचन घोषणा गर्नु पर्दछ। संविधानसभाको घोषणा गर्नुपूर्व नै संवैधानिक सिद्धान्तहरू तय गरिनु पर्दछ। त्यसो भएन भने संविधानसभाले जनताले अपेक्षा गरे बमाजिमको संविधान निर्माण हुन सक्दैन।

संविधानसभाको निर्वाचनको घोषणा पूर्व यसको स्वरूप तथा प्रक्रियाको निर्धारण गरिनु पर्दछ।

संविधानसभा र संविधान निर्माणको प्रक्रियाको जनतालाई सुसुचित गराउन नागरिक शिक्षा तथा जागरणको अभियान सञ्चालन र जनपरामर्श र सहभागिता गराईनु पर्दछ।

(लेखक विश्वकर्मा संवैधानिक कानुनमा एलएलएम हुनुहुन्छ ।)

सन्दर्भ सामग्री

आचार्य, भीमार्जुन; *संविधानसभा प्रक्रिया र अनुभवहरू*; काठमाडौं : राष्ट्रिय शान्ति अभियान, २०६३।

क्यानाडा वेस्ट फाउण्डेसन; *रोड म्याप टु कन्स्टिचयुएन्ट एसेम्ब्लीज् अराउण्ड द वर्ल्ड*; यु एन आई, सन् १९९६।

घई, यश; "पाथ टु न्यू कन्स्टिच्युसन"; *द काठमाण्डु पोष्ट*, मे २५, २००६।

टेवकोटा, केशवराज; *नेपालको सन्दर्भमा संविधानसभा र लोकतान्त्रिक गणतन्त्र*; काठमाडौं : जनप्रगतिशील प्रकाशन, २०६३।

रेग्मी, मुकुन्द; *संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७*; काठमाडौं : सीतादेवी रेग्मी, २०६१।

सिवाकोटी, राजीव, रतन भण्डारी र धनेन्द्र के.सी. (सं.); *संविधानसभा र नेपालमा लोकतान्त्रिक गणतन्त्रको दिशा*; काठमाडौं : मधुवन प्रकाशन, २०६३।

नेपालमा संविधानसभाको बहस

जयराम गौतम

नेपालमा संविधानसभाको बहस हुन थालेको आधा शताब्दी भन्दा बढी समय भइसकेको छ । उक्त बहसलाई विभिन्न पाँच चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

अहिले सिंगै मुलुक संविधानसभामय भएको छ। मूलधारका अधिकांश राजनीतिक दलहरू संविधानसभाको निर्वाचनमार्फत् नयाँ संविधान बनाउन प्रतिबद्ध भइसकेका छन्। जसले विगतमा यसको विरोध गरेका थिए, उनीहरूमध्ये अहिलेसम्म कसैले संविधानसभाको निर्वाचनको विरोध गरेको अहिलेसम्म सुनिएको छैन। यो मुद्दा राष्ट्रिय सहमतिको भएको छ। यस्तो आम सहमतिसम्म आइपुग्न मुलुकले अनेक हण्डर र ठक्कर खाएको छ। धेरै नेपालीको रगत बगेको छ र जनताले आफ्नो संविधान आफैं बनाउने सपना साँच्दासाँच्दै धेरै वर्षहरू खर्चिनु परेको छ। एक पटक इतिहास सम्झिने प्रयास गऱ्यौं भने यो प्रक्रियामा आइपुग्न हामीले ढिला गरेछौं भन्ने मात्र लाग्दैन, एउटा राम्रो विचारले कार्यरूप ग्रहण गर्न ढिला गर्ला, तर त्यो मरेर जाँदैन भन्ने पुष्टि पनि गरेको छ।

नेपालमा संविधानसभाको बहसले आधा शताब्दीभन्दा धेरै समय देखिसकेको छ। नेपाली कांग्रेसले निरंकुश जहानीया राणा शासनविरूद्ध जनक्रान्तिको आह्वान गर्दा भविष्यको नेपालमा संविधानसभामार्फत् विधान तर्जुमा गर्ने उद्देश्य राखेको देखिन्छ। राणा प्रधानमन्त्री पद्म शम्शेरले ००३ सालमा वैधानिक सुधारका लागि वैधानिक सुधार समिति (एक प्रकारको संविधानसभा) को प्रस्ताव अगाडि सारेका थिए। १४ जना निर्वाचित र १४ जना मनोनित गरी जम्मा २८ जना सभासद रहने प्रस्ताव गरिएको थियो। सो प्रस्तावबमोजिम ००४ साल जेठ ३ गते वैधानिक सुधार समितिको घोषणा गरिएको थियो। समितिले दुई जना भारतीय विशेषज्ञको सहायतामा निर्दलीय स्वरूपको नेपाल सरकार वैधानिक कानुनको मस्यौदा तयार गऱ्यो। १० महिना लगाएर तयार गरी ००५ साल वैशाख १ गते देखि लागू हुने भन्दै ००४ साल माघ १३ गते त्यसलाई जारी गरिएको थियो। तर राणाहरूको आन्तरिक कलह र बाह्य परिस्थितिका कारण त्यो लागू हुन सकेन।

राजा त्रिभुवन ००७ सालमा भारत निर्वासित भएपछि संविधानसभाको प्रसंग राजा त्रिभुवनसँग जोडियो। राजा त्रिभुवन दिल्ली गएको केही दिनपछि नै राणा सरकारले केशरशम्शेर र विजय शम्शेर सहित आफ्ना दुई जना प्रतिनिधिलाई सम्झौता वार्ता गर्न दिल्ली पठायो। पहिलो वार्ता असफल भएपछि राणा सरकारका प्रतिनिधिहरू काठमाडौं फर्किए। राजा त्रिभुवन र भारतसँग सम्झौता गर्नगएको त्यो प्रतिनिधि मण्डललाई भारतले पाँच सूत्रीय प्रस्ताव राखेको थियो। ती प्रस्तावहरूमा बालिग मतका आधारमा निर्वाचित संविधानसभाले नेपालका लागि संविधान निर्माण गर्ने, राणा प्रधानमन्त्रीका अध्यक्षतामा जनताका प्रतिनिधिसमेत रहेको नयाँ सरकारको गठन गर्ने, श्री ५ त्रिभुवनलाई राजा मान्ने, सबै राजबन्दीहरू रिहा गर्ने र जनतालाई संगठन बनाउन पाउने अधिकार दिने थिए। भारतको यस प्रस्तावलाई पछि राजा त्रिभुवन र राणाद्वारा स्वागत गरियो। दिल्ली सम्झौताका रूपमा चिनिने यी प्रस्तावहरूमा भारत सरकारले उठाएको संविधानसभाको प्रसंगलाई कतिपय मानिसहरू आज पनि संविधानसभाको माग नेपालीहरूको नभएर भारतको भएको तर्क गर्छन्। सम्झौताकै आधारमा तत्कालीन प्रधानमन्त्री मोहन शम्शेरले ००७ साल पुस २४ गते भारदारीसभा र राजसभा बोलाई त्रिभुवनलाई राजा मान्ने प्रस्ताव पारित गराए। यसै सभाद्वारा वैधानिकसभा (संविधानसभाले) तर्जुमा गरेका नयाँ विधान चालु नभएसम्म नेपाल सरकार वैधानिक कानु जारी रहने घोषणा गरियो।

वैशाख १५ गते बसेको प्रतिनिधिसभाको पहिलो बैठकले नै मुलुकमा नयाँ संविधान बनाउन संविधानसभाको निर्वाचन गर्ने संकल्प प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ ।

"देशभरीका सम्पूर्ण बालिगहरूले आम चुनाउद्वारा खडा गरेको एक वैधानिकसभा सकभर शीघ्रतासँग खडा गर्ने। यो उद्देश्य हासिल गर्नका लागि देशका सम्पूर्ण बासिन्दाहरूको जनगणना लिनका निमित्त काम सुरु भएको छ। वैधानिकसभाको चुनाउका निमित्त भोटदाताहरूको फिरिश्त तयार गर्ने काम पनि सकभर चाँडै सुरु गरिनेछ। यद्यपि यो काम नयाँ र कठिन छ तापनि हाम्रो अभ्यन्तरको आशा छ कि वैधानिकसभाले आफ्नो बैठक २००९ सालभित्रै गर्नेछ। यसको मुख्य काम देशको भावी विधान तयार गर्ने हो।" - ००७ साल पुस २४ गते मोहन शमशेर जबराले गरेको घोषणामा उल्लेख गरेको थियो। वैधानिकसभाले तर्जुमा गर्ने नयाँ विधान चालू नभएसम्म ००४ सालको वैधानिक कानुन चालू रहने, तर उक्त घोषणाद्वारा भएका अथवा मन्त्रिमण्डलले गर्ने अदलीबदली सो कानुनका दफाहरूसँग विरोध हुन गएमा नयाँ हेरफेर नै कायम हुने पनि त्यसमा व्यवस्था गरिएको थियो।

मोहन शम्शेरको यो घोषणाको भोलिपल्टै दिल्लीबाट राजा त्रिभुवनले यसलाई स्वागत गरे। पुस २५ गते दिल्लीबाट नै नेपाली जनताका नाममा दिइएको सम्बोधनमा उनले "हाम्रा सरकारले काठमाण्डौमा विधान

सुधारसम्बन्धी घोषणा गरेकोलाई हामी स्वागत गरिबक्सन्छौं। हाम्रो प्यारो र पवित्र मुलुकको सरकारलाई प्रजातन्त्रमा ढाल्ने यो पहिलो र महत्वपूर्ण कदम हो" भनेका थिए।

तर घोषणालगत्तै भारतको गोरखपुरमा बसेको नेपाली काँग्रेसको आकस्मिक बैठकले मोहन शम्सेर राणाको घोषणाको विरोध गऱ्यो। उक्त विरोध घोषणाका अन्तर्वस्तुसँग भन्दा पनि घोषणा गर्ने राणा सरकारको वैधानिकता विरुद्ध थियो। राजाले नेपाली काँग्रेससंग नसोधी मोहन शम्शेरको घोषणा स्वीकार गर्नु उनको गद्दारी हो भन्ने बैठकले ठहर गरेको थियो। पार्टीले सशस्त्र संघर्ष जारी राख्ने निधो गऱ्यो। पछि नेपाली काँग्रेसका नेताहरू वीपी, सुवर्ण र मातृकालाई दिल्लीमा डाकेर माघ १ गते राजाले कुरा गरेपछि एक्कासी काँग्रेसले युद्धविराम गरेको थियो।

राजा त्रिभुवनले ००७ साल फागुन ७ गते जनताद्वारा निर्वाचित वैधानिक सभाले तर्जुमा गरेको गणतान्त्रिक संविधानअनुसार शासन सञ्चालित हुने घोषणा गरे। ".....हाम्रो प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानकोअनुसार होओस् भन्ने अहिले हाम्रो इच्छा र निर्णय भएकाले, औ यो विधान तयार नभएसम्म अहिले हामीलाई हाम्रो कार्यसम्पादन गर्नमा मद्दत र सल्लाह दिनाको निमित्त दुनियाँको विश्वास भएका दुनियाँको प्रतिनिधिहरूसमेत सम्मिलित भएको एक मन्त्रिमण्डलको संगठन होस् भन्ने हामो इच्छा र निर्णय भएकाले" भन्ने व्यहोरा राजाको घोषणामा रहेको पाइन्छ।

राणा र काँग्रेसको संयुक्त सरकारको गठनसँगै चैत २९ गतेदेखि लागू हुने गरी संविधानसभाको निर्वाचन नभएसम्मका लागि भनेर अन्तरिम शासन विधान २००७ जारी गरियो। अन्तरिम विधान सँगसँगै संविधानसभाको निर्वाचन गराउन प्रतिनिधित्व ऐन २००८ निर्माण गरियो। नेपाल सरकार निर्वाचन कमिसनको गठन गरियो। तर पनि नेपालमा दिल्ली सम्झौता विरोधी आन्दोलन भने भइनै रहे। नेपाल कम्युनिष्ट पार्टीको ००८ साल असोजमा कलकत्तामा भएको प्रथम सम्मेलनले दिल्ली सम्झौताको घोर विरोध गर्दै अधुरो क्रान्तिलाई पूरा गर्ने वाटोतिर लाने कार्यनीति पारित गऱ्यो। उक्त कार्यनितिमा अन्तरिम अवधीमा सबै प्रजातान्त्रिक पार्टी, जनवर्गीय संगठनहरूका प्रतिनिधिहरूको एक राजनीतिक सम्मेलन गरी त्यसैप्रति उत्तरदायी हुने मन्त्रिमण्डलको गठन गरी देशमा संविधानसभाको चुनाव सम्पन्न गराउने कुरामा जोड दिइएको थियो।

आफ्नो प्रत्यक्ष शासन फर्काउन राणाहरूले गोरखा दल नामक संस्था खोलेर अगाडि बढे। यसले राणा र काँग्रेसका बीचमा झनै अन्तर्विरोध बढायो। ००८ कार्तिक २० गते सरकारले चलाएको गोलीद्वारा विद्यार्थी नेता चिनियाकाजीको मृत्यु भएपछि राणा र काँग्रेस बीचमा अझै दूरी बढ्न पुग्यो। शक्ति संघर्षकै क्रममा कार्तिक २६ गते अन्तरिम सरकार विघटन भएपछि सबै अधिकार राजाको हातमा पुग्यो। संविधान सभाको निर्वाचन गराउन गठन भएको सरकारको विघटनसँगै निर्वाचन तुहिने अवस्थामा पुग्यो। दीर्घकालीन लक्ष्यको तुलनामा तत्कालीन समस्याहरूमा बढी अल्झिने मानवीय प्रवृत्ति त्यतिबेला पनि देखियो। राजनीतिक शक्तिहरू संविधानसभा भन्दा पनि सरकार गठनमा सरोकार राख्न थाले। राजाले प्रधानमन्त्री र मन्त्रीहरू छान्न थाले। नेपाली काँग्रेसले त्यसबेला वीपीको नेतृत्वमा सरकार गठनको माग गरेको भए पनि राजाले त्यसलाई लत्याए र मातृकाप्रसाद कोइरालाको नेतृत्वमा सरकार बनाए।

नेपाली काँग्रेसले निर्वाचनको माग गर्दै ०११ साल पुस २६ गते सत्याग्रह सुरु गऱ्यो। सत्याग्रहमा वामपन्थीहरू पनि ओर्लिएका थिए। राजा महेन्द्रले निर्वाचन गराउने आश्वासन दिएपछि काँग्रेसले दुई दिनपछि नै सत्याग्रह रोक्यो। राजा महेन्द्र सत्तामा आएपछि उनले संविधानसभाको निर्वाचन गर्ने कुराको चर्चासमेत गरेनन्। उनले दलहरूलाईसमेत सहभागी गराएर एउटा राजनीतिक सम्मेलन दरबरमा बोलाए। उनले ०१४ साल असोज पूर्णिमादेखि आमचुनाव गर्ने घोषणा ०१२ साल साउन २४ गते गरे। विधानसभाबारे भने केही पनि बोलेनन्।

टंकप्रसाद आचार्यको नेतृत्वमा ०१२ साल माघमा नयाँ सरकार गठन भएपछि नेपालमा संविधानसभाको बहस दोस्रो चरणमा प्रवेश गऱ्यो। प्रधानमन्त्री आचार्य संविधानसभा चुनाव विरूद्धमा देखिए भने नेपाली कांग्रेसका नेता वीपी कोइराला प्रधानमन्त्री आचार्यविरूद्ध सर्वोच्च अदालतसमेत पुगे। नेपाली कांग्रेसले संविधानसभाको पक्षमा दिएको दबाबलाई थेग्न राजाले टंकप्रसादको व्यक्तित्वलाई प्रयोग गरेको देखियो। तर नेपाली कांग्रेसले आफ्नो अडान कायमै राखेकाले राजा र प्रधानमन्त्री प्रतिरक्षात्मक अवस्थामा पुगेको देखिन्छ। दलहरूले चुनाव संसदको हैन, विधान सभाको हुनु पर्छ भनेर विरोध गरिरहेका बेलामा राजा महेन्द्रले ०१४ साल असोजदेखि हुने भनिएको आम निर्वाचन हुन नसक्ने अर्को घोषणा गरे। राजाको त्यो घोषणाविरुद्ध नेपाली काँग्रेस, नेपाली राष्ट्रिय काँग्रेस र प्रजापरिषद् सम्मिलित प्रजातान्त्रिक मोर्चाले ०१४ साल मंसिर २२ गतेदेखि फेरि अर्को सत्याग्रह सुरु गऱ्यो। त्यसमा नेपाल कम्युनिष्ट पार्टीलेसमेत समर्थन गर्दै सहभागिता जनायो। सत्याग्रह देशभरी फैलिन थालेपछि राजा महेन्द्रले पुस १ गते नयाँ घोषणा गरेर ०१५ साल फागनु ७ गतेदेखि आम निर्वाचन हुने नयाँ मिति घोषणा गरे। त्यो घोषणालगत्तै काँग्रेसले सत्याग्रह रोक्यो।

यसैबीच निर्वाचित प्रतिनिधिको संविधानसभाको सट्टा "संविधान मस्यौदा कमिसन"द्वारा नयाँ संविधानको मस्यौदा हुने कुरा २०१४ साल माघ १९ गते राजा महेन्द्रबाट घोषणा भयो।

सम्बोधनमा राजा महेन्द्रले भनेका थिए- "देश काल, परिस्थितिलाई विचार गरी वर्तमान अन्तरिम शासन विधानको आधारमा एउटा नयाँ सम्विधानको मसौदा गर्ने कमिशनको व्यवस्था हुनेछ र दरकार हेरी यसलाई मद्दत र सल्लाह दिन विदेशी विशेषज्ञहरू पनि सल्लाहकारमा नियुक्त गरिने छन् र सोही संविधानको आधारमा देशको आम चुनाव अब संसदका लागि गरिनेछ।" उक्त घोषणाले त्यसअघि संविधानसभाको आश्वासन दिइएका सबै घोषणाहरूको औचित्य समाप्त गरिदियो। राजाको नयाँ घोषणालाई कसरी लिने भन्ने बारे राजनीतिक दलहरूभित्र व्यापक बहस भयो।

माघ १९ को घोषणा लगत्तैबसेको काँग्रेस र कम्युनिष्टहरूको अलग अलग वैठकले ००७ सालको अन्तिरिम विधानमा प्राप्त संविधानसभाको ठाउँमा संसदको निर्वाचन हुने घोषणाको आलोचनात्मक

समर्थन गर्दै संसदीय चुनावमा भाग लिने निर्णय गरे। यसरी संविधानसभाको बहसलाई तत्काललाई विश्राम दिइयो।

संविधानसभाको तेस्रो चरणको बहसको उठान भने राजाले निर्वाचित संसदलाई खारेज गर्दै दलहरूलाई प्रतिबन्ध लगाएको घोषणा गरेर सत्तामा हैकम र निरंकुशता लादेपछि भयो। ०१७ साल फागुनमा भारतको दरभंगामा भएको नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय समितिको विस्तारित बैठकमा तीनवटा राजनीतिक "लाइन" देखा परे। संसदीय व्यवस्थाको स्थापना केशरजंग रायमाझीको, विघटित संसदको पुनर्स्थापना पुष्पलाल श्रेष्ठको र संविधानसभाको निर्वाचन मोहनविक्रम सिंहको 'लाइन' रह्यो।

नेपाली काँग्रेसको ०२३ सालमा सम्पन्न केन्द्रीय समितिको बैठकमा पनि संविधानसभाको विषयमा कुरा उठेको थियो। नेकपा (चौम) ले ०४३ सालमा र त्यसका महामन्त्री निर्मल लामाले ०४६ सालमा संविधानसभाको कुरा उठाए पनि उनी संगठित भएको केन्द्रीय समितिले त्यसलाई अस्वीकार गरिदियो। ०४६ सालको ऐतहासिक जनआन्दोलनमा संविधानसभाको निर्वाचनद्वारा जनतालाई आफ्नो संविधान आफैं बनाउने अवसर दिने मुख्य माग गरिएको थिएन। निर्दलीय पञ्चायतविरुद्ध उत्रिएका जनताले माग गरेझैं राजा वीरेन्द्रले बहुदलीय प्रजातन्त्र भने दिएका थिए। ०४६ साल चैत २६ गते राजा वीरेन्द्रको घेषणामा संविधान सुझाव आयोगको सुझाव बमोजिम नयाँ संविधान बनाउने घोषणा थियो : "नेपालको संधिान २०१९ मा रहेको दल विहीन शब्द हटाई तदनुसार समाजका विभिन्न विचारधारा प्रतिबिम्बित हुनेगरी संविधान सुधार सुझाव आयोगले सुझाव लिई प्रतिवेदन जाहेर गर्नेछ।"

नेकपा मसाल, नेकपा मशाल(प्रचण्ड समूह), सर्वहारावादी श्रमिक संगठनलगायतका साना राजनीतिक दलहरूले चैत २६ गतेको त्रिपक्षीय सम्झौता धोका भनी त्यसको व्यापक विरोध गरे। उनीहरूले संविधान सभाको चुनावका लागि अन्तरिम सरकार गठन गर्नु पर्ने माग गरेका थिए। कार्तिक २३ गते नयाँ संविधान जारी भएपछि त्यसविरुद्ध काठमाण्डौलगायतका ठाउँमा प्रदर्शन भएको नयाँ संविधान जलाउने कामसमेत भएको थियो। ०४७ साल कार्तिक २३ गते जारी गरिएको नेपाल अधिराज्यको संविधानको मस्यौदा निर्माणका बखत संविधान सुझाव आयोगमा बसेका सदस्यहरू माधव नेपाल र भरतमोहन अधिकारी (हाल दुवैजना नेकपा एमाले सम्बद्ध)ले छ बुँदे असहमति जनाएका थिए। पछि नेकपा मालेका महासचिव मदन भण्डारीले नेपालको संविधान २०४७ प्रति असहमति राख्दै २७ बुँदे असहमति पत्र प्रस्तुत गरेका थिए। तर ती दुवै असहमतिमा संविधानसभाको कुरा उठाइएको नभई संविधानका अन्तर्वस्तुको समीक्षा मात्र थियो।

नेपालमा संविधानसभाको बहसको चौथो उठान भने नेकपा (माओवादी) को उद्भव र विकाससँग जोडिएको छ। जनयुद्धमा जानुअघि ०५२ साल फागुनमा तत्कालीन संयुक्त जनमोर्चाकातर्फबाट सरकार समक्ष पेश गरिएको ४० सुत्रीय मागमा जनगणतन्त्रात्मक व्यवस्था स्थापनाका निम्ति चुनिएका जनताका प्रतिनिधिहरूद्वारा नयाँ संविधान निर्माण गरिनुपर्ने माग पनि गरिएको थियो। माओवादीले सरकारसँग गरेका पहिलो र दोश्रो वार्तामा नयाँ संविधान निर्माणका लागि संविधान सभामा जानुपर्ने माग गरिएको थियो।

राजा ज्ञानेन्द्रको निरंकुशताविरूद्ध संयुक्त सङ्घर्ष गर्ने क्रममा नेपाल संविधानसभाको बहसको पाँचौं चरणमा पुगेको हो।

सात दल र माओवादीबीच ०६२ साल मंसिर ७ गते सम्पन्न १२ बुँदे समझदारीको दोश्रो बुँदामा संविधानसभा मार्फत पूर्ण लोकतन्त्र स्थापना गरेर देशमा विद्यमान द्वन्द्व समाधान गर्ने लक्ष्य लिइएको थियो। समझदारीको सो बुँदामा भनिएको छ - "आन्दोलनको शक्तिले संसद्को पुर्नस्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्णलोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्ण रूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिवद्ध छन। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीका विषयमा आन्दोलनरत सात राजीतक दल र नेकपा (माओवादी) का बीचमा सम्वाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।" अन्ततः सात दल र माओवादी मिलेर आन्दोलनको आँधिबेहरी सिर्जना गरे पछि राज ज्ञानेन्द्रले २०६३ साल वैशाख ११ गते साझा मार्ग चित्र स्वीकार गर्न बाध्य भएका थिए। उनले सक्रिय शासन छाडेर प्रतिनिधिसभा पुनर्स्थापना गरिदिएपछि संसदमार्फत् संविधानसभामा पुग्ने लक्ष्य देशले लिएको छ। वैशाख १५ गते बसेको प्रतिनिधिसभाको पहिलो बैठकले नै मुलुकमा नयाँ संविधान बनाउन संविधानसभाको निर्वाचन गर्ने संकल्प प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ।

सन्दर्भ सामग्रीहरू

आचार्य, नरहरि; *संविधानसभा-संविधान सभामा जनताको स्वामित्व र अपनत्व*, काठमाण्डौः मूल्यांकन प्रकाशन गृह, २०६२।

आचार्य, भीमार्जुन; *संविधानसभा पक्रिया र अनुभवहरू*; काठमाण्डौ : राष्ट्रिय शान्ति अभियान, २०६३।

गौतम, राजेन्द; *संविधानसभाः स्वरूप र प्रक्रिया*; विराटनगर : विराट प्रकाशन, २०६३।

श्रेष्ठ, पुष्पलाल; *नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास*, काठमाण्डौ : पुष्पलाल स्मृति प्रतिष्ठान, २०५३।

श्रेष्ठ, श्याम; *"संविधानसभा, यसका पूर्वाधारहरू र निर्वाचन विधि"*; गणतन्त्र, वर्ष १, अंक १, असार २०६३।

नेपाल सरकारको वैधानिक कानुन २००४।

अन्तरिम शासन विधान २००७।

राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रका घोषणाहरू।

राणा प्रधानमन्त्री मोहन शम्शेरको घोषणा।

संविधानसभा र जनअपेक्षा

संविधानसभा देशका सबै राजनीतिक शक्ति, सबै वर्ग, तह र तप्काद्वारा स्वीकृत राजनीतिक निकास हो भन्ने तथ्य छर्लङ्ग भएको छ । देशमा विद्यमान सशस्त्र द्वन्द्वका साथै संरचनात्मक कारणहरूले पैदा भएका यावत् समस्याहरूलाई समाधान गरी शान्तिपूर्ण भविष्यको निर्माणका लागि संविधानसभाले योगदान गर्ने विश्वास सबैले लिएका छन् । त्यसका लागि संविधानसभाका पूर्व सर्तहरू के के हुन् ? र संविधानसभाबाट गरिएका प्रमुख अपेक्षाहरू के के हुन् ? प्रस्तुत छ यिनै दुई प्रश्नहरूको सेरोफेरोमा गरिएको कुराकानीको सार–

ईश्वर रौनियार
उदयपुर, ठोक्सिला-७, लालबजार

सरकार र माओवादी दुवैले आ-आफ्नो हठ छाडी हतियार तथा सैनिक संयुक्त राष्ट्रसंघको रोहवरमा व्यवस्थापन गर्नु संविधानसभाको पूर्वसर्त हो। नागरिक समाज, बुद्धिजीवी तथा पत्रकारसमेतको उपस्थितिमा एक संयन्त्र बनाउनु पर्ने आवश्यकता छ।

संविधानसभाबाट हाम्रो मूल अपेक्षा शान्ति नै हो। संविधानसभाले सबै जाति-धर्मलाई उत्तिकै अवसर र स्थान दिने प्रत्याभूति हुनु पर्छ। संघात्मक राज्य भन्दा सबैको प्रतिनिधित्व हुने गरी एउटा सरकार र त्यसको मातहतमा चल्ने अन्य क्षेत्रीय राज्यहरू बनाउनु पर्दछ। राज्यहरू कुनै निश्चित जनजाति र धर्मको आधारमा विभाजन गरिनु हुँदैन। महिलालाई आरक्षण दिने भन्दा पनि उनीहरूलाई पुरुषसँग प्रतिस्पर्धी बनाउने किसिमले शिक्षा दिएर हुन्छ कि, तालिम दिएर हुन्छ, सक्षम तुल्याउने दृष्टिकोण राखिनु पर्दछ।

प्रतिभा पुडासैनी
बौद्ध, काठमाण्डौ

नेपालको वर्तमान राजनीतिक परिवेशमा संविधानसभाको चर्चा परिचर्चा विशेष रूपमा चलिरहेको वेला सविधानसभालाई स्वतन्त्र, निष्पक्ष र समावेशी गराउनका लागि पूर्व सर्तहरूका रूपमा विभिन्न पक्षहरू रहेका छन्। जस्तै : सम्पूर्ण नेपाली जनता भयमुक्त मानसिकतावाट वाहिर निस्किन पर्दछ। उनीहरूले स्वन्त्र रूपमा विचार गर्न र त्यस अनुरूप आफ्नो अभिमत प्रकट गर्न पाउनु पर्दछ। डर र त्रासको वातावरण हुन नदिन सरकार र माओवादी मिल्नु पर्दछ। हतियारको उचित व्यवस्थापन गर्नु सरकार र माओवादीको प्रमुख दायित्व हो। जनतालाई संविधानसभाको महत्वबारे चेतना दिनु आवश्यक छ। जबसम्म सम्पूर्ण नेपाली जनता संविधानसभा भनेको के हो र यो किन आवश्यक छ भन्ने कुराबाट अवगत हुँदैनन्, उनीहरू स्वस्फूर्त रूपमा संविधानसभाको निर्वाचनमा सहभागी हुँदैनन्।

संविधानसभाको स्वतन्त्र र निष्पक्ष निर्वाचन नै सम्पूर्ण नेपाली जनताको पहिलो अपेक्षा भएको हुँदा यो निष्पक्ष र स्वतन्त्र ढंगबाट सम्पन्न हुनुपर्दछ। संविधान सभाले जनताको भावना अनुरूपको संविधानको निर्माण गर्नु आवश्यक छ, जसमा सम्पूर्ण वर्ग, लिङ्ग र जनजातिहरूको आकांक्षाहरू समेटिनु पर्दछ।

बन्धु अधिकारी
कुमारीगाल-७, काठमाण्डौ

संविधानसभाको चुनाव भन्दा पहिले माओवादीको हतियार व्यवस्थापन गर्नुपर्छ र नेपाली सेनाको हतियार पनि कुनै क्याम्प आदिमा अन्तर्राष्ट्रिय संस्थाको निगरानीमा राख्नु पर्दछ। पुरानो चुनावी प्रक्रिया पुरै परिवर्तन हुनु पर्दछ। संयुक्त राष्ट्र संघको निगरानी हुनु पर्दछ। सबै राजनैकि पार्टीले आफ्ना उमेदवारहरूमा महिला, दलित, अपाङ्गलाई समावेश गर्नुपर्दछ।

संविधानसभाबाट लिइएको मूल अपेक्षा भनेको यसले शान्तिपूर्ण रूपमा नेपालमा गणतन्त्रको स्थापना गर्न सफल वनोस् भन्ने नै हो। नयाँ वन्ने संविधानले अन्तर्राष्ट्रिय कानुनका मान्यता पूर्णतः पालना गर्ने, सम्पूर्ण नेपाली बराबर हुने संविधान (जात, लिङ्ग, धर्म आदिमा भेदभाव हुन नदिने कडा कानुन र त्यसको कठोरताका साथ पालना गर्ने संयन्त्र बनाउनु पर्दछ।

निशेद गौतम
गल्फुटार, काठमाण्डौ

सेना र माओवादी दुवैको हतियार सिल गराई संयुक्त राष्ट्रसंघको निगरानीमा सेनाको संख्या र हतियारको अभिलेख राख्ने कार्यले पहिलो प्राथमिकता पाउनु पर्दछ। निश्चित समयावधि तोकी एक राष्ट्रिय प्याकेजको रूपमा संविधानसभामाथि छलफल सुरु गर्नु पर्दछ। राजनीतिक दल, माओवादी, नागरिक समाज, पेसागत संगठनहरू, महिला, बालवालिका, मजदुर आदि समाजका हरेक वर्गबाट सुझावहरू संकलन गरी स्पष्ट निर्देशिका जारी गरी सरकारसमक्ष प्रस्तुत गर्ने क्रम पनि अघि वढ्नु पर्दछ।

संविधानसभा राष्ट्र, जनता र दलहरूको पहिलेदेखिकै चाहना हो। तसर्थ यसलाई जनताको वृहत्तरहितका निमित्त प्रयोगमा ल्याइनु उपयुक्त हुन्छ। संविधानसभाको सवैक्षेत्रलाई समेट्न सक्नु पर्दछ। पहिलेदेखि नै नसुल्झिएका प्रश्नहरू जस्तै, राजा, धर्म, जातजाति, आदिमा स्पष्ट धारणा वन्न सकेमा संविधान सभा फलदायी वन्न सक्दछ। चाहे जनमत संग्रह होस्, चाहे खुला बहस वा संघीय राज्यप्रणाली नै किन नहोस्, यसमा पहिले नै स्पष्ट हुन सकेमा मलाई लाग्छ संविधानसभा वास्तवमै सबै समस्याको एकमात्र समाधान वन्न सक्दछ।

पुनेश कोइराला
झापा

संविधानसभाको चुनावमा सबै तह र तप्काका मानिसको मताधिकार प्रतिनिधित्व र आदिवासी, जनजाति, मधेसी, महिला आदि सम्पूर्णको सुनिश्चित हुनु पर्दछ। संविधानसभा नै अहिलेको अवस्थामा राजनीतिक असुन्तलनलाई सन्तुलन पैदा गर्ने मुख्य वाहक हो। संविधानसभामार्फत् नै देशमा शाति, अमनचैन आउला भन्ने ठूलो अपेक्षा संविधानसभाप्रति रहेको छ।

दीपक न्यौपाने
कौशलटार, भक्तपुर

एकतर्फी भएर नीति नियम बनाउनु भएन र सम्पूर्ण जनताका इच्छा अकांक्षालाई समेट्नु पर्‍यो। जनताको मौलिक अधिकारको ख्याल राखी संविधानसभा गर्नु पर्दछ र यसको प्रक्रिया पारदर्शी हुनु पर्‍यो। संविधानसभा गर्दाखेरी कसैको डर, त्रासबाट नियम बनाउनु भएन।

हाल देशको परिस्थिति अनुसार संविधानसभा नितान्त जरुरी छ। हालको संविधानमा धेरै त्रुटि भएको, राजालाई बढी स्थान भएको, देशमा शान्ति सुरक्षा व्यवस्था कायम गर्न असक्षम भएको र सम्पूर्ण जनताका मौलिक अधिकारको सुरक्षा गर्न नसकेकाले संविधानसभा नितान्त जरुरी छ। अब संविधानसभामार्फत् जनतालाई समान अधिकार राख्ने, देशामा शान्ति सुव्यवस्था गर्ने, सबै जात जातिलाई समान अधिकार दिइने, राजाको अधिकार कटौती गर्ने आदि कुरा समेट्नु छ। अब हुने संविधानसभाबाट सम्पूर्ण जनताको इच्छा अकांक्षा समेट्नु छ। हाल देशको समस्या भनेको हतियार व्यवस्थापन हो यसलाई पनि टुङ्गो लगाउनु छ। त्यतिमात्र नभई सम्पूर्ण सञ्चार माध्यम पूर्ण रूपमा स्वतन्त्र भई सरकारका कमी गल्तीहरू औंल्याउन पाउने छन्। अब हुने संविधानसभाबाट प्रेस सम्बन्धी पनि यस्तो नियम बन्ने अपेक्षा छ कि प्रेसलाई सूचना प्रदान गर्न पनि विरोध आउँदैन। अब हुने संविधानसभाले सम्पूर्ण जातजाति, धर्म, वर्ण, लिङ्ग आदिलाई अधिकार दिनेछ भन्ने आशा छ।

अलिसा नकर्मी
बल्खु, काठमाण्डौ

संविधानसभा समावेशी हुनु पर्दछ। संविधानसभाले यस्तो संविधान बनाओस् जसमा समानता र मानवअधिकारको संरक्षणको प्रत्याभूति होस्। शोषणरहित समाज, महिलाको विशेष सहभागिता, पिछडिएको जातजाति तथा बालअधिकारको प्रत्याभूति हुनु पर्दछ। नि:शुल्क स्वास्थ्य र शिक्षालाई मौलिक हकका रूपमा सुनिश्चित गर्नु पर्दछ।

अनन्त कोइराला
विराटनगर-१, पोखरिया

संविधानसभाको चुनावअगाडि नै माओवादीको हतियार र सेना व्यवस्थापन र नेपाली सेनाको हतियारलाईसमेत अनुगमनमा राख्ने कुराले प्राथमिकता पाउनु पर्दछ।

समान रूपमा, प्रतिष्पर्धात्मक रूपमा सम्पूर्ण समुदायलाई चुनावमा भाग लिने वातावरण सृजना गर्न र सर्वसाधारण जनताले निर्धक्क रूपमा आफ्नो मत दिन सक्ने वातावरण सृजना गर्नको लागि माओवादीलाई निशस्त्रीकरण गर्नु जरूरी छ। साथै सरकारी सेनाको हतियार पनि एक ठाउँमा राख्नु पर्दछ।

पहिला राजतन्त्रको विषयमा जनमत संग्रह गरी त्यसको छिनोफानो भएपछि संविधानसभामा जानुपर्छ। संविधानसभाको निर्वाचनले जनतालाई आफ्नो हक, अधिकार र न्यूनतम मानवीय अधिकारको विषयमा पूर्णत: सुनिश्चितता हुनु पर्दछ। अपाङ्ग जनजाति र गरिब समुदायका जनतालाई पनि समानरूपमा देश विकासको बाटोमा संलगन गराउनु अर्को आवश्यकता हो। आरक्षणको नारा बजाएर त्यसकै पछाडि कुद्नु भन्दा उनीहरूलाई प्रतिष्पर्धात्मक राजनीतिमा समावेश गराउन सक्ने वातावरण सृजना गरिनु आवश्यक छ। जसको लागि शिक्षा न्यूनतम आधार हो। शिक्षामा सबैको पहुँच बनाउने हो भने र सबैलाई समान शिक्षा दिने हो भने आरक्षणको कुरा त्यसै गौण हुन जान्छ। संविधानसभाले मानवअधिकार, प्रेस स्वतन्त्रता र कानुनी शासनको प्रत्याभूति गर्ने छ।

गोपाल थापा मगर
पोखरा, कास्की

संविधानसभा चुनाव गर्ने त भनिएको छ, तर त्यसको तयारी केही देखिँदैन। हामीले पहिले सांसदका लागि भोट हाले भन्दा के फरक हुन्छ भन्ने केही बुझिएको छैन। पहिला त यो कस्तो सभा हो भन्ने नै थाहा पाउन पाए जाति हुन्थ्यो।

संविधानबाट हामी सबैले गरेको आशा त यसले देशमा शान्ति पक्का पार्ला कि भन्ने हो। तर संविधानसभाको चुनावमा गएर देशलाई छुट्टाछुट्टै जातीय राज्य बनाउने भन्ने पनि सुनिन्छ। त्यसैले खै के होला, के होला, अन्योल पो भएको छ।

शर्मिला गुरुङ्ग
गोङ्गबु, काठमाण्डौ

आफू त सानो फुटपाथे पसल राखेर जीविका चलाउनु पर्ने मान्छे, संविधानसभा भनेको बुझेको छैन। कसैले कसैलाई नमारे हुन्थ्यो। बन्द, हडताल पनि नभइदिएर शान्ति भइदिए दु:खजिलो गरी एक पेट खाएर बच्चाहरू पढाउन पाइन्थ्यो कि भन्ने आशा छ। खोइ, संविधान त नेताहरूले बनाऊलान् नि !

लोकबहादुर कुमाल
दमौली, तनहुँ

संविधानसभाको चुनाव भन्दा पहिले नै देशमा सबै जनताले चुनावमा भोट हालन पाउने र सक्ने अवस्था बनाइनु पर्दछ। सात दलको सरकार र माओवादी दुवै पक्षले भयरहित अवस्था बनाउनु पर्छ। कतै भोट हालेको कारण भोलि आक्रमण नगरिनेमा जनतालाई ढुक्क पार्नु पर्दछ।

संविधानसभाबाट हामीले ठूलो आशा लिएका छौं।

संविधानसभा र सार्वजनिक हितको सुरक्षा

अजयभद्र खनाल

जनआन्दोलन द्वितीयको सफलतापछि अहिले हामी संविधानसभाको निर्माणतर्फ उन्मुख भैरहेको अवस्था छ। यस परिस्थितिमा म यस लेखमा संविधानसभासँग सम्बन्धित केही मूलभूत प्रश्नहरू उठाएर, केही सैद्धान्तिक र केही व्यावहारिक तर्क गर्न खोजिरहेको छु। यसको लागि पहिला त अहिलेको अवस्थामा संविधानसभाको औचित्य नै किन छ भन्ने प्रश्न नै एकपल्ट दोहोऱ्याउन आवश्यक छ। हुन त हामी सबैलाई यसको औचित्यबारे खासै द्विविधा नहुनु पर्ने हो। तर संविधानसभासँग सम्बन्धित केही गहन प्रश्नहरूसँग यसको औचित्यको सन्दर्भ पनि गाँसिएको छ। त्यसपछि म मतदाता र जनता दुई फरक अवधारणा हुन् भन्ने मान्यता अगाडि सारेर संविधानसभाको प्रतिनिधित्व र सार्वजनिक हितको सुरक्षा सम्बन्धी केही आधारभूत तगारोहरू तेर्स्याउन चाहन्छु। त्यसपछि नयाँ विश्व व्यवस्थाको परिवेशमा यसको वैधानिकता र सीमा सम्बन्धी केही चर्चा र अन्तमा यस संविधानसभाले के गर्नु पर्छ र कसरी गर्नुपर्दछ भन्ने केही व्यावहारिक कुरा।

संविधानसभाको औचित्य

मेरो विचारमा अहिलेको अवस्थामा तीन प्रमुख कारणले संविधानसभाको औचित्य स्थापित भएको छ। पहिलो त संविधानसभा शान्ति प्रक्रियाको एक अंग हो, किनभने संविधानसभा नै माओवादी आन्दोलनलाई शान्तिपूर्ण तरिकाले अवतरण गराउने एकमात्र रणनैतिक सहमतिको बिन्दु बनेको छ। माओवादीहरूले नै केही समय अघिदेखि संविधानसभाको निर्वाचनलाई शान्तिपूर्ण राजनीतिमा प्रवेश गर्ने प्रवेशबिन्दु वा सर्तका रूपमा उभ्याएका थिए। यथास्थितिवादी राजनीतिक दलहरूलाई संविधानसभाको औचित्य स्वीकार गर्न पछि जनआन्दोलनले मात्र बाध्य पार्न सक्यो। हाम्रो सहमति अनुसार संविधानसभानै जनआन्दोलन द्वितीय प्रतिबिम्बित गर्ने शक्तिशाली संरचना हो। त्यतिन्जेलका लागि यो पुनर्स्थापित प्रतिनिधिसभा र यसद्वारा निर्मित सरकारले नै अन्तरिम सुशासनका प्रक्रिया र विधान तयार गर्ने, माओवादीलाई मुलधारमा ल्याउने प्रयत्न गर्ने र संविधानसभाको निर्वाचन संभव बनाउन द्वन्द्व व्यवस्थापन र निर्वाचन प्रक्रियाका लागि सहमति सिर्जना गर्ने कार्य गरिरहेको छ। त्यसैले पनि जनआन्दोलनको भावना मूर्त भैसकेको अवस्था छैन।

०४७ सालको संविधानले शान्तिपूर्ण र क्रमिक परिवर्तनको ढोका बन्द गरेको थियो। विशेष गरी राजतन्त्र, राज्य संरचना र लोकतन्त्रका विषयमा २०४६ सालको संविधानभित्रैबाट क्रमिक रूपमा भए पनि परिवर्तन संभव नहुने अवस्था थियो। लोकसम्मतिनै संविधानको शक्ति र वैधानिकताको आधार हो। तर राजतन्त्र नै नेपाली आमसमुदायको स्वशासनको अधिकारको बारम्बार भक्षण हुने प्रमुख कारक बनेको अवस्थामा ०४७ सालको संविधानले जनताको अधिकार र आकांक्षा दुवैको संरक्षण र परिपूर्ण गर्न असफल साबित भैसकेको थियो। त्यसैले ०४७ सालका संविधान बनाउँदा नै यसका निर्माताहरूले भविष्यमा आवश्यक राजनीतिक परिवर्तनका लागि क्रान्तिलाई निमन्त्रणा दिइसकेका थिए। आज ०४७ सालको संविधानले वैधानिकता र राजनैतिक शक्ति दुवै गुमाइसकेको अवस्थामा एउटा नयाँ सामाजिक सम्झौताको आवश्यकता छ, जसलाई मूर्त रूप दिने काम संविधानसभाले गर्न सक्दछ।

अमूर्त भावना र मूर्त संरचनाबीचको असामन्जस्यले नै इतिहासलाई धकेलिरहेको हुन्छ। हुन पनि मानिसका चाहना र आकांक्षा अमूर्त रूपमा चेतनभित्र रहेका हुन्छन् र यी भावनालाई मूर्त रूप दिनको लागि बाह्य संसारमा संरचनाहरूको निर्माण गर्नुपर्छ, चाहे त्यो सामाजिक संरचना होस् वा भौतिक। यथास्थितिका राजनीतिक, सामाजिक र संवैधानिक संरचना र समस्त नेपालीको अमूर्त भावनाबीच एउटा ठूलो विभेद रहेको छ र त्यहि विभेदले नै नेपाली इतिहासलाई परिवर्तनतर्फ धकेलिरहेको छ। यसरी जनआन्दोलन द्वितीयले सिर्जना गरेको राजनीतिक तरलताको अवस्थालाई ठोस रूप दिन एउटा वैधानिक रीतिको आवश्यकता छ। हुन त हालको प्रतिनिधिसभाले पनि नयाँ संविधानको घोषणा गर्न सक्दछ। तर त्यस प्रक्रियाले न राजनीतिक संकट समाधान गर्न सक्दछ, न वैधानिकताको श्रोत पनि जनतानै हुन् भन्ने आधारभूत मान्यतालाई स्थापित गराउन। व्यावहारिक रूपमा हेर्दा जनता अथवा जनआन्दोलनको आवाज नयाँ छानिएका जनप्रतिनिधिमार्फत मात्र प्रकट हुन सक्दछ। यस अवस्थामा संविधानसभा नै त्यो राजनीतिक संरचना हो जसले हाम्रो शान्ति, समुन्नति र स्वतन्त्रताको आकांक्षा पूरा गर्नका लागि चाहिने नयाँ संरचनाको निर्माणका लागि खाका बनाउनेछ, अथवा भनौं, संविधानसभाले निर्माण गर्ने खाका नै हाम्रो भविष्य निर्माणको आधार बन्नेछ।

समावेशी प्रतिनिधित्व र सार्वजनिक हितको सुरक्षा

संविधानसभाको प्रश्न सँगसँगै एउटा समस्या पनि आउँछ। त्यो के भने,

हामी प्रायःजसो मतदाताको विचारलाई जनताको हितको मतका रूपमा बुझ्ने गर्दछौं। तर निर्वाचनमा मत दिने मतदाता र एउटा ऐतिहासिक वा समष्टिगत समुदायका रूपमा रहने जनता फरक फरक अवधारणा हुन्। जनता समष्टिगत रूपमा राजकीय सत्ता र वैधानिकताका श्रोत हुन्, तर मतदाताहरू विभिन्न जात जाति, राजनीतिक दर्शन, समूह आदिमा विभाजित हुन्छन् र यी सबैका फरक फरक स्वार्थ र विचारहरू हुन्छन्। साधारण अवस्थामा मतदाताहरू आफ्नो स्थानीय, जातीय र व्यक्तिगत पूर्वाग्रहबाट माथि उठ्छन् भन्ने कल्पना गर्न सकिँदैन। यसको मतलब के भने मतदाताको स्वार्थ र समष्टिगत जनताको स्वार्थ फरक हुन सक्दछ र व्यवहारमा मतदाताको मतले जनताको सार्वजनिक हित प्रतिबिम्बित नगर्न पनि सक्दछन्। तब मतदाता र जनतामा भिन्नता कसरी नहोओस्। प्रतिनिधित्वको प्रश्न यहींबाट सुरु हुन्छ।

त्यसैले संविधानसभाको एउटा मुलभूत व्यावहारिक प्रश्न हो : कसरी मतदाताको मतले सार्वजनिक हितको सुरक्षा गर्ने ? किनभने संविधानले सिद्धान्ततः जनताको भावना र हितको सुरक्षा गर्न खोज्दछ। तर जनता भनेको अमूक, अदृश्य र दीर्घजीवी अवधारणा हो। व्यवहारमा त मतदाताले नै प्रतिनिधि समूह छानेर पठाउँछन् र यस समूहमा नेपाली काँग्रेस, एमाले, माओवादीसहित विभिन्न जनजाति र निहित स्वार्थ बोकेका राजनीतिकर्मी र व्यक्तिहरू नै चुनिन्छन्। त्यो पनि निर्विरोध रूपमा हैन, सबैभन्दा धेरै प्रतिशत मत ल्याएको आधारमा। त्यसैले एउटा सबैभन्दा महत्वपूर्ण प्रश्न, सार्वजनिक हितको रक्षा कसरी गर्ने। संविधानसभालाई नै अन्धाधुन्ध रूपमा सार्वजनिक हितको माध्यम भन्ठान्नु गम्भीर भूल हुन सक्दछ। कसरी संविधानसभा मार्फत सार्वजनिक हितको अथवा समष्टिगत रूपमा जनताको स्वार्थको रक्षा गर्ने त ? यो प्रश्नको निकै ठूलो र दीर्घकालीन महत्व छ।

यहाँ विचारणीय के छ भने, मतदाताले सधैं सही निर्णय गर्दैनन्। हुन त राजनीतिमा के ठीक र के बेठीक भन्ने हुँदैन, जनताले जे निर्णय गरे त्यही ठिक। तर त्यो अवधारणा सधैं लागू हुँदैन। संविधान भनेको दुई-चार वर्षमा परिवर्तन हुने चीज होइन। हुन त यसमा सुधारहरू क्रमिक रूपमा हुनु नै पर्दछ। सिद्धान्तत संविधान भनेको देश, समाज र जनताको व्यवहारलाई डोऱ्याउने दीर्घकालीन सामाजिक सम्झौता हो। तर जब मतदाता र जनतामा भिन्नता छ, तब यहाँ ठीक र बेठीकको प्रश्न पनि सान्दर्भिक हुन्छ। जब मतदाताको मतले सार्वजनिक हितको सुरक्षा गर्दैन, तब त्यसलाई बेठीक मानिनु पर्छ। यहाँनेर महत्वपूर्ण के छ भने, सही निर्णयको लागि सही सूचना र ज्ञानको आवश्यकता पर्छ। यो कुरा सामाजिक चिन्तनको इतिहासमा धेरै अघिदेख उब्जिएको समस्या हो। जर्मनेली दार्शनिक कान्तका अनुसार पनि सार्वजनिक हितका लागि प्रबोधको आवश्यकता पर्दछ, जसका लागि प्रचारको आवश्यकता पर्दछ। प्रचार, अर्थात सत्य पत्ता लगाउन तथा स्वतन्त्र रूपमा सामूहिक नैतिक समूहको निर्माण गर्न विश्व र सामाजिक सम्बन्धका बारे अन्य नागरिकहरूसँग विचार आदानप्रदानको आवश्यकता।

मतदाता संख्या जति धेरै हुन्छ, उनीहरूसम्म सही र आवश्यक सूचना पुऱ्याउन झन् अप्ठेरो हुन्छ। जति सही र रणनैतिक रूपले महत्वपूर्ण सूचनाहरू जनतामा प्रवाहित हुँदैन, जनमत त्यति नै गलत हुन सक्दछ। त्यसैले जनता एउटा अदृश्य तर निकै महत्वपूर्ण समुदाय हो। मतदाताको मत महत्वपूर्ण हुन्छ र लोकतन्त्रमा तिनीहरूलाई नकार्न सकिँदैन, तर मतदाताको मत र जनताको सार्वजनिक स्वार्थ एउटै हुन्छ भन्ने कुनै निश्चितता छैन। पेट्रोलको भाउलाई एउटा उदाहरणका रूपमा मात्र लिन सकिन्छ। सही सूचनाको अभावमा जनता पेट्रोलको भाउ बढाउने पक्षमा छैनन। तर कसरी गरीब जनताको पैसाले धनी कारवालाहरूको स्वार्थ मात्र पूर्ति भैरहेको छ अथवा धनीहरूलाई अनुदान गैरहेको छ भन्ने कुरा लुकेको हुन सक्दछ। यहाँ डिजेलको भाउ यथावत राख्ने कुरा स्वीकार्य हुन सक्दछ, तर पेट्रोल र हवाइ इन्धनको मूल्यसमेत यथावत राख्न हुन्छ हुँदैन भन्नेजस्ता कुरामा निर्णय गर्न सही सूचनाको आवश्यकता पर्दछ।

स्वतन्त्रता र बहुलवाद

यसैले नेपालमा सार्वजनिक स्वार्थको बारेमा सैद्धान्तिक र व्यावहारिक रूपमै बहस आवश्यक छ। यसका लागि जर्ग जिमेलले वर्गीकरण गरेका दुइप्रकारका स्वतन्त्रता प्रस्थानबिन्दु हुन सक्दछन्। पहिलो प्रकारको स्वतन्त्रता त्यस्तो स्वतन्त्रता हो जसले हरेक व्यक्तिमा समान रूपमा रहेको विशिष्ट मानवीय गुणको सम्मान गर्दछ र त्यसलाई समान रूपमा प्रकट हुन मद्दत गर्छ। यो विशिष्ट गुणलाई समाज वा इतिहासले विकृत बनाएको हुन सक्छ वा दबाएर राखेको हुन सक्छ। यस प्रकारको स्वतन्त्रताको चाहनाले समाज र इतिहासलाई नै परिवर्तन गर्न खोज्दछ। अठारौं शताब्दीको युरोपेली प्रबोधयुगले स्थापित गरेको यस मान्यतालाई आजको सन्दर्भमा मानवाधिकार, समानता, प्रेसको स्वतन्त्रता आदि अवधारणाले सुरक्षित गर्न खोजेका छन्।

यसको विपरित १९ औं शताब्दीको स्वतन्त्रताको अवधारणा केही फरक छ। जर्मनेली 'रोमान्टिक' अवधारणाद्वारा प्रभावित यस 'आइडियलिज्म' अन्तर्गत हरेक व्यक्ति, जो ऐतिहासिक जन्जीरबाट मुक्त भएका छन्, उनीहरू आफूलाई एक अर्काबाट भिन्न रूपमा चिनाउन चाहन्छन्। अब साधारण मानवका रूपमा मात्र नभएर, उनीहरू विशिष्ट गुण बोकेका, र अरुद्वारा प्रतिस्थापन गर्न नमिल्ने मानिसका रूपमा चिनिन चाहन्छन्। एउटा दलितले आत्मसम्मान खोज्नु वा कुनै एउटा जनजाति वा प्रदेशले ले अन्यबाट सम्मान र अधिकार खोज्नु आज कुनै नौलो प्रवृत्ति होइन। यस सन्दर्भमा एकातिर अधिकार र सामाजिक समताको प्रश्न छ भने अर्कोतिर स्वाभिमान र सामाजिक स्वीकृतिको। यसरी पहिलो स्वतन्त्रताको अवधारणाले समानता खोज्छ भने दोश्रो स्वतन्त्रताको अवधारणाले भिन्नता।

यो दोश्रो अवधारणा बहुलवादी समाजसँग सम्बन्धित छ, जसअर्न्तगत हरेक व्यक्ति अथवा समुदाय फरक ढंगले आफ्नो पहिचान बनाउन स्वतन्त्र हुन्छ। समावेशी लोकतन्त्रको मूल आधार व्यक्ति वा समूहको स्वअस्तित्वको पहिचान र श्रोत व्यवस्थापन, शक्तिको प्रयोग आदि विषयमा

सहभागिताको अधिकार हो। स्वअस्तित्व स्वीकार गर्नु नै समावेशी लोकतन्त्र र बहुलवादी समाजको मूलआधार हो। पन्चायतमा झैं कसैको जातीय वा धार्मिक पहिचानलाई कुल्चिएर अनुशासन र विकासको कुरा गर्नु आज अमानवीय बनेको छ। राजनीतिक, धार्मिक र नातासम्बन्धका ससाना सामाजिक संरचनाहरूले अरुलाई मानवकै रूपमा देखे पनि फरक फरक पहिचान र आवश्यकता बोकेका अलग व्यक्तित्वका रूपमा विकसित हुन दिदैनन्। विशेष गरी साम्यवादी, अधिनायकवादी, पुरातनवादी वा धार्मिक व्यवस्थाहरूमा यस प्रकारका अवरोधहरू खडा गरिन्छन्। हरेक व्यक्ति वा समुदायले आफ्नो फरक पहिचान बनाउन पाउनु र त्यसलाई अरुले स्वीकार गर्नु नै बहुलवादी व्यवस्थाको विशेषता हो। समावेशी प्रतिनिधित्वको मूल मर्म पनि यहीँ लुकेको छ। त्यो के भने, संविधानले पहिलाजस्तो कुनै एउटा वर्ग वा समुदायकोमात्र हित प्रतिबिम्बित गर्न हुँदैन। यसले एकातिर सार्वजनिक स्वार्थको रक्षा गर्नुपर्छ भने अर्कोतर्फ अल्पमतमा रहेका भाषिक र जनजातिय समुदायहरूको स्वतन्त्रताको पनि सम्मान गर्नुपर्दछ। यो सम्मान गर्ने एउटा तरिका संविधानसभामा उचित प्रतिनिधित्व पनि हो।

स्वतन्त्रताका यी दुई अवधारणाबाट सार्वजनिक हितको अवधारणासम्म फड्को मार्न त्यति सजिलो भने छैन। यसका लागि विभिन्न विषयमा सार्वजनिक बहसको थालनी गर्नु र के ठीक के बेठीक भनेर खुट्याउनु पर्ने आवश्यकता छ। यसरी सही सूचनाको प्रवाह गर्ने र सतही भाषण र सतही प्रतिबद्धताको पर्दाफास गर्ने जिम्मेवारी पनि गहिरो छ। उदाहरणका लागि जातीय स्वायत्तता, भाषिक व्यवस्था, राज्यको संरचना, व्यक्तिगत अधिकारको सुरक्षा, सरकार र संसदबीचको सम्बन्ध, अधिकार दुरुपयोगसम्बन्धी व्यवस्था, सार्वजनिक श्रोत माथि अधिकारको व्यवस्था, निजीकरणको हदसम्बन्धी व्यवस्था, पूंजीवाद र श्रमसम्बन्धी व्यवस्था, बजार व्यवस्थापन र विश्व व्यापारसम्बन्धी व्यवस्था आदि। यी र अन्य विषयवस्तु नै सामाजिक द्वन्द्वका प्रमुख कारणहरू हुन् र यी समस्याहरूको सैद्धान्तिक र व्यावहारिक रूपमा टुङ्गो लगाउन सक्ने उचित व्यवस्था र संरचना हामीलाई आवश्यक छ। भविष्यको द्वन्द्व यिनै विषयमा केन्द्रित हुनेछन्, र संविधानसभाको माध्यमबाट हामीले यिनको टुङ्गो लगाउन सकेनौं भने चाँडै नै फेरि एउटा नितान्त अलग प्रकृतिको द्वन्द्वको पुनरुत्थान हुनेछ र सामाजिक सुव्यवस्था धराशायी हुनेछ। यसको लागि निर्णय गर्ने स्थानमा रहेका हरेक व्यक्तिलाई यथेष्ट अद्यावधिक सूचना र ज्ञानको आवश्यकता पर्नेछ, जसको आधारमा उनीहरूले उचित संरचना र व्यवस्था निर्माण गर्नेछन्।

निर्णय प्रक्रिया र सार्वभौमसत्ता

यसरी दुवै प्रकारका स्वतन्त्रतालाई ठाउँ दिनका लागि र माथि उल्लिखित विषयमा उचित व्यवस्थाको टुङ्गो लगाउनका लागि यी विषयसम्बन्धी यथेष्ट सूचना र ज्ञान भएका मानिसहरूको आवश्यकता पर्दछ। त्यसैले एकातिर हामीलाई जनताको हित र सार्वजनिक दर्शनको सुरक्षा गर्नसक्ने विशेषज्ञ प्रतिनिधिहरू (र निर्णय प्रक्रिया) को आवश्यकता छ भने अर्कोतर्फ बहुलवाद र भिन्नताको स्वतन्त्रताको रक्षा गर्नका लागि समावेशी प्रतिनिधित्वको। त्यसैले संविधानसभाको एउटा सबैभन्दा महत्वपूर्ण पक्ष निर्णय प्रक्रिया हो। आगामी संविधानसभाको पनि त्यै हालत नहोओस्, जुन लक्ष्मण अर्यालको नेतृत्वमा रहेको अन्तरिम संविधान समितिको भएको छ। अन्तरिम संविधान समितिको सबैभन्दा ठुलो कमजोरी निर्णय प्रक्रिया नै हो। यस समितिमा माओवादी र काँग्रेस लगायत अन्य विभिन्न निहित स्वार्थ बोकेका प्रतिनिधिहरू थिए। यी विभिन्न प्रतिनिधिका फरक मत र फरक स्वार्थ थिए, जसले सार्वजनिक हित केमा भन्ने प्रश्नको टुङ्गो लगाउन सकेनन् र मतभेद भएको अवस्थामा कसरी निर्णय गर्ने भन्ने विषयमा पनि सहमति बनाउन सकेनन्। समितिको काम थाल्नु अघि नै लक्ष्मण अर्यालको समितिले यस विषयमा निर्णय गर्न आवश्यक थियो, जसको अभावमा अन्तरिम संविधान एउटा रित्तो बोत्तल बन्न पुग्यो। आगामी संविधानसभाका सन्दर्भमा यो र यो भन्दा पनि ठूलो अर्को समस्या आइलाग्ने संभावना छ। त्यो के भने, लामो र अल्झिएको निर्णय प्रक्रियामा सबै प्रतिनिधिहरू विवेकशील भए पनि अन्ततः यस्तो सामूहिक निष्कर्ष निस्कन सक्दछ, जुन विवेकशील हुँदैन, अथवा जुन सार्वजनिक हितको विपरित हुन्छ। निर्णय प्रक्रियाको अनुसन्धान गर्ने समाजवेत्ताहरूले निकालेको यो एउटा तीतो निष्कर्ष हो। आगामी संविधान निर्माणमा पनि यस्तै हुन्छ भन्न सकिँदैन, तर यस संभावनाको उचित निराकरण भने समयमै गर्नु आवश्यक छ।

यहाँ विचार गर्नुपर्ने कुरा के छ भने विश्वव्यापीकरणको सन्दर्भमा, देशराज्यका जनतामात्र सार्वभौमसत्ता र वैधानिकताका श्रोत होइनन्। विश्वमा यस्ता धेरै कुरा छन् जसले विश्वव्यापी मान्यता हासिल गरेका छन्। यी मान्यताहरूले मानवअधिकारदेखि लिएर राज्यको संरचना र न्यायिक सिद्धान्तहरूको स्वरूप पनि निर्क्यौल गर्न सक्ने क्षमता राख्छन्। विश्वव्यापीकरणको सन्दर्भमा आज कैयन अवधारणाहरू अपरिहार्य बन्न पुगेका छन्। यसमा पहिलो त विश्वव्यापी नागरिक समाजकै उदयलाई मान्नु पर्दछ, जसले गैरसरकारी संस्थाका अवधारणा, विश्व वातावरण र विश्वव्यापी नीतिहरूको निर्माण गर्ने गर्दछन्। नयाँ विश्व व्यवस्थाको उदयको सन्दर्भमा अन्तराष्ट्रिय व्यवस्था संचालनका सिद्धान्तहरू पनि उब्जिएका छन्, जसले देशराज्यको संरचना कस्तो हुनु पर्दछ, विश्वव्यापार कसरी संचालन गरिनुपर्दछ, अन्तर्राष्ट्रिय मापदण्ड के हो र विश्वव्यापी आर्थिक संस्थाहरूले कसरी काम गर्नुपर्छ भन्ने कुराहरू निर्धारण गर्दछन्। त्यसैगरी व्यवहार, कानुन र नैतिकता भनेको के हो भन्ने कुराहरू निर्धारण गर्ने प्रक्रिया पनि अब देशराज्यको सीमाभन्दा बाहिर पुगिसकेको छ। यसरी विश्वव्यापीकरणको प्रक्रियाले सरकार, नागरिक समाज र न्याय (नैतिकता) का सिद्धान्तहरूलाई नै प्रभाव पारिरहेको छ।

आधारभूत र अपरिवर्तनीय मूल्य र मान्यताका विषयमा अहिलेनै देशभरि व्यापक समझदारी हुनु पर्दछ र त्यसैलाई संविधानको मर्म र भावनामा उतार्नु पर्दछ। यो प्रश्न यसकारण पनि महत्वपूर्ण छ कि माओवादीहरूको अन्तिम उद्देश्य साम्यवादको स्थापना हो, भलै त्यो मानवीय आन्दोलनबाट होस या ऐतिहासिक विकासका नियमित प्रक्रियाद्वारा। साम्यवादी

व्यवस्थाअन्तर्गत अहिले हामीले विश्वव्यापीकरणका सन्दर्भमा अपरिवर्तनीय मानेका नैसर्गिक र मानवाधिकारका विषयहरूलाई फरक ढंगले बुझिन्छन् र फरक ढंगले सुल्झाइन्छन्। त्यसैले पनि यी विषयहरूवारे अहिले नै निर्क्यौल हुनु आवश्यक छ। त्यसैले कुन कुरा अपरिवर्तनीय र कुन कुरा परिवर्तनशील भनेर निर्क्यौल गर्दा यो कुरा पनि विचार गर्नुपर्दछ, कुन अवस्थामा हामी क्रान्तिको आवश्यकता देख्छौं त ? किनभने संविधानले अपरिवर्तनीय मानेका मूल्य र मान्यताहरूलाई परिवर्तन गर्नका लागि एउटा 'प्याराडाइम सिफ्ट' वा राजनीतिक क्रान्तिकै आवश्यकता पर्छ।

केही सुझाव

प्रतिनिधित्व

- चुनावी प्रयोजनका लागि देशलाई भौगोलिक, जातीय र गणितीय हिसाबले उचित करिब पाँचदेखि १६ वटा सम्म जातीय क्षेत्रमा विभाजित गर्ने।
- करीब ५० प्रतिशत प्रतिनिधित्व जातिगत हुनु पर्ने। हरेका क्षेत्रबाट जनसङ्ख्याको आधारमा जातीय प्रतिनिधित्व वा कोटा (जसमा ५० प्रतिशत महिला) हुनु पर्ने बाध्यात्मक व्यवस्था। यी प्रतिनिधिहरू राजनीतिक दलका सदस्य पनि हुन सक्छन्। (यस्तो गर्दा २०० स्थानको संविधानसभामा कम्तीमा ५० जना महिला हुनेछन्।)
- करीब ४० प्रतिशत चुनावक्षेत्रगत प्रतिनिधित्व (पार्टीहरूले जोसुकै उम्मेदवार बनाउन सक्ने)।
- कम्तीमा १० प्रतिशत विशेषज्ञ समाजवाट (निर्वाचित संविधानसभाले नै चयन गर्न सक्ने)। यसमा संविधानविद्, इतिहासविद्, समाजविद्, कानुनविद् र भूगोलविद्हरू हुनसक्छन्।
- यस प्रकारको निर्वाचनमा तीनवटा मतपत्र हुनेछ र एउटा मतदाताले तीनवटा मतपत्रमा एक-एकवटा मत दिनेछ। निर्वाचन क्षेत्र अनुसारको मतपत्रमा एउटा भोट, जातीय क्षेत्र (पुरुष) को मतपत्रमा एउटा भोट र जातीय क्षेत्र (महिला) को मतपत्रमा एउटा भोट। उदाहरणको लागि यदि पूर्वाञ्चलमा लिम्बु जातिको कोटा ६ सिट छ भने, महिला उम्मेदवारको मतपत्र गणनामा सबैभन्दा धेरै मत ल्याउने तीनजना लिम्बु महिला र पुरुष उम्मेदवारको मतपत्र गणनामा सबैभन्दा धेरै मत ल्याउने तीनजना लिम्बु पुरुष निर्वाचित हुनेछन्। यसैगरी निर्वाचन क्षेत्र अनुसारको मतपत्रमा भने जसले सबैभन्दा धेरै मत ल्याउँछ उही विजयी हुनेछ।

कार्यविधि

- संविधानसभामा मतैक्य हुन नसक्ने वा विवादास्पद विषयहरू (जस्तै राजतन्त्र, संघीय संरचना) निर्वाचनकै समय जनमत संग्रहद्वारा टुङ्गो लगाउनुपर्ने।
- निर्णय प्रक्रिया वा विधिको टुङ्गो सुरुमै लगाउनुपर्ने।
- सानो सर्वपक्षीय समितिले संविधानको खाका बनाउने, वा संविधानका अलग अलग भागका लागि अलग अलग उपसमितिहरू बनाउने।
- मस्यौदाका हरेक बूँदा संविधानसभामा पेस हुनु पर्ने र सर्वसम्मतिले पास हुनु पर्ने। सर्वसम्मति हुन नसकेको अवस्थामा त्यस बूँदामा व्यापक छलफल हुनु पर्ने र फेरि सर्वसम्मत निर्णयको लागि पेस हुनु पर्ने। दोश्रोपल्ट पनि सर्वसम्मत नभएको अवस्थामा तीनचौथाइ मतद्वारा निर्क्यौल हुनसक्ने। यो पनि हुन नसकेको अवस्थामा तीन चैथाइको लागि सुधार गरेर पेस गरिने। फेरि पास नभएको अवस्थामा दुईतिहाइ बहुमतले पास गर्न सकिने।

संविधान

- देशको संघीय संरचना हुनु पर्ने।
- देशलाई भौगोलिक, जातीय र राजनीतिक हिसाबले उचित विभिन्न स्वशासित क्षेत्रमा विभाजित गर्ने।
- हरेक क्षेत्रमा त्यहाँको भाषिक बाहुल्यता र आर्थिक संभाव्यता हेरि नेपालीसहित अन्य भाषालाई पनि सरकारी कामकाजको भाषाका रूपमा प्रयोग गर्ने।
- हरेक चुनावी क्षेत्र (हालका जिल्ला) मा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी जिल्ला सभापतिले लिने र स्थानीय विकास अधिकारी र स्थानीय शिक्षा अधिकारी जस्ता पदहरू पनि निर्वाचनद्वारा पुर्ति गरिने।
- प्रहरीलाई पनि राष्ट्रिय, क्षेत्रीय र जिल्लास्तरीय तीन भागमा विभाजन गर्ने। राष्ट्रिय तहमा यसको निगरानी गृहमन्त्रीले, क्षेत्रीय तहमा गभर्नरले र जिल्ला तहमा जिल्ला सभापतिले गर्ने।
- प्रधानमन्त्रीलाई संविधानविपरित कार्य गरेको वा तोकिएको आचरणविपरित काम गरेको अवस्थामामात्र महाभियोगद्वारा हटाउन सकिने।
- प्रधानमन्त्री र संसदको कार्यकाल चार वर्षको हुने।
- प्रधानमन्त्रीले मन्त्रिपरिषद्का सदस्य वा कानुनसम्मत अन्य नियुक्तिमा कुनैपनि अनुकूल क्षमता भएका व्यक्तिहरू चयन गर्न पाउने (संसदभित्र वा बाहिरबाट)। आफ्नो नजिकको नाता पर्ने व्यक्तिलाई भने संसदले स्वीकृति दिएको विशेष अवस्थामा मात्र नियुक्ति दिन पाउने।
- दुई कार्यकालभन्दा बढी प्रधानमन्त्री हुन नपाउने।
- राष्ट्रिय दर्जा पाउन राजनीतिक दलहरूले आन्तरिक लोकतन्त्र, आर्थिक सुव्यवस्था, आदि विविध विषयमा पनि सर्तहरू पूरा गर्नुपर्ने।
- संविधान संशोधनको लागि उचित व्यवस्था हुनु पर्ने। यसका लागि हरेक प्रतिनिधिसभाले संविधानसभाको रूपमा कार्यगर्न सक्ने अधिकारको व्यवस्था गर्ने।
- सरकारी काम कारवाही निगरानी गर्न राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा अख्तियार दुरूपयोग आयोगको कार्यालय रहने। अख्तियार दुरूपयोग अनुसन्धान आयोग संसदको अधीन हुने।
- अख्तियार आयोग, न्यायपालिका र महान्यायाधिवक्ताको कार्यालयलाई यथेष्ट वजेटको व्यवस्था गरिनुपर्ने।
- न्यायपालिकाको कामकारवाही पारदर्शी हुनु पर्ने र सञ्चारमाध्यम र अनुसन्धाताहरूले यसका अभिलेखहरू अध्ययन गर्न पाउने व्यवस्था गर्ने।

ajaya.khanal@gmail.com

जनआन्दोलन द्वितीय : संविधानसभाको सवालमा ऐक्यबद्धता

वादे वादे जायते तत्वबोधः : संविधानसभाबारे छलफल गर्न आयोजित अन्तर्क्रिया कार्यक्रमहरूका झलक

संविधानसभा : सर्वमान्य गन्तव्य

संविधानसभा नेपालको राजनीतिक निकासका लागि सर्वमान्य गन्तव्य बनेको छ । जनआन्दोलन द्वितीयले देशलाई संविधानसभाको बाटो तर्फ डोऱ्याएको हो । सात राजनैतिक पार्टी तथा नेकपा (माओवादी)ले १२ तथा आठ बुँदे सहमतिमार्फत् संविधानसभामा जाने ऐक्यबद्धता जनाइसकेका छन् । जनआन्दोलन द्वितीयको बलमा पुनर्स्थापित संसदलेसमेत संविधानसभाको चुनावमा जाने संकल्प प्रस्ताव वैशाख १५ गते सर्वसम्मतिले पारित गरिसकेको छ । तथापि राजनैतिक पार्टीहरूले यस विषयमा आफ्ने स्पष्ट दृष्टिकोण जनतासमक्ष ल्याएको देखिँदैन । संविधानसभाको माध्यमद्वारा संविधान निर्माण गर्दा सबै पक्षका जनताको इच्छा, आकांक्षा, सहभागिता सुनिश्चित गर्न यसका प्रक्रिया तथा कार्यविधिका विषयमा आमजनतालाई स्पष्ट जानकारी हुनु पर्दछ । तर आम जनतासमक्ष यस विषयबारे पर्याप्त जानकारी पुऱ्याउने कार्य हुन सकिरहेको छैन । जनतामा संविधानसभाबारे स्पष्ट जानकारी नभई यसको लक्ष्य पूरा हुन सम्भव देखिँदैन । त्यसैले यस विषयमा व्यापक छलफल र अन्तरक्रिया गरी आमजनतालाई जानकारी दिन र सचेत गराउन इन्सेकले विभिन्न स्थानमा छलफल तथा अन्तक्रिया कार्यक्रमहरू आयोजना गरेको छ भने कतिपय स्थानमा कार्यक्रमहरू हुने क्रममा रहेका छन् ।

● विमलचन्द्र शर्मा

संविधानसभा सम्पन्न नहुँदासम्म यस्तो खबरदारी कायमै रहने छ

कसरी बढाउने संविधानसभाबारे साक्षरता ?

दीपक अर्याल

संविधानसभापूर्व चालिनुपर्ने कदमहरू तथा व्यवस्थित, मर्यादित, निष्पक्ष र भयरहित संविधानसभा निर्वाचनका लागि आवश्यक व्यवस्थाका लागि भने विशेष छलफलको आवश्यकता पर्दछ । खासगरी हतियार व्यवस्थापन हुनासाथ संविधानसभाको चुनाव सफल हुन्छ भन्ने मानसिकता धेरैको रहेको छ, तर हतियारव्यवस्थापनले मात्र चुनावको उद्देश्य र चुनावबाट नेपाली जनताले चाहेको, खोजेको वा अपेक्षा गरेको परिणाम आउन सक्दैन ।

वर्तमान नेपालको राष्ट्रिय कार्यसूचीका बुँदाहरू के हुनु पर्ने र कुनलाई प्राथमिकता दिने भन्ने विषयमा सर्वसाधारण नेपालीमात्र होइन स्वयं राजनीतिक दल, सरकार, नागरिक समाज, तथा गैससकाबाट प्रतिनिधित्व गर्नेहरू पनि रणभुल्लमा परेको देखिन्छ। हतियार व्यवस्थापन, राजनीतिक, आर्थिक वा सामाजिक पुर्नसंरचना के विषयवस्तुलाई प्राथमिकता दिने भन्ने विषयमा आपसी मतभेद कायम नै छ। अझ कतिपय पुनर्संरचनाहरू वर्तमान सरकारले गर्ने, अन्तरिम सरकारले गर्ने वा संविधानसभाको चुनावपछि बन्ने सरकारले गर्ने भन्ने विषयमा पनि सबैका आ-आफ्नै तर्कहरू देखिन्छन्। टाढाको पुनर्संरचनाका कुराहरू बाहेक तत्कालमा चाल्नुपर्ने ठोस कदमका बारेमा पनि सबैमा आ-आफ्नै तर्क हुने गर्दछन् वा अन्योल देखा पर्दछन्। जनआन्दोलनको भावना र माओवादीसँग भिन्नाभिन्नै समयमा भएको सहमतिले पनि सहमतिको निकासबिन्दु संविधानसभा हुन सक्ने देखाएको छ। तर संविधानसभापूर्व चालिनुपर्ने कदमहरू तथा व्यवस्थित, मर्यादित, निष्पक्ष र भयरहित संविधानसभा निर्वाचनका लागि आवश्यक व्यवस्थाका लागि भने विशेष छलफलको आवश्यकता पर्दछ। खासगरी हतियार व्यवस्थापन हुनासाथ संविधानसभाको चुनाव सफल हुन्छ भन्ने मानसिकता धेरैको रहेको छ, तर हतियारव्यवस्थापनले मात्र चुनावको उद्देश्य र चुनावबाट नेपाली जनताले चाहेको, खोजेको वा अपेक्षा गरेको परिणाम आउन सक्दैन।

संविधानसभा चुनावका लागि हतियार व्यवस्थापन र राजनीतिक, आर्थिक, सामाजिक पुनर्संरचनाको आवश्यकता परेजस्तै जनताले भोट हाल्नु अगाडि नै यस बारे धेरैकुरा जान्नु पर्ने हुन्छ। त्यसैले चुनावका लागि आवश्यक पर्ने विभिन्न सर्तहरू मध्येको एक सर्त र महत्वपूर्ण काम भनेको जनतालाई उनीहरूको मतबाट अथवा संविधानसभाको, यो पूरै प्रकृयाबाट राष्ट्र र जनतालाई के फाइदा हुन्छ, यसको तत्कालीन र दीर्घकालीन असर के रहन सक्छ वा उनीहरूले किन यो प्रकृयामा भाग लिनै पर्छ र सकृयतापूर्व सहभागिता जनाउनै पर्दछ भन्ने जस्ता कुराहरू बुझाउनु, उत्साहित गर्नु र सहभागिताका लागि प्रोत्साहित गर्नु आवश्यक छ। यदि कानुनी, राजनीतिक वा प्रजातान्त्रिक पद्धति अपनाउँदा वा प्रजातान्त्रिक पद्धतिअनुरूप वर्तमान र अन्तरिम सरकारले काम तथा निर्णयहरू गर्न मिल्दैन भने यी विषयहरूमा हुने पुनर्संरचनाको जिम्मा संविधानसभा मार्फत् वन्ने सरकारको हो। तर कुनै पनि राजनीतिक दलहरूले उनीहरूको योजनाका बारेमा सार्वजनिक बहस चलाउन चाहिरहेका वा सकिरहेका छैनन्। उनीहरूले अपनाउने नीति, उनीहरूले चाहेका परिवर्तन वा उनीहरूका मूल मुद्दा (एजेन्डा) के हो र यसका भन्ने कुराको व्यापक बहसका लागि जनतामा जान चाहिरहेका छैनन्। अझ भन्नुपर्दा यी सबैका लागि आवश्यक पर्ने कानुनी, राजनीतिक, वा प्रजातान्त्रिक हिसाबले सबैलाई स्वीकार्य भएको माध्यम भनको 'संविधानसभा' हो। तथापि यी सबै पुनर्संरचना र परिवर्तनको लागि आवश्यक माध्यमका रूपमा परिभाषित रहेको 'संविधानसभा' बारेमै व्यापक बहस चलाउने प्रयास गरेको देखिँदैन। भविष्यको नेपाली राजनीति तथा नेपाल र नेपाली जनतासँगै प्रत्यक्ष सरोकार राख्ने यस्तो महत्वपूर्ण विषयवस्तुहरूबारे जनतासँग आवश्यक जानकारी पुऱ्याउनका लागि कुनै ठोस पहल भएको छैन।

यसका लागि सबैभन्दा पहिले देश तथा पार्टीहरूको मुख्य एजेन्डा के हो भन्ने कुरामा नै निक्यौल गर्नपर्ने देखिन्छ। संविधानसभा के हो? यो कसरी हुन्छ? यसका लागि राजनीतिक दलका एजेन्डाहरू के-के छन्? यसमा प्रवेश कसरी गरिन्छ? अन्य देशमा संविधानसभाको चुनावहरू कसरी सम्पन्न भयो? के व्यवधान आयो वा संविधानसभाको चुनावले समस्याहरूको समाधान गर्न कसरी मद्दत गऱ्यो? संविधानसभाले देशमा विद्यमान समस्याहरूको हल गर्न कसरी मद्दत

गर्दछ ? यस्ता अनगिन्ति प्रश्नहरूको उत्तर खोजिरहेका जनतालाई यस बारे सुसूचित गर्ने गरी मिडिया, राजनीतिक दल, सरकार तथा गैससहरूले संविधानसभालाई 'मूल एजेन्डा' बनाएर अगाडि जान सकिरहेका छैनन्। खासगरी प्रमुख मुद्दा के हो भन्ने विषयमा नै विवाद देखिएकाले 'एजेन्डा' सेटिङ्ग'मा समस्या देखिएको छ। 'एजेन्डा सेटिङ्गको' सिद्धान्तअनुसार सञ्चार माध्यमहरूले कुनै खास विषयवस्तुहरूलाई महत्वका साथ प्रसारण वा प्रकाशन गर्दै जनतालाई उक्त विषयवस्तुप्रति जागरुक गराउने र व्यापक बहसको निर्माणका लागि निश्चित सहयोग गर्ने काम गर्छन् (म्याक्कम्ब्स र स १९७२)। 'एजेन्डा सेटिङ्ग' ले कुनै निश्चित विषयवस्तुहरूमध्येबाट प्राथमिक आवश्यकताको छनौट गर्छ, जसलाई मिडियाका माध्यमबाट निश्चित समयका लागि लगातारूपमा जनतासम्म पुऱ्याइन्छ र यस्तो अवस्थामा अन्य कतिपय समाचार वा विषयवस्तुहरू कम प्राथमिकतामा पर्न गर्छ (विभर र अन्य १९८१)। एजेन्डा सेटिङ्गपछि मिडिया क्याम्पेन (Media Campaign)का माध्यमद्वारा सरकारी तथा निजीस्तरका मिडियाले संविधानसभाको चुनावका लागि जनतासँग सही सूचना तथा जानकारी पुऱ्याउनका लागि सहयोग गर्न सक्दछन्। तर यसका लागि न त सरकारी स्तरबाट पहल भएको छ न त नीजि क्षेत्र वा गैससका तर्फबाट नै शशक्त पहल भएकोछ। संविधानसभाका विविध प्रकृया तथा महत्व बारे जनतालाई जानकारी गराउनु वर्तमान समयको प्रमुख मुद्दा हो भन्ने मानेर सो अनुरूप सरकार, राजनीतिक दल, नागरिक समाज, नीजि क्षेत्र वा गैससहरू मिलेर काम गर्ने हो भने धेरै समस्याहरूको समाधान निस्कन सक्छ र जनतालाई पनि जतिसक्दो छिटो यस बारे बुझाउन सकिन्छ। यसरी हेर्ने हो भने जनतालाई यी समग्र प्रकृयाका बारेमा बुझाउने सबैभन्दा सशक्त र उपयुक्त उपायका रूपमा 'मिडिया क्याम्पेन' लाई लिन सकिन्छ। कुनै निश्चित समयसम्मका लागि फरक-फरक सञ्चारमाध्यमद्वारा एकैपटक योजनाबद्ध तबरले कुनै निश्चित विषयवस्तुहरूमाथि रहेको जनधारणा, बानी-व्यहोरा र ज्ञान वा जानकारीलाई प्रभावित पार्ने प्रयास नै मिडिया क्याम्पेन हो। विज्ञापन, राजनीतिक, जनतासँग सम्बन्धित नीति-नियमहरूका सम्बन्धमा यस्ता क्याम्पेनहरू हुने गर्दछन् (म्याक्क्वाइल १९९४)। संविधानसभाका विषयमा सशक्त जानकारी दिनका लागि वा यसका बारेमा सचेत गराउनका लागि सबै क्षेत्रबाट प्रयास र सहयोग हुनुपर्ने हुन्छ। त्यसैले एवोभ द लाइन (Above the line) अन्तर्गतका विविध माध्यमहरू खासगरी प्रेस, रेडियो र टेलिभिजनले मिडिया क्याम्पेन गरिरहँदा अण्डर द लाइन (Under the line) अथवा वैकल्पिक मिडियाको प्रयोग पनि उत्तिकै प्रभावकारी रूपमा गर्न सकिन्छ र गर्नुपर्दछ। किनभने सबै सञ्चारमाध्यम सबै क्षेत्र, वर्ग वा समयका लागि उत्तिकै प्रभावकारी हुने गर्दैनन्। सबैका आ-आफ्नै कमजोरी तथा प्रभावकारिता हुने गर्छ। त्यसैले यस्तो अवस्थामा सञ्चारका सबैखाले माध्यमहरूलाई एकैपटक प्रयोग गर्दा बढी प्रभावकारी हुन सक्दछ। यसरी हुने निरन्तरको प्रयास तथा एउटा विषयवस्तुको सफलताको लागि एकैपटक प्रयोग हुने सबैखाले मिडियाको प्रभाव जनतामा सकारात्मक पर्नेछ। उनीहरूलाई लाग्नेछ कि सबैले भनेको कुरा पनि हामी हितमा हाम्रा लागि हुनेछ। यसले उनीहरूलाई संविधानसभाको चुनावी प्रकृयामा सकृयतापूर्वक लाग्न प्रोत्साहन मिल्नेछ। जनताको सकृय सहभागिताले नै चुनावका बेलामा देखिने सबै प्रकारका समस्याहरूको हल हुन सक्छ। उनीहरूको सकृय सहभागिताले नै उनीहरूले अपेक्षा गरे अनुरूपको शासन व्यवस्था उनीहरूले ल्याउन सक्नेछन् जसले गर्दा नयाँ शासनव्यवस्था प्रति उनीहरू गर्व गर्न सक्नेछन् र यसलाई बचाउन तथा बलियो बनाउन सकृय भूमिका खेल्नेछन्। यसरी जनआन्दोलन द्वितीयमा आन्दोलित जनतालाई उनीहरूले चाहेको शासन व्यवस्थाको निर्माण गर्न दिशामा अग्रसर गराउन सकियो भने जनआन्दोलन द्वितीयले सार्थता पाउनेछ। यसरी भएको आन्दोलनलाई स्थापना गर्नका लागि आवश्यक स्वच्छ, निष्पक्ष तथा भयरहित संविधानसभाको निर्वाचन आवश्यक छ जसका लागि नेपाली जनताले यसको महत्व बुझ्न जरूरी छ र यसमा उनीहरूको पनि सहभागिता रहन जरूरी छ। नेपाली जनतालाई सकृय सहभागिताका लागि उत्प्रेरित गर्न काम भने मिडियाले गर्नसक्छ। यदि मिडियाको प्रयोग राम्रोसँग गर्नसकियो भने जनआन्दोलन द्वितीयको उपलब्धीलाई संस्थागत गर्न नेपाली जनता पुनः सकृय हुनेछन्। खासगरी आ-आफ्नो ठाउँबाट मिडियाले विगतमा खेलेको भूमिकालाई अझ सशक्त पार्न आवश्यक भइरहेको छ। तर यसबेला भने सबै मिडियाले 'संविधानसभा'का विषयमा उस्तै आवाज, उस्तै सूचना, उस्तै जानकारी निरन्तररूपमा प्रचार प्रसार गर्नुपर्ने हुन्छ। यसले जनतामा रहेको अन्योल हटाउन मद्दत गर्छ भने पक्ष-विपक्षमा रहने जनतालाई मुख्य एजेन्डा 'संविधानसभा'को निर्वाचन सफल पार्नका लागि एकीकृत गर्दछ यसरी हेर्दा मिडियाको प्रयोग वा उपयोग कसरी गर्न भन्ने विषयमा केही चर्चा गर्न आवश्यक छ। सबै मिडियाका सबल र दुर्बल पक्षहरू हुने हुनाले कुन मिडियाको प्रयोग कसरी गर्न भन्ने कुरामा भने ध्यान दिनुपर्छ। तथापि सबैले आ-आफ्नो क्षेत्रबाट योगदान दिन सक्ने भएकाले यी सबैको प्रयोग निश्चित समयका लागि निश्चित उद्देश्यका लागि गरिनु आवश्यक भइसकेको छ।

प्रेस

मिडिया क्याम्पेनमा प्रेसको मात्र प्रयोग गर्दा साक्षरता, किन्नसक्ने क्षमता वा भौगोलिक अवस्थाले गर्दा यसको प्रभावकारिता कम हुन सक्छ। उसो त कुनै पनि जानकारी वा समाचारहरू गहिराईमा दिन सकिने कारण यसको प्रभाकारीतालाई कम आँक्न भने सकिन्न। त्यसैगरी क्षेत्रीय रूपमा निस्कने तथा स्थानीय आफ्नै भाषामा निस्कने पत्रपत्रिकाहरूले यस खालका क्याम्पेनका कतिपय सन्दर्भमा राष्ट्रियस्तरबाट निस्कने पत्रपत्रिकाहरूले भन्दा पनि सशक्त र प्रभावकारी भूमिका निर्वाह गर्न सक्दछन्।

रेडियो

नेपालका लागि कुनै पनि विषयमा मिडिया क्याम्पेन गर्दा सबैभन्दा प्रभावकारी भूमिका रेडियोले खेल्न सक्छ। खासगरी

सस्तो, पढ्नु नपर्ने-सुनेर हुने, मानवीय आवाज तथा संगीत भएको, ध्यानदिएर वा पत्रपत्रिकामा जस्तो पुरै समय तथा ध्यान दिनु नपर्ने कारणले यो प्रभावकारी र जनताका बीचमा लोकप्रिय माध्यम बनेको छ। त्यसैगरी स्थानीय रूपमा प्रसारण हुने एफएम स्टेशनहरूले मिडिया क्याम्पेनमा आफ्नै किसिमको भूमिका निर्वाह गर्नसक्छन्। त्यस्तै स्थानीय रेडियो स्टेशनहरूले स्थानीय भाषाको प्रयोग गरी संविधानसभाका विषयमा दिइने जानकारी राष्ट्रियस्तरका सञ्चारमाध्यमद्वारा प्रसारित सामग्रीहरू भन्दा बढी प्रभावकारी हुन सक्दछ र जनताले आफूले जान्न वा बुझ्न खोजेको विषयवस्तुहरू र आवश्यक जानकारी पाउने एक महत्वपूर्ण माध्यम बन्न सक्दछ।

टेलिभिजन

नेपालको सन्दर्भमा सबै जनताका लागि पहुँच नभए पनि विद्युत भएका ठाउँमा सबैभन्दा लोकप्रिय माध्यमका रूपमा विस्तारै विकास हुँदै गएको टेलिभिजनले पनि यसखाले क्याम्पेनमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। वास्तविकतासँग नजिक रहेजस्तो लाग्ने, श्रव्य-दृश्य दुबैको प्रयोग भएको यस माध्यमलाई पनि यस्ता क्याम्पेनका लागि सफलतापूर्व प्रयोग गर्न सकिन्छ। यसै प्रसंगमा हेर्दा आजकाल लोकप्रिय भइरहेको केबल टेलिभिजनलाई पनि प्रचार-प्रसारका लागि प्रयोग गर्न सकिन्छ। खासगरी वैकल्पिक मिडियाका रूपमा विकसित कतिपय केबल टेलिभिजनले स्थानीय स्तरमा स्थानीय कार्यक्रमहरू पनि प्रसारण गरेको पाइन्छ, जसमा संविधानसभाजस्ता महत्वपूर्ण विषयवस्तुहरूलाई समावेश गर्न सकिन्छ। त्यसैगरी यस्ता केवल टेलिभिजनबाट देखाइने सिनेमा होस् वा विभिन्न च्यानलबाट प्रसारित हुने लोकप्रिय धारावाहिक, हास्यप्रधान कार्यक्रम, वा अन्य लोकप्रिय कार्यक्रमको समयमा 'सबटाइटल' का रूपमा संविधानसभाका विविध पक्षहरूका जानकारी दिँदा त्यो प्रभावकारी बन्न सक्दछ र यसले धेरैको मन तान्न सक्दछ र मिडिया क्याम्पेनका माध्यमद्वारा हासिल गर्न खोजिएको मूल उद्देश्य पुरा हुन सक्दछ।

नेपालका सन्दर्भमा कम लोकप्रिय भए पनि एउटा निश्चित वर्गका लक्षित 'अनलाइन' वा 'सिनेमा' का माध्यमद्वारा पनि संविधानसभाका पक्षमा जनतालाई आकर्षण गर्न र उनीहरूको उत्सुकता बढाउन सकिन्छ।

यसरी हेर्दा 'एवोभ द लाइन' (Above the Line) अन्तर्गत पर्ने सञ्चारमाध्यमहरूका आफ्नै विशेषताहरू हुने गर्छन्, जसको प्रभावकारी प्रयोग गर्दा संविधानसभाका पक्षमा एक किसिमको जनमत तयार गर्न सकिन्छ भने यसका प्रति जनतामा उत्सुकता थप्न सकिन्छ। जुन संविधानसभाको सफलताका लागि अत्यावश्यक छ। यसबाहेक हामीहरूले 'एवोभ द लाईन' (Above the Line) तथा 'बिलो द लाइन' (Below the line) गरी सञ्चारका मुख्य तथा वैकल्पिक दुवै माध्यमहरूको प्रयोग गर्न सकिन्छ। खासगरी नीजिक्षेत्र, गैसस वा सरकारीतहबाट तयार गरिने लिफलेट, फोल्डर, ब्रोसर, बुकलेट्स, क्याटलग, तस्वीरका पोष्टकार्ड डायरीहरूमा संविधानसभाको विषयमा जानकारी दिने विविध सामग्रीहरू राख्न सकिन्छ।

यस्ता सामग्रीहरूले 'संविधानसभा'का विषयमा पटक-पटक याद दिलाउने र जानकारी दिने काम गर्दछन्। खासगरी विज्ञापनका लागि प्रयोग गरिने यस्ता माध्यमहरूलाई प्रयोग गरी 'संविधानसभा'लाई मुख्य एजेन्डाका रूपमा जनताका माझ प्रस्तुत गर्न सकिन्छ। यस बाहेक, पोस्टर, यातायातका साधनहरू, फ्लेक्सका माध्यमद्वारा निर्मित विज्ञापन सामग्रीहरू, होर्डिङ बोर्ड, ब्यानर, पर्चा, पम्पलेटहरूको पनि प्रयोग गर्न सकिन्छ। यसले यो सबैका लागि कति महत्वपूर्ण कार्यक्रम रहेछ भन्ने कुराको जानकारी दिन्छ। नियमित रूपमा, एकै समयमा, एकै विषयवस्तुहरूलाई लिएर गरिने यस्ता क्याम्पेनहरू निकै सफल हुने गर्दछन्। किन भने यसले अन्य घटनाहरूलाई कम प्राथमिकता दिन्छ र एजेन्डालाई मुख्य प्राथमिकता दिदै सबैका माझ परिचित गराइदिन्छ। यसका लागि गैसस र नीजिक्षेत्रले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छन्। उनीहरूद्वारा आयोजित कार्यक्रमहरूमा वितरित हुने लिफलेट, फोल्डर, ब्रोसर, बुकलेट्स, क्याटलग, डायरीहरू, कापी, डट्पेन, सिसाकलम वा अन्य सामग्रीहरूमा संविधानसभाका विषयमा जानकारी दिने र संस्थाहरूबाट प्रकाशित अन्य सामग्रीहरूमा पनि यससँग सम्बन्धित जानकारीहरू राख्न सकिन्छ।

डम्मी प्याक, पोष्टकार्डहरू, घडी, स्टीकर, एस्ट्रे, झन्डा, टिकटहरूमा यसका विषयमा ठूलो जानकारी राख्न नमिले पनि विज्ञापन शैलीका छोटा जानकारीहरू राख्न सकिन्छ। मानिसहरूसँग प्रत्यक्ष वा परोक्ष सम्बन्ध राख्ने विविध प्रकारका यस्ता सामग्रिहरूमा बारम्बार दोहोरिने यस खाले विज्ञापन वा प्रचारले मानिसहरूलाई यसको महत्व छ भन्ने कुराको आभाष दिलाउने गर्छ यसबाहेक कम्पनी, गैसस वा संस्थाहरूद्वारा निकालिने क्यालेण्डर, झोला, फाइल आदिमा पनि यस्ता जानकारीहरू राख्न सकिन्छ। अर्को महत्वपूर्ण माध्यमका रूपमा शरीरमा लगाउने वस्तुहरू लिन सकिन्छ। शरीर माध्यम (Body Media) अन्तर्गत पर्ने यस्ता सामग्रीहरूको निरन्तर प्रयोगले जनतकामाझ उक्त विषयवस्तुलाई बढी परिचित गराउन सकिन्छ। खासगरी जनआन्दोलन द्वितीयका क्रममा 'लोकतन्त्र' लेखिएको टिसर्टको व्यापक प्रयोग गरिएको उदाहरण स्मरणीय छ। टिसर्टमा छापिने विषयवस्तुले अन्य व्यक्तिको ध्यान तान्ने गर्दछ। टीसर्ट जस्तै स्वेटर, टोपी, छाता, टाइ, ज्याकेट, ट्याकसुट, रूमाल आदिको प्रयोग पनि मिडिया क्याम्पेनको एक पक्ष हुन सक्दछ।

सन्दर्भ सामग्री

जेफिकन्स, फ्याङ्ग; *एड्भर्टाइजिङ्ग*; पिएर्सन एजुकेसन, सन् २०००।

म्यक्कम्ब्स एम. र डी. स; "द एजेन्डा सेटिङ्ग फंक्सन अफ् मास मिडिया"; *पब्लिक ओपिनियन क्वार्टर्ली*; सन् १९७२।

म्याक्कवाइल, डेनिस; *म्याक्कवाइल्स मास कम्युनिकेसन थ्योरी*; सेज पब्लिकेसन, सन् २०००।

विभर, डी. एन. लगायत; *मिडिया एजेन्डा सेटिङ्ग इन अ प्रेसिडेन्सिएल इलेक्सन*; न्यूयोर्क : प्राएगर, सन् १९८१ ।

संविधानसभा र मुलुकको शल्यक्रिया : द्वन्द्वपीडितको दृष्टिकोण

के.पी. अधिकारी

आज मुलुकको गहन उपचारको लागि तयारी भैरहेको छ। उपचार गर्दा कतिपय अङ्गमा मलमपट्टी मात्र गरेर पुग्ला, कतिपय अङ्गमा टाँका मार्नु पर्ला र कतिपय अङ्गमा ठूलै शल्यक्रिया गर्नु पर्ने पनि हुन सक्दछ। शरीरमा भेटिएका ट्युमर र सेप्टिकलाई काटेर फाल्न हिच्किचाउनु हुँदैन भने कत्ति पनि नबिग्रिएका वा अलि अलि मलमपट्टी गरेरै निको हुने अवस्थामा रहेका अङ्गलाई काट्न रहर मान्नु पर्ने पनि कुनै कारण छैन।

केही केही कुरा गहन उपचारका लागि प्रयोगशालामा पस्नु अगाडि नै निर्क्योल पुग्नु पर्ने खालका छन्। तीबारे स्पष्टता नहुँदा उपचार पद्धति नै अलमलमा पर्ने हुन सक्दछ। मुलुकको शल्यक्रिया गर्दा निश्चित रूपमा पुराना रोगहरू र पुरानो रोगका "साइडइफेक्ट" का कारण उत्पन्न नयाँ रोगहरूसमेत पहिचान गर्नु जरुरी छ। आज मुलुकको शल्यक्रियामा राजतन्त्र पुरानो रोग हो भने माओवादी हतियार र माओवादी र राज्यबीचको हिंस्रक लडाइँमा पिल्सिएका, प्रताडनाको शिकार बनाइएका, बेपत्ता पारिएका र हत्या गरिएका नागरिक र तिनका परिवारजनको समस्या नयाँ रोग हो। शरीरलाई चङ्गा बनाउन पुरानो र नयाँ दुवैखाले रोगको उपचार नगरी सुखै छैन। अन्यथा नयाँ रोग असाध्य बनेर मुलुकलाई फेरि जर्जर बनाउन बेर लाग्दैन।

मुलुकलाई स्वस्थ बनाउनका लागि संविधानसभारूपी उपचारमा जानु पर्छ भन्ने कुरा अहिले देशमा सबै पक्षको ऐक्यबद्धताको बिन्दु बनेको छ। यसले दिएको निकासका आधारमा नै देश अगाडि बढ्ने स्थिति बनेको छ। तर संविधानसभामा जानु अघि नै पूरा हुनु पर्ने भनेर केही मुद्दाहरू उठेका छन्। राजतन्त्रको मुद्दा एउटा त्यस्तै प्रमुख मुद्दा हो। यसलाई फाल्ने कि राख्ने भन्ने एउटा बहसको विषय बाहिर आएको छ। यसलाई संविधानसभाले फाल्ने कि, संविधानसभासँगै गरिएको जनमत संग्रहबाट यसको भविष्य निर्धारण गर्ने कि, अन्तरिम संविधान बनाउँदा नै राजालाई बिदावारी गर्ने कि भन्ने अनेक विकल्पमा चर्चा परिचर्चा भइरहेको छ।

जुन हतियारको कारण मुलुक जर्जर भयो त्यो हतियार व्यवस्थापन गरेर मुलुकको शल्यक्रिया गर्ने कि शल्यक्रिया गरेर हतियार व्यवस्थापन गर्ने भन्ने अर्को महत्वपूर्ण विषय पनि बाहिर आएको छ। यसमा सरकारी पक्ष, सत्तारुढ दलका विभिन्न नेताहरू, माओवादी नेतृत्व र नागरिक समाजको नाममा विभिन्न प्रकारका मतहरू सार्वजनिक भएका छन्। हतियार व्यवस्थापनको कुरा गर्नासाथ माओवादी उतर्सिने र हतियार व्यवस्थापन नहुँदा अरु पक्ष त्रसित हुने गरेको हामी सबैले देखेकै छौं। कसको पक्ष के छ भन्नेबारे नेताहरूका विचार त सञ्चार माध्यमले दिइरहेकै छन्, तर देशमा चलेको काटमारको शिकार बनेका अर्थात पीडित पक्षको भनाइ के छ भनेर कसैले वास्ता गरिरहेको छैन। खुकुरीको पीर अचानोलाई नै थाहा हुन्छ भनेझैं देशमा चलेको मानवहत्याको पीडा भोग्नेहरूको आँसु नपुछी देशमा शान्ति आउँछ भन्नु मिल्दो कुरो पटक्कै होइन।

जुन नागरिकको बाबुलाई माओवादीले मार्दा बगेको रगत आलै छ र हत्यारा अझै पनि त्यो रगतको पोखरीलाई हेर्दै जुँगा मुसारेर अट्टाहास गरिरहेको छ, ऊ कसरी घर फर्कन सक्छ संविधानसभामा भोट हाल्न भनेर ? माओवादी कार्यकर्ताको बर्बर यातनाले क्षतविक्षत हुँदा पनि उपचार नपाएर कुनै गल्लीमा सडिरहेको व्यक्ति कसरी उभिन सक्छ मतदान केन्द्रमा संविधानसभामा भोट हाल्न भनेर ? जसको घर-जग्गामा अझैसम्म माओवादीको नाममा कसैले कब्जा जमाइरहेको छ र गाउँ फर्केमा सिध्याइदिने धम्की दिइरहेको छ, ऊ कसरी पुग्न सक्छ मतपेटिकासम्म संविधानसभामा भोट हाल्न भनेर ? कि भन्नु पर्‍यो – "संविधानसभा त एउटा नाटकका रूपमा मञ्चन गर्न लागेका हौं हामीले । निर्णय त माओवादीको हतियारले गरिसकेको छ।" होइन भने, यो देशको प्रत्येक नागरिकले निर्भयतापूर्वक भोट हाल्ने परिस्थिति नबनाई संविधानसभाको ट्याउँ ट्याउँले मात्र कसरी हुन्छ ? आतङ्कपीडितहरूका घाउमा नुन-चुक छर्केर उनीहरूलाई "लौ शान्ति आइहाल्यो, अब हाँस" भनेर कसरी हुन्छ ?

हिजोको लडाइँमा मारिनेहरू सबैलाई एउटै तराजुमा तौलन र एकै थैलोमा राख्न मिल्दैन। कुनै पनि मान्छे मारिनु प्राकृतिक न्यायको सिद्धान्त विपरित हो। त्यसमा पनि माओवादी मारिनु, सुरक्षाकर्मी मारिनु, विभिन्न राजनीतिक दलका कार्यकर्ता मारिनु र सर्वसाधारण नागरिक मारिनुलाई फरक फरक दृष्टिकोणबाट विश्लेषण गर्न सकिन्छ। ऐतिहासिक, सामाजिक, आर्थिक, राजनीतिक अनेक कारणहरू थिए माओवादीले हतियार उठाउँदा। माओवादी बनेर, हतियार बोकेर हिँडेको मानिस मारिनु सहादतको गौरव थियो होला। कुनै एक माओवादीको मृत्यु हुनु त्यो पार्टीका

नेताहरूले देखेको सपनाको परिपूर्ति गर्ने क्रममा एक इँटा थपिएजस्तो थियो होला। सुरक्षाकर्मी मारिनु राज्यप्रतिको दायित्व निर्वाह हुनु थियो होला। माओवादीले आफ्ना कार्यकर्तालाई सहिदको पगरी गुथाएर स्मृति द्वार बनाएजस्तै राज्यले पनि सेना-प्रहरीलाई वीरगति प्राप्त गरेको विश्लेषण दिँदै अमर जवानको स्तम्भमा टाँसेको थियो होला। दुवै हतियारधारी भएको र आमुन्ने सामुन्ने लडाइँमा रहेको बेलामा चित्त बुझाउन सम्बन्धित पक्षले यस्ता विशेषण प्रचलनमा ल्याएका होलान्।

तर सरकार र माओवादीबीचको त्यो औचित्यहीन लडाइँमा अनेकौं निहत्था, निर्दोष र निरिह नागरिकहरू मारिएका छन्। फरक राजनीतिक आस्था राखेकै कारण तिनले माओवादीको हतियारको निशाना बन्नु पर्‍यो। अझ अर्काथरी नागरिक त बुःखजिलो गरेर जीवन निर्वाह गरिरहेको र राजनीति कुन चरोको नाम हो भन्ने थाहासमेत नपाइरहेको अवस्थामा भए तापनि मारिनु पर्‍यो। माओवादीले मारिनेहरूमध्ये कसैलाई सुराकीको आरोप लगाए, कोही सामन्त भएको लगाए र कसैलाई के आरोप लागेको थियो भन्ने पनि कहिल्यै थाहा भएन। आरोपितहरूमाथिको आरोपको सत्य-तथ्य पुष्टि गर्ने आवश्यकता पनि उनीहरूले कहिल्यै देखेनन्।

निर्दोष नागरिकको हत्यालाई जुनसुकै शब्दको थुङ्गा जोडेर महिमामण्डन गर्न खोजे पनि त्यो बर्बर हत्या हो, गैरन्यायिक मृत्युदण्ड हो, "एक्काइसौं शताब्दीको गणतन्त्र" को सपना बाँडेर गरिएको घिनलाग्दो व्यंग्य हो। माओवादी र सरकारका बन्दुकहरू गर्जेर सखाप पारिएकाहरूमध्ये सानो संख्यामा मात्र युद्ध पिपासुहरू मारिएका होलान्, तर यो अवधिमा मारिनेहरूमा अधिकांश निर्दोष, शान्तिप्रिय र युद्धविरोधी थिए। एउटा मानवको हैसियतमा स्वतन्त्रतापूर्वक बाँच्न खोज्दा उनीहरूले आफ्नो ज्यान गुमाएको यथार्थ लाई बिर्सन मिल्दैन। आज तिनका परिवारजन क्षतविक्षत मन र मस्तिष्क लिएर बाँचिरहेका छन्। बाहिर हाँसिरहेको भए तापनि पीडितहरू भित्र भित्र चहच्याइरहेको घाउ लिएर तड्पेका छन्।

के कुनै औषधिको नाम लिएर धेरैपल्ट चिच्याउँदैमा रोग निको हुन्छ ? होइन साँच्चै नै उपचार गर्नु पर्छ। त्यस्तै, के शान्ति शान्ति भनेर हजारौं वा लाखौंपल्ट फलाकेपछि शान्ति आउँछ ? आउँदैन। त्यसका लागि अशान्तिका कारणहरू पत्ता लगाएर तिनको निराकरण हुनु पर्दछ। देशमा शान्तिवार्ताका क्रममा पटक्कै वास्ता नगरिएकाहरूलाई सरकार, सात दल, नागरिक समाज र माओवादीले "हिजो जे भयो, भइहाल्यो, अब त्यस्तो हुँदैन" भनेर मात्र पुग्दैन। एकातिर विगतका गल्तीको समुचित दण्ड हुनु पर्दछ भने अर्कोतिर भोली फेरि त्यस्तो व्यवहार हुँदैन भन्नेमा ढुक्क हुन सकिने परिस्थिति निर्माण हुनु पर्दछ।

हिंसात्मक द्वन्द्वबाट प्रत्यक्ष पीडित भएकाहरूको जुन समस्या छ, त्यो पनि देशको रोग नै हो। अहिले यो "जण्डीस" जस्तो उपचार गर्न सजिलो, कम खर्चिलो र उपचार संभव भएको अवस्थामा छ। तर समुचित उपचार नपाई स्थिति झन् बिग्रेमा "हेपाटाइटिस बी" जस्तो खतरनाक रोगको आरम्भ पनि हो। हिजो मुलुकलाई जर्जर बनाउने पक्ष सरकार र माओवादी आज मुलुकको उपचार गर्नका लागि छलफलमा बसेका छन्। यस्तो महत्वपूर्ण बेलामा उनीहरूले हिजो गरिएका गल्ती र कमजोरीलाई स्वीकार गर्ने तत्परता र सकारात्मक वातावरणका लागि चाहिने त्यागको भावना आत्मसात् गर्न सकिरहेका छैनन्। उनीहरूले अहिले वार्तालाई रणनीतिक उपयोग मात्र गर्दा हुने "साइड इफेक्ट" का बारेमा सोचिरहेका छैनन्।

माओवादीको हतियारले कति परिवर्तन ल्याउन सक्यो त्यो इतिहासले मात्र मूल्याङ्कन गर्न सक्छ। अहिलेको यथार्थ के हो भने हतियार साथमा भएका कारण माओवादी कार्यकर्ता नेतृत्वको वशमा छैनन्। उनीहरूमा हतियारको मात बढिरहेको छ। सैन्य उन्मादले सीमा नाघेको छ। युद्ध विराम, शान्ति प्रकृया र आचार संहिता जारी रहेको अवस्थामा पनि माओवादीका हतियारबाट नागरिक हत्या भैरहेको छ। उनीहरूले नयाँ सत्ताका नाममा नागरिकहरूलाई मृत्युदण्डको सजाय दिइरहेका छन्। माओवादी हतियारका कारण आज पनि नागरिकहरू सकी-नसकी चन्दा वा करका नाममा माओवादीलाई पैसा दिई जीवन किनेर बाँच्न विवश छन्। आचार संहिता देखाउने दाँत मात्र बनेको छ। माओवादीले किस्ता किस्तामा मात्र युद्धविराम गर्नु, सैन्य भर्ती कायमै राख्नु र हतियारसहितका उद्दण्ड कार्यकर्ताहरूलाई छाडा छोड्नुले के अर्थ आउँछ ? माओवादीका सेनाको त तै कुरासम्म उठेको छ, तर देशभर आतङ्क मच्चाउँदै हिँड्ने माओवादीका मिलिसियालाई डामेर पशुपतिमा छाडिएका साँढेझैं सधैं मनपरी गर्न दिइरहने ? किन बोल्दैन सरकार ? किन बोल्दैनन् पार्टीहरू ? किन तिनै मिलिसियाका स्यालुट खानमा गौरव गर्छन् केही नागरिक समाजका अगुवा भनाउँदाहरू ?

सरकारले पनि दण्डहीनतालाई निर्मूल गर्न सकेको छैन। अधिकार उल्लंघनका प्रमुख योजनाकार मानिएका व्यक्तिलाई नेपाली सेनाका नयाँ प्रधान सेनापति बनाइएको छ। हिंसात्मक द्वन्द्वको बहाना बनाएर कानुनविपरित मानवहत्या र ज्यादतीमा संलग्न सुरक्षाकर्मीबारे पनि कुनै छानबिन भइरहेको छैन। आयोग र समितिहरू जति भने पनि गठन गर्ने, तर तिनको प्रतिवेदन भने कुनै दराजमा थन्क्याएर धूलो र धमिराको आहारा बन्न छाडिदिने प्रवृत्तिलाई लोकतान्त्रिक नेपालको सरकारले पनि निरन्तरता दिएको देखिएको छ। आफूले

माओवादीले किस्ता किस्तामा मात्र युद्धविराम गर्नु, सैन्य भर्ती कायमै राख्नु र हतियारसहितका उद्दण्ड कार्यकर्ताहरूलाई छाडा छोड्नुले के अर्थ आउँछ ? माओवादीका सेनाको त तै कुरासम्म उठेको छ, तर देशभर आतक्त मच्चाउँदै हिँड्ने माओवादीका मिलिसियालाई डामेर पशुपतिमा छाडिएका साँढेझैं सधैं मनपरी गर्न दिइरहने ? किन बोल्दैन सरकार ? किन बोल्दैनन् पार्टीहरू ? किन तिनै मिलिसियाका स्यालुट खानमा गौरव गर्छन् केही नागरिक समाजका अगुवा भनाउँदाहरू ?

दण्डहीनतालाई निर्मूल गर्न नसकेकैले होला, सरकारले अन्य अपराधीहरूलाई कारवाही गर्न पनि सकेको छैन। त्यसैले त, नयाँ सत्ताका नाममा माओवादीबाट भएका तमाम खाले अपराधहरूलाई कानुन भन्दा माथि राखिएको छ। राज्यले माओवादी कार्यकर्तालाई कुनै अपराधमा रङ्गेहात पक्राउ गरेर ल्याए पनि नयाँ सत्ताको कार्यकर्ता भएको नाममा प्रहरी प्रशासनले कारवाही गर्न नसक्ने अवस्था भएको छ। माओवादीइतर आपराधिक समूहबाट पनि देशभर लुटपाट मच्चिँदा पनि तिनलाई कारवाही गर्न नसकेर सरकार आफ्नो कर्तव्यबाट च्यूत भएको छ।

मुलुकको दिगो शान्तिका लागि खाका सार्वजनिक भएको छैन। त्यसमा विभिन्न पक्षबाट प्रस्तुत हुने मुद्दाहरूमाथि नागरिक बहस हुन पाएको छैन। मुलुकलाई रोगमुक्त पार्नका लागि पहिला रोगको पहिचान हुनु पर्नेमा त्यसो नगरिएकाले कतै पेट दुखेको टाउकाको औषधी नाइटामा लगाउने भनेर एउटा उखानमा भनिएजस्तो हुन लागेको पो हो कि भन्ने आशङ्का पैदा भएको छ। तसर्थ अहिले रोगको पहिचान गर्ने बेला हो। तब मात्र संविधानसभालगायतका प्रकृया सकारात्मक फलदायी हुन्छन्।

नेकपा (एमाले), नेपाली कांग्रेसलगायतका राजनितिक पार्टीहरूले हिजो द्वन्द्वका क्रममा मारिएका आफ्ना होनाहार कार्यकर्ताबारे केही बोलिरहेका छैनन्। जब कि मारिएका ती कार्यकर्ताका परिवारको जिम्मेवारी लिने र उनीहरूलाई न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति दिने पहिलो जिम्मेवारी राजनीतिक पार्टीहरूको हो। पीडित परिवारहरूले राजनीतिक पार्टीहरूसमक्ष बारम्बार भनेका छन् – "मारिएका आफ्ना कार्यकर्ताबारे बोल। तिमीहरूले सुराकी गर्न पठाएका हौ भने हो हामीले सुराकी गर्न पठाएका हौं भन। होइन भने मारिएका नागरिकहरूको राजनीतिक तथा सामाजिक योगदानको मुल्याङ्कन गरी सहिदं घोषणा गर।" तर यस्तो मानवीय आग्रहलाई समेत बेवास्ता गरिएको छ।

जुन नागरिकको बाबुलाई माओवादीले मार्दा बगेको रगत आलै छ र हत्यारा अझै पनि त्यो रगतको पोखरीलाई हेर्दै जुँगा मुसारेर अट्टाहास गरिरहेको छ, ऊ कसरी घर फर्कन सक्छ संविधानसभामा भोट हाल्न भनेर ? माओवादी कार्यकर्ताको बर्बर यातनाले क्षतविक्षत हुँदा पनि उपचार नपाएर कुनै गल्लीमा सडिरहेको व्यक्ति कसरी उभिन सक्दछ मतदान केन्द्रमा संविधानसभामा भोट हाल्न भनेर ? जसको घर-जग्गामा अझैसम्म माओवादीको नाममा कसैले कब्जा जमाइरहेको छ र गाउँ फर्केमा सिध्याइदिने धम्की दिइरहेको छ, ऊ कसरी पुग्न सक्छ मतपेटिकासम्म संविधानसभामा भोट हाल्न भनेर ? कि भन्नु पर्‍यो – "संविधानसभा त एउटा नाटकका रूपमा मञ्चन गर्न लागेका हौं हामीले। निर्णय त माओवादीको हतियारले गरिसकेको छ।" होइन भने, यो देशको प्रत्येक नागरिकले निर्भयतापूर्वक भोट हाल्ने परिस्थिति नबनाई संविधानसभाको ट्याउँ ट्याउँले मात्र कसरी हुन्छ ? आतङ्कपीडितहरूका घाउमा नुन-चुक छर्केर उनीहरूलाई "लौ शान्ति आइहाल्यो, अब हाँस" भनेर कसरी हुन्छ ?

दिगो निकासका लागि आज या भोली जहिले पनि पहिलो अनिवार्य आवश्यकता के हो भने हिजो सशस्त्र द्वन्द्वका क्रममा निशस्त्र नागरिकमाथि भएका मानवअधिकार हनन र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडक र पीडितलाई क्रमशः सजाय र न्याय प्रदान गर्नु हो। द्वन्द्वको क्रममा भौतिक क्षति भएका नागरिकहरूलाई निश्चित क्षतिपूर्ति दिएमा उनीहरूको समस्या समाधान हुन सक्ला, उनीहरू पुनर्स्थापित हुन सक्लान्। तर मानवीय क्षतिको पूर्ति भौतिक रूपमा त हुन सक्दैन। केही हजार वा लाख रुपैयाँ प्रदान गरेर मात्र समस्याको समाधान हुन सक्दैन। पीडितहरूबीचमा पनि पीडाका फरकपनअनुसार दृष्टिकोणमा पनि फरकपन छन्। माओवादी पीडित संघले आर्थिक मुद्दा लिएर सिंहदरबार घेरिरहेको छ भने र आतंक पीडित टुहुरा समाज न्यायिक अभियान सुरु गरेर राजनीतिक दलहरू, सरकार, नागरिक समाज, मानव अधिकारवादी र अन्तर्राष्ट्रिय समुदायसम्म पुगिरहेको छ। यसबाट के बुझ्नु पर्छ भने हिजोको बर्बर ज्यादतीको निष्पक्ष न्यायिक छानबिन गरी पीडितलाई न्यायको प्रत्याभूति दिन पीडाका आधारमा राहतको व्यवस्था हुनु जरुरी छ।

मुलुकको सफल शल्यक्रियामा माओवादीको प्रमुख भूमिका हुन्छ। यदि माओवादी इमान्दार भएर मुलुकको लागि कति त्याग गर्ने भनेर आउने हो भने देशको निरामयताको लागि गरिन लागेको शल्यक्रिया सफल हुन्छ। यसका लागि लागि माओवादीले आफ्ना ठूला र साना हतियारको वास्तविक तथ्याङ्क लिनु पर्दछ। सार्वजनिक नगरोस् सही, तर कति छन् भन्ने थाहा त हुनु पर्‍यो। आज आफ्नो पार्टीसँग कति हतियार छन् भन्ने कुरा प्रचण्डलाई थाहा छैन। भोली माओवादीका हतियारि अपराधीका क्रियाकलापमा संगठित रूपले प्रयोग भयो भने त्यसको जिम्मेवारी कसले लिने ? हतियारको तथ्याङ्क लिँदै नागरिकविरुद्ध हतियार प्रयोग नगर्न आफ्ना कार्यकर्तालाई प्रशिक्षित गर्ने जिम्मेवारी पूर्णतया माओवादी नेतृत्वकै हो।

यस क्रममा राज्यले अन्तर्राष्ट्रिय समुदायको सहयोगमा माओवादी कार्यकर्ताको पालन पोषणको जिम्मा लिनु पर्छ। माओवादीको ज्यादतीका कारण पीडितहरूमध्ये पनि भोकै-नाङ्गै अनेक हण्डर पाइरहेकाहरूको पालन पोषणको जिम्मेवारी पनि सरकारले नलिई सुख पाउँदैन। तत्काल युद्धविराम र शान्ति सम्झौता हुनु पर्दछ। गाउँ गाउँमा युद्धविराम आचार संहिताको अनुगमन गरिनु पर्छ। उप्रान्त हुने अपराधका अपराधीहरूलाई माओवादीले पार्टीबाट निस्कासन गर्ने र राज्यले जागिरबाट निस्कासन गर्ने एवं राज्यको कानुनबमोजिम कारवाही चलाउने संयन्त्रको निर्माण हुनु पर्दछ। यति नभई शान्ति प्रकृया वास्तवमै सुरु भएको मान्न सकिँदैन र सफलताप्रति आश्वस्त हुन पनि सकिँदैन।

हिजोका दिनमा भएका मानवताविरोधी अपराध, मानवअधिकारको हनन, मानवीय कानुनको उल्लङ्घन तथा विभिन्न ज्यादतीको छानविनका लागि अधिकार सम्पन्न आयोग 'ट्रुथकमिसन' गठन गर्नु पर्दछ भन्ने माग पीडितहरूको रहेको छ। दण्डहीनताको अन्त्यका लागि आधारभूत कदम चालिनु पर्दछ। यसका लागि कतिपय नयाँ कानुनी व्यवस्थासमेत गर्नु पर्ने पनि हुन सक्दछ। त्यस्तै, रोम विधानको अनुमोदन पनि तत्काल गर्नु पर्दछ।

(लेखक अधिकारी *आतङ्कपीडित टुहुरा समाज* का अध्यक्ष हुनुहुन्छ।)

संविधानसभा र समावेशी प्रतिनिधित्वको सवाल

– प्रकाश न्यौपाने 'विदुर'

संविधानसभामा समावेशीकरणको मुद्दा यतिखेर ज्वलन्त सवालका रूपमा देखिएको छ। संविधानसभालाई साँच्चै नै देशको सङ्कटमोचक बनाउने हो भने यो सवालको उपयुक्त जवाफमा नेपाल पुग्नु पर्दछ पनि। शब्दमा दोहोऱ्याउन सजिलो भए तापनि समावेशी प्रतिनिधित्वको सवालको जवाफ व्यावहारिक तहमा उतार्न सजिलो भने छैन। समावेशीकरणको आधार राजनीतिक आस्थालाई मान्ने हो वा भूगोललाई मान्ने हो वा जातीय पहिचानलाई मान्ने हो वा भाषिक पहिचानलाई मान्ने हो वा अन्य कुनै आधार पहिल्याउने हो ? यसबारे पर्याप्त छलफल हुन सकेको पाइँदैन।

दक्षिण अफ्रिकाको चार्ल्सटाउनबाट जोहानेसबर्ग जाँदैगरेका मोहनदास कर्मचन्द गान्धीलाई टाँगामा बसेको ठाउँबाट उठाएर खुट्टानेर थोत्रो बोरा ओछ्याई त्यहीं बस्न 'आदेश' दिने तथा गान्धीले नमान्दा निर्घात चुट्ने गोरेलाई के थाहाकि उसको खलनायकीसँगै गान्धीजीको 'महात्मा' बन्ने यात्रा सुरु भएको छ। न उसले सानो कदकाठीको भारतीयले गरेको सत्यान्वित आग्रहभित्र लुकेको मानवताको सन्देशलाई नै बुझ्यो। कथित उच्च जातीय अहङ्कारवादले ग्रसित त्यस क्षुद्रको भाग्यमा अभिशप्त हुनुबाहेक अर्को विकल्प रहेन। गान्धीजीले त्यसलाई वैयक्तिक अपमानबोधको रूपमा नलिएर सारा मानवताको सवालका रूपमा हेर्नु भयो। उहाँलाई कृशकाय, कमजोर देख्नेहरू हेरेका हेऱ्यै भए, इतिहासचाहिँ गान्धीजीको वरिपरि घुम्न थाल्यो।

विजयी भएको मिथ्याभिमान नभएको होइन औरङ्गजेबलाई सन् १६७५ नोभेम्बर ११ मा गुरु तेगबहादुरजीको देहलाई तरवारले टुक्याउँदा। परन्तु, हातले दाढी मुसार्दै गर्जिरहेको औरङ्गजेबलाई अनुमानै थिएनकि जति युग बित्दै जाँदोछ उति घृणापात्र बन्दोछ ऊ र गुरु तेगबहादुरजीको अमर बलिदान झन् झन् पूजिंदो छ।

'मुठीभर' त थिए स्पार्टाकसका साथीहरू। तिनका विद्रोहको प्रतिध्वनि युगौंयुग गुञ्जित भइरहँदा कसले पो सम्झला र स्पार्टाकसलाई सुलीमा उन्ने सेनापतिलाई ? के तिनीहरू फुर्केका थिएनन् र विजयाभिमानमा ? जीसस क्राइस्टलाई झुण्ड्याइँदा होस् वा जियोर्डानो ब्रुनोलाई जलाइँदा, सत्ताको मदमा मातेकाहरूले भविष्यको अनुमान गर्न कहिल्यै सकेनन्।

अदूरदर्शिताका यस्ता उदाहरणहरू अझै भेटिनेछन् इतिहासका पानामा। हाम्रैमा हेरुँ न– वि.सं. २०४६ चैत २७ गतेको दिनमा सगरमाथा भन्दापनि अग्ला देखिएका दलहरू एवम् नेताहरू कालान्तरमा माओवादीका अगाडि "म्याउँ" गर्ने स्थितिमा पुगे। अहिले माओवादी "जुन सत्तामा तिमीहरू बसेका छौ, त्यहाँ पुऱ्याइदिएको हामीले त हो। लौ हाम्रो भाग पनि झट्टै चाहियो।" भन्दैछ। घरको न घाटको बनाएर माओवादीलाई रत्नपार्कको भित्तामा नारा लेख्दासमेत चुप्पी उज्याएपछि जंगल नगएर उनीहरू जाने अर्को ठाउँ बाँकी नै कहाँ थियो ? अनि अहिले माओवादीले हतियारैको बलमा सबैलाई कुथ्थुर पार्छु भन्दैछ भने भोली त्यसको परिणाम पनि उल्टै फर्कँदैन भन्ने के छ र !

साँच्चै हो, धेरैपल्ट भएको छ यस्तोकि जित्यौं भन्ठानेकाहरू साह्रै नराम्ररी हारेका छन् र हराइएका भन्ठानिएकाहरू युग युगसम्मकालागि विजेता ठहरिएका छन्। बक्सिंगको रिङ्मा निर्धारित समयमा प्रतिद्वन्द्वीलाई निर्घात चुटेको भरमा 'च्याम्पियनसीप' कब्जा गरेजस्तो सोझो खेल पक्कै होइन इतिहासको कसीमा हुने द्वन्द्व।

दैवको लीला देखिएको छ– प्रचण्ड र बाबुरामहरू हप्काइरहेका छन् कांग्रेस-एमालेलाई : "ए भन, कता लाग्ने ? कि हामीतिर आओ, कि जाओ राजातिर।" 'ब्यालेट' को कसीमा पटक पटक आफूलाई खरो उतारिसकेका र जननेता हौं भनेर

संविधानसभाको तयारी चलिरहँदा अरुका त बरु सानै स्वरमा भए पनि कुरा सुनिँदै छन् । तर शुद्ध 'सर्वसाधारण नागरिक' को कित्तामा मात्र पर्ने एउटा पक्ष चूपचाप छ। संविधानसभाको तयारीका क्रममा जो माओवादीको शब्दमा पुरानो सत्ता भनिने कित्तामा पनि पर्न चाहँदैन, नेपाली कांग्रेस, कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, नेमकिपा, जनमोर्चा जस्ता पुनर्स्थापित-संसदमा प्रतिनिधित्व रहेका 'संसद्वादी' कित्तामा पनि नपर्ने, माओवादीमा सामेल हुन नचाहने, संसद्मा नरहेका तर राजकृपाबाट मन्त्रिमण्डलमा पुगेका हरियाली पार्टी, जनमुक्ति पार्टी वा अरु ए बी सी डी पार्टीका हारमा पनि नबसेका र अन्यत्र कतै अस्तित्व नभएतापनि निर्वाचन आयोगमा दर्ता गराइएका पार्टीहरूको लहरमा पनि सामेल हुन नचाहेका, विभिन्न नाममा खुलेका जातीय संगठनमा नलागेका, तर यो देशका नागरिकको बकाइदा हैसियत भएकाहरूका आवाज सुन्नु पर्दछ कि पर्दैन ? त्यो शुद्ध 'सर्वसाधारण नागरिक' को कित्तामा मात्र पर्ने बबुरोको सुनुवाइ कसले गर्ने ? कुनै राजनीतिक समूहमा नलाग्दैमा उसको आवाजलाई दबाउने अधिकार कसैले किन पाउने ?

दावी गर्न मिल्ने हक भएका गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल र शेरबहादुर देउवाका कुरा भन्दा 'बुलेट' को बलमा डङ्गा पिट्न सफल प्रचण्डहरूका गर्जनले मिडियालाई मोहनी लाएको देखिन्छ।

अदूरदर्शिता नेपाली राजनीतिमा जहाँ-तहिँ लेस्सिएको पाइनेछ हेर्ने होभने। न गणेशमान र कृष्णप्रसादलाई गिरीजाप्रसादले आफूहरूलाईनै चपाइदेलान् भन्ने रत्तिभर पूर्वाभाष थियो न गिरिजाप्रसादलाई नै पत्तो थियोकि आफ्नै चेलो शेरबहादुरले घाँटीमाथि घुँडा धस्लान् भनेर। अनि, शेरबहादुरलाई आफैले हानेको भकुण्डो तात्तात्तै फर्केर आई आफै ठहरै हुनुपर्ला भन्ने चेत उतिबेला कहाँ रह्यो र ! कामरेड मोहनविक्रमलाई आफ्ना चेला-चपेटाहरू यसरी 'पर्तापी' होलान् भन्ने कहिल्यै सुझेन। बरा, बुढेसकालमा बच्चो खेलाएर उनी बस्दैगर्दा हिजोका उन्का फूच्चेहरूचाहिँ राज गरिरहेछन् 'प्रचण्डपथ'मा। कम औडाहा भएको होला त ! कुनै जमानामा प्रचण्ड-बाबुरामसँग एउटै पार्टीमा थिए अरेको आधारमा गोष्ठी र टिभीतिर झुल्कन पाएका समाजवादी आन्दोलन प्राइभेट लिमिटेडका कामरेडहरूको 'फेवरेट्' गीत नारायण गोपालको "मुटुमाथि ढुंगा राखी हाँस्नु पर्‍याछ" नहोस् किन ? उतिखेर निर्वाचन आयोगले बाबुरामको जनमोर्चालाई 'कैंची' चिह्न दिएर आफूहरूलाई आधिकारिकताको जामा पहिर्‍याइदिंदा छुनुमुनु नाच्ने अमिक शेरचन तथा उन्का भूमिगत कामरेड प्रकाश इत्यादिको काम त बरा प्रचण्ड र 'संसद्वादी' बीचमा हुलाकी बन्ने बाहेक के नै बाँकी रह्यो यतिखेर ? कहाँ कुनै बेला नेपाली कम्युनिष्ट आन्दोलनको मूलधार बन्नै आँटेको एमाले, कहाँ आज माओवादीले दिएको भाग खानु पर्ला कि भनेजस्तो अवस्था। यस्तै हुने त हो 'भोली' आँक्न नसक्दा।

अब साबिक रोग स्याहार्ने पालो आएजस्तो छ माओवादीको। उही कुनचाहिँ सिनेमामा "तँ मरेर म बाँच्नेकि म बाँचेर तँ मर्ने?" भनेर रोजाइएको जस्तो। काँक्रोमाथि हँसिया परेपनि, हँसियामाथि काँक्रो परेपनि सत्यानाश हुने त काँक्रैको न हो ! त्यसो त, शस्त्रबलको आडमा शक्तिशाली भएकाहरू स्वभावैले सनकी हुन्छन्। नत्र सिकन्दरले घोडाको नाममा बस्ती बसाउँदापनि उनका चण्ड-मुण्डहरूले जयजयकारै गरेको इतिहास किन पढ्न पाइन्थ्यो ! रमाइलै कुरा हो, अलेक्जाण्डर (सिकन्दर)ले करिब ७० ओटा नगरहरू स्थापित गर्दा प्राय: सबैको नाम 'अलेक्जाण्ड्रिया' राखेको भएतापनि कुनै दिन सनक चढ्यो उनलाईकि एउटा वस्ती किन नबसोस् मेरो प्यारो घोडाको नाममा ! बस्, झेलमको पश्चिम तटनेर घोडाको नामबाट बुसेफाला नगर स्थापित भइगयो।

युग बदलिएको छ तर बदलिएको छैन सैन्यवादीहरूको सोच। त्यसैले आश्चर्य नमान्दा हुन्छ प्रचण्ड सर वा बाबुराम सरले मनमौजी पाराले कुनै कुरा 'डिक्लेयर' गरिदिंदा। कुनै ठाउँमा बन्द गर्न मन लाग्यो, गर्दिन्छ। कुनै जिल्लाको नाम फेर्न मन लाग्यो, फेर्दिन्छ। कुनै विद्यालय, क्याम्पस वा विश्वविद्यालयको नाम फेर्न मन लाग्यो, फेर्दिन्छ। कुनै नीति, कुनै प्रक्रिया चाहिएन। प्रचण्ड सर वा बाबुराम सर मर्जी हुन्छ – आगे सात संसदवादी दलको भागमा एक तिहाइ, माओवादीको भागमा एक तिहाइ र नागरिक समाजको भागमा एक तिहाइ भएको संसद बन्नु पर्छ। तर्क किन चाहियो जब शस्त्रबल जो कुर्लेको छ। नत्र कांग्रेस र एमालेसहितको सात दलीय गठबन्धन बराबर माओवादी एक्लैले स्याहार्न कसरी पाउँछ ? अनि कहाँबाट आयो नागरिक समाजलाई एक तिहाइ दिने कुरा ? नागरिक समाजका अगुवा भनिएका तिनै होइनन्, जसले चुनाव लड्न जाँदा जमानत त जफत भएकै थियो, कतिपयले त १ सय भोट पनि पाएका थिएनन्। अनि कसरी ती हकदार हुन्छन् एक तिहाइ सिटको ? कहाँ छ जनाधार तिनको ? कसरी यो समावेशीकरणको मर्मअनुसार हुन्छ ? सत्तामा पुग्ने मन भए लडून् न चुनावमा, खोलून कुनै फेरि कुनै एक थान दल। नत्र माओवादीको बुइ चढेर अन्तरिम संसदमा एक तिहाइ सीटको दावी गर्न कसरी मिल्दछ ?

संविधानसभाको चुनाव त गर्ने ? कुन विधिले, कसरी गर्ने ? कति सदस्यीय बनाउने ? के के मुद्दा लिएर जाने ? सबैजना निर्धक्कसँग जान पाउने कि नपाउने ? समावेशीकरणलाई नारा मात्र बनाउने कि व्यवहारमै लागू गर्ने ? यो मुलुकमा सात दल र माओवादी मात्र छन् कि अरु पनि छन् ?

संविधानसभाको तयारी चलिरहँदा अरुका त बरु सानै स्वरुपमा भए पनि कुरा सुनिंदै छन्। तर शुद्ध 'सर्वसाधारण नागरिक' को कित्तामा मात्र पर्ने एउटा पक्ष चुपचाप छ। संविधानसभाको तयारीका क्रममा जो माओवादीको शब्दमा पुरानो सत्ता भनिने कित्तामा पनि पर्न चाहँदैनह नेपाली कांग्रेस, कांग्रेस (प्रजातान्त्रिक), नेकपा (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सद्भावना पार्टी, नेमकिपा, जनमोर्चा जस्ता पुनर्स्थापित-संसदमा प्रतिनिधित्व रहेका 'संसद्वादी' कित्तामा पनि नपर्नेह माओवादीमा सामेल हुन चाहँदैन, संसद्मा नरहेका तर राजकृपाबाट मन्त्रिमण्डलमा पुगेका हरियाली पार्टी, जनमुक्ति पार्टी वा अरु ए बी सी डी पार्टीका हारमा पनि नबसेका र अन्यत्र कतै अस्तित्व नभएतापनि निर्वाचन आयोगमा दर्ता गराइएका पार्टीहरूको लहरमा पनि सामेल हुन नचाहेका, विभिन्न नाममा खुलेका जातीय संगठनमा नलागेका, तर यो देशका नागरिकको बकाइदा हैसियत भएकाहरूका आवाज सुन्नु पर्छ कि पर्दैन ? त्यो शुद्ध 'सर्वसाधारण नागरिक' को कित्तामा मात्र पर्ने बबुरोको सुनुवाइ कसले गर्ने ? कुनै राजनीतिक समूहमा नलाग्दैमा उसको आवाजलाई दबाउने अधिकार कसैले किन पाउने ?

अब हुने राजनीतिक सम्मेलन वा अरु कुनै सम्मेलन, आयोजन र स्वयम् संविधानसभामा पनि कुनै एक वा अर्को पक्षलाई बाहिर पारियोभने त्यो कदम हिजो बाबुरामहरूलाई रत्नपार्कबाट खेदेजस्तो देशकालागि दु:खद् परिणामदायक नहोला भन्ठान्ने आधार के ? माथि भनिएझैं, के अब अदूरदर्शिताको साबिक रोग स्याहार्ने रहर माओवादीलाई लागेको हो त ? नत्र, जहाँनेर सबैको ध्यान बढी केन्द्रीत हुनुपर्थ्यो, त्यहाँनेर किन प्रवेशै गर्दैनन् माओवादी र अन्य वार्ताकारीहरू ?

नसोचून् कसैलेकि नेपालमा या राजावादी, या त 'संसदवादी' र या त कम्युनिस्ट (माओवादी देखि एमाले सम्मका

आफूलाई कम्युनिस्ट भन्न रुचाउनेहरू) बाहेक कोही पनि छैनन् भनेर। हिटलरले जर्मनीलाई जम्मा तीन ध्रुव –नाजी, यहूदी (कम्युनिस्ट र यहूदी एकै हुन् भन्ने अनौठो विश्लेषण उसको रहेको थियो) र पूँजीवादी (बुर्जुवा) –बाहेक अरु कोही छैनन् भनेर वर्गीकरण गर्दाको परिणाम के निक्लियो ? वा हिजो भारतमा स्वाधीनता संग्रामको क्रममा कांग्रेसले आफू र अंग्रेज सत्तामात्रै लडिरहेको भ्रमबाट बाहिर आउन नचाहँदा मुस्लिम लिगले देशै चोइट्याएको उदाहरण नजिकै छैन र ? हाम्रै देशमा कांग्रेस, एमाले र परम्परागत राजाबाहेक अर्को शक्ति छैंदैछैन भनेर निषेध गरेपछि कतै निकास नपाएरै नेकपा (माओवादी) जंगलवादी हुनुपरेको होइन र ? कसैलाई 'अन्डर-इस्टिमेट' गर्ने वा जबर्ज्जतीसँग 'लेबल' थोपर्ने गल्ती पुनः पुनः गर्छन् आफूलाई शक्तिशाली भन्ठान्नेहरू भने यतिमात्र भनौंकि योपनि अर्को एक दुर्भाग्यपूर्ण कार्य हुनेछ नेपाली राजनीतिक वृत्तमा।

कसैको पृथक् अस्तित्वलाई अरु कसैले कुनै कित्तामा तोकिदिएकै भरमा वा 'मुठीभर' हुँदैमा हामी हातमा दही जमाएर र मुखमा पान चपाएर थुपुक्क बस्नु पर्छ भन्ने के छ ? कुनै 'लेबल' नलगाई आफूलाई शुद्ध सर्वसाधारण नागरिक मात्र ठान्नेहरूको आवाज नखोज्ने हो भने उनीहरू आफै अघि नआउन पनि सक्छन्। किन भने उनीहरू वैयक्तिक वा सानो समूहको तहमै मात्र अन्तर्क्रिया गरिरहेका हुन्छन् र तिनीहरूलाई कांग्रेस-एमालेका लाखौंको संख्यामा पार्टी-सदस्यता लिएका वा माओवादीका हजारौंको संख्यामा हतियार भिरेका कार्यकर्ताले सहजै चूप लगाउन सक्लान्। यति हुँदाहुँदै पनि, त्यो बबुरो नागरिकलाई बेवास्ता गर्ने अधिकार कसैलाई छैन।

खासगरी, प्रस्तावित संविधानसभालाई सही उपयोग गर्न जान्ने होभने नेपालले यसअघि कहिल्यै हासिल हुन नसकेको उपलब्धि हासिल हुने सक्ने प्रष्ट आधार छ। त्यही कारणले यो देशको प्रत्येक तह, तप्का, वर्ग, समुदाय मात्र होइन कि प्रत्येक व्यक्तिले आफ्नो भावनाको प्रतिनिधित्व संविधानसभामा होस् भन्ने चाहेको छ। सबै मान्छे व्यक्तिगत रूपमा त्यहाँ पस्न र बस्न सम्भव छैन, तर समावेशीकरणलाई वास्तवमै व्यावहारिकृत गर्दा सबैको भावनाको प्रतिनिधित्व भने हुन सक्दछ। संविधानसभा केवल भीडबल वा शस्त्रबलको बलमिच्याइँमा नचलोस्।

संख्याबलमा वा शस्त्रबलमा साना, तर विचारले ठूला गैरराजनीतिक संगठन र व्यक्तिहरू पनि यो देशमा हुन सक्छन्। संविधानसभाको तयारीका लागि हुने कुनै राजनीतिक सम्मेलन वा कुनै अन्य आयोजनमा ती सबैले निर्बाध प्रवेश पाउनु पर्दछ र आफ्ना कुरा निर्धक्क समान हैसियतमा राख्न पाउनैपर्छ। नत्र, अस्तित्वकोलागि ती सबैले संघर्ष गर्नै पर्ने हुन्छ। त्यो संघर्षका क्रममा, हिजोका शक्तिशाली कांग्रेस-एमालेहरू आज साक्षी किनारामा सही गर्ने हैसियतमा साँघुरिएको नियति माओवादीहरूका हकमा दोहोरिदैन भन्ने कसैले नठानोस्।

कथित उच्चजातीय अहङ्कारवादको ठाउँमा कथित जनजाति–आदिबासी अहङ्कारवाद र कथित निम्न जातीय अहङ्कारवादलाई अगाडि सारेर समाधान कसरी हुन्छ ? अनि राज्यले सबैलाई समावेश गर्न सकेन भन्ने नाममा बाइसे-चौबिसे टुक्रे सोच राखेर कसरी हुन्छ ? अनि जातीय प्रतिनिधित्वको जुन कुरा आइरहेको छ, त्यसमा राउटे, कुसुण्डा, बोटे, कुमाल, चेपाङ्जस्ता सीमान्तीकृतहरू र बङ्गाली, सिखजस्ता अत्यल्प संख्याकाहरू पनि पर्ने कि कथित उच्च जातीय अहङ्कारको ठाउँमा कथित जनजाति-आदिबासी र कथित निम्न जातिको आवाजलाई मात्र चर्काउने ? अनि जातैलाई प्रतिनिधित्वको आधार मान्ने हो भने यो समाज विकासको चरणमा रहेको कबिलाइ मानसिकता भन्दा कसरी फरक भयो ? यी सबैको जवाफमा संविधानसभाको तयारीकै क्रममा घोत्लिनु पर्ने हुन्छ।

संसदले नेपाललाई धर्मनिरपेक्ष घोषणा गरेको छ र अब धर्मको आधारमा कुनै भेदभाव नहुने बताएको छ। संविधानसभाका लागि सिट निर्धारण गर्दा यो पक्ष पक्कै ख्याल राखिएला। तर यो हेर्दा जति सोझो छ, कुरा त्यति सोझो छैन। उदाहरणका लागि मुसलमान भनेको जात भन्दा पनि धर्म हो, तर नेपालमा त्यसलाई जातीय समूहका रूपमा पनि लिने गरेको पाइएको छ। तर त्यसको गठनको आधार भने एक मात्र धार्मिक पहिचानगत आधार हो। उसलाई भलै जातको नाममा प्रतिनिधित्व दिइएला अरे, तर त्यो धार्मिक समुदाय पनि हो र त्यस्तो धार्मिक समुदायलाई त्यही पहिचान मात्रको आधारमा प्रतिनिधित्व दिँदा कसरी धर्मनिरपेक्षता कायमै रह्यो ? अनि जैन र सिखहरूले त्यही आधारमा छुट्टै प्रतिनिधित्व पाउने कि नपाउने ? जब त्यसरी दिने हो भने कहाँ पुग्ला धर्मनिरपेक्षताको मर्म ? यिनको जवाफ पनि संविधानसभाको तयारीकै क्रममा घोत्लिनु पर्ने हुन्छ।

संविधानसभालाई समावेशी बनाउन के कस्ता उपायहरू अपनाउन सकिन्छ भन्नेबारे जति छलफल हुनु पर्ने हो त्यति भइरहेको छैन। त्यसमा पनि बोल्नेहरूको, टाठा-बाठाहरूको मात्र कुरा सुनिएको छ। हो, निश्चय नै हिजो बोल्न नपाएकाहरूमध्ये थुप्रै समूह आज बोल्न पाएका छन्। तर अझै पनि यस्ता समूह बाँकी छन्, जसको खोजखबर कतैबाट हुन सकेको छैन। किन आजसम्म नेपालका मिडियाले एकजना पनि राउटे वा कुसुण्डाले संविधानसभाबारे बोलेको कुरालाई अगाडि ल्याउन सकेको छैन ? के उनीहरूलाई यो देशमा उनीहरूको पनि भाग्यको फैसला अरु संख्याबल र शस्त्रबल भएकाहरूले नै टुङ्ग्याउँदै छन् भन्ने थाहा छ ? थाहा छ भने उनीहरू कसरी सोचिरहेका होलान् ? उनीहरूका आवाजलाई संविधानसभामा प्रतिनिधित्व गराउनेबारे सरकार, सात दल र माओवादीसँग के कस्ता सिद्धान्त, रणनीति र कार्यनीतिहरू छन् ? जस्तो कि महिलालाई ३३ प्रतिशत दिँदा त्यसभित्र सबै जातीय वा भाषिक समूहमा पनि आन्तरिक रूपमा त्यस्तो सुनिश्चितता होस् भन्नेबारे कस्तो तयारी छ ? नत्र संविधानसभासँग जुन हदको जनअपेक्षा रहेको छ, त्यसलाई पूर्ति गर्न नसकी पुनः नयाँ चरणको असन्तोषको भुमरी सुरु हुने आशङ्का नकार्न सकिँदैन।

(लेखक न्यौपाने एक्मी इन्जिनियरिङ्ग कलेजमा प्राध्यापन गर्नुहुन्छ।)

संविधानसभाको चुनावमा संयुक्त राष्ट्रसंघको भूमिका

विद्या चापागाईं

संविधान निर्माणको प्रक्रियामा अन्तर्राष्ट्रिय समुदायले प्रभावकारी भूमिका खेल्दछ र कुनै अवस्थामा सफलताको लागि महत्वपूर्ण हुन्छ। नागरीकहरूलाई यस वारे जानकारी दिने देखि लिएर अन्य समुदायहरूसँग व्यापक छलफलहरू र अन्तर्राष्ट्रिय समुदायद्वारा श्रोत उपलब्ध नगराइएको अवस्थामा गर्न सकिँदैन। यस अतिरिक्त संविधानसभाको चुनावमा अन्तर्राष्ट्रिय संवैधानिक विशेषज्ञहरूद्वारा संविधान मस्यौदाका लागि मानव श्रोत पनि जुटाइएका हुन्छन्। नेपालको संविधानसभाको निमार्ण प्रकृयामा नेपालका छिमेकी राष्ट्रहरू, दाता राष्ट्रहरू, अमेरिका र पश्चिमि मुलुकहरूको चासो रहेकोछ। संविधानसभाको चुनाव मुलुकको वर्तमान राजनीतिक संकट समाधान गर्ने प्रमुख हतियार भएको संविधानसभाको चुनाव निष्पक्ष र शान्तिपूर्ण वातावरणमा हुनु पर्दछ।

नेपाल सरकार अर्को वर्षको सुरुमा संविधानसभाको चुनाव गर्ने तयारी गरी राखेको समयमा अन्तर्राष्ट्रिय समुदाय विशेष गरेर भारत, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, चीन र संयुक्त राष्ट्रसंघले नेपालको वर्तमान संक्रमणकालीन समयमा महत्वपूर्ण सहयोगीको भूमिका खेल्न सक्दछन्। अफगानिस्तान, बोलिभिया, पूर्वी टिमोर, पेरु र द्वन्द्वका कारण संकटमा परेका मुलुकहरूमा जस्तै नेपालमा पनि संविधानसभाको चुनावमा र नयाँ संविधानको मस्यौदा गर्न प्राविधिक सहयोग र सुझावको आवाश्यकता पर्दछ। युद्धविराम अनुगमन र सेना र माओवादीवाट हुन सक्ने मानवअधिकारको उल्लंधनको पर्यवेक्षण गर्न संयुक्त राष्ट्रसंघका साथ साथै अन्य अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले प्रत्यक्ष रूपमा अनुगमन गर्न सक्दछन्।

नेपाल सरकारद्वारा २ जुलाई २००६ मा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानलाई पठाइएको पत्रमा संविधानसभाको चुनाव स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गराउन माओवादी लडाकूहरूको अनुगमन र तिनीहरूको हतियार भविष्यमा प्रयोग गर्न नमिल्ने गरी व्यवस्थापन गर्न सहयोग पुर्‍याउन, नेपाली सेना व्यारेक भित्र छ। छैन र स्वतन्त्र र निष्पक्ष संविधानसभाको चुनावको पक्ष वा विपक्षमा कतै तिनीहरूको प्रयोग भइरहेको छ। छैन भन्नेवारे अनुगमन गर्न र संविधानसभाको चुनाव पर्यवेक्षण गर्नका लागि सहयोग सुरु गर्न आग्रह गरिएको छ।

साउनको दोश्रो साता स्टेफन डी मिस्टुराको नेतृत्वमा आएको संयुक्त राष्ट्र संघीय उच्चस्तरीय टोलीले महासचिव कोफी अन्नानसमक्ष बुझाएको प्रतिवेदनमा संयुक्त राष्ट्रसंघको राजनीतिक विभागले दिएको सुझाव अनुसार शान्ति प्रक्रियालाई अघि बढाउन महासचिवले २५ अप्रिल २००६ मा नेपाल स्थित संयुक्त राष्ट्र संधिय उच्चायुक्त कार्यालयका प्रमुख इयान मार्टिनलाई आफ्नो व्यक्तिगत प्रतिनिधिको रुपमा नियुक्त गर्नु भएको छ। युद्धविराम आचार संहिताको अनुगमन, नेपाल सेना र माओवादी सेना र तीनिहरूका हतियार व्यवस्थापन र संविधानसभाको चुनावको अनुगमनलगायतका विषयहरूमा यस शान्ति स्थापना टोलीले सहयोग गर्नेछ।

अन्तर्राष्ट्रिय समुदाय विशेष गरेर भारत, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, चीन र संयुक्त राष्ट्रसंघले नेपालको वर्तमान संक्रमणकालीन समयमा महत्वपूर्ण सहयोगीको भूमिका खेल्न सक्दछन् ।

सो टोलीले शान्ति स्थापनाका लागि सरकार, माओवादी र अन्य पक्षहरूसँग नजिक रहेर काम गर्ने जानकारी टोली नेता इयान मार्टिनले गराउनु भयो। जसमा एउटा टोली हतियार विस्थापन, दुवै पक्षका सेनाको अनुगमन, युद्धविराम आचार संहिताको मस्यौदा र संविधानसभाको चुनावमा सक्रिय रूपमा काम गर्ने जानकारी दिएका थिए। संयुक्त राष्ट्रसंघको भूमिका नेपालमा दिगो शान्ति स्थापना गर्ने तर्फ केन्द्रित हुने छ र त्यसको लागि नेपालीहरूले पनि शान्ति स्थापनाका लागि अग्रणी भूमिका खेल्नु पर्दछ।

अफ्रिकामा संयुक्त राष्ट्रसंघीय संक्रमणकालीन सहयोग समूहले सफलतापूर्वक संविधानसभाको चुनाव गराएको थियो। धेरै अप्ठ्याराहरू हुँदाहुँदै पनि ९० प्रतिशत भन्दा बढी मतदाताहरूले चुनावमा भाग लिएका थिए। यस्लाई मूल्याङ्कन गर्दा स्वतन्त्र र निष्पक्ष रुपमा भएको महासचिवमा विशेष प्रतिनीधिले जनाएका थिए।

त्यस्तै पूर्वी टिमोरमा करिब २८४ जना संयुक्त राष्ट्रसंघीय स्वयंसेवकले चुनावको कार्यविधि र संविधानसभाको चुनावको औचित्यवारे जानकारी दिन टिमोर को गाउँ-गाउँ घुमेका थिए। सन् १९९० मा संयुक्त राष्ट्रसंघको सुरक्षा परिषदले पूर्वी टिमोरको संत्रमणकालीन प्रजातन्त्रलाई सहयोग गर्नका लागि संयुक्त राष्ट्रसंघीय संक्रमणकालीन प्रशासनको स्थापना गरेको थियो। सन् २००१ मा पूर्वी टिमोरमा पहिलो प्रजातान्त्रिक संविधानसभाको चुनाव हुँदा संयुक्त राष्ट्रसंघले उल्लेखनीय सफलता हासिल गरेको थियो।

सूचनाको पहुँचमा सघाउने, विशेषज्ञद्वारा अन्य मुलुकको संविधान निमाण गर्दाको अनुभव आदान प्रदान गर्ने जस्ता कार्यमा पनि अन्तर्राष्ट्रिय समुदायले सहयोग गर्न सक्दछ। इराकको संविधान निमार्ण गर्दा संयुक्त राष्ट्रसंघ, संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिका इन्स्टिच्युट अफ पिस, अमेरीकन वार एसोसियसन, इराक कानुनी विकास परियोजना र अन्य इराकका संघ संस्थाले यस्ता कार्य गरेका थिए। नेपालको जस्तै परिस्थितिवाट गुज्रेका मुलुकहरू, दक्षिण अफ्रिका, अफगानिस्तान, मध्य र पूर्वी युरोपेली राष्ट्रहरू, पूर्वी टिमोर र मध्य पूर्वका मुलुकहरूले पनि नेपालले चाहेको खण्डमा आफ्नो अनुभवद्वारा सहयोग गर्न सक्दछन्।

शान्ति प्रक्रिया र मानवअधिकार

सुशील प्याकुरेल

जनआन्दोलनले एउटा चरण पूरा गरेको पाँच महिना पुग्न थालिसकेको छ। "निरंकुशता र युद्धको अन्त्य" को चाहना राखेका नेपाली जनताले वैशाख ११ मा राजाले घुँडा टेकेपछि देशमा लोकतन्त्र र शान्तिको स्थापनाको लागि ठोस प्रक्रियाहरू सुरु हुनेछन् भन्ने आशा गरेका थिए। एक दशकभन्दा बढीको हिंसा र प्रतिहिंसा अनि दमन र आतङ्कको जीवन भोगेका नेपालीले शान्ति र सम्मानको जीवन बाँच्न पाउनु पर्ने माग जनआन्दोलनको माध्यमबाट गरेका थिए।

जनयुद्धले १० वर्ष अवधि पार गर्दा-नगर्दा विभिन्न राजनैतिक दल र माओवादी दुवैले नेपाली जनताको शान्ति र विकासको बाधक चिन्न थालिसकेका थिए। ०६२ मा सात दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ बुँदे सहमति पछि नेपाली जनता शान्ति र लोकतन्त्रको स्थापनाप्रति आश्वस्त बनेका थिए। तर पाँच महिना अघि घोषणा गरिएको "युद्धविराम" अझै संस्थागत हुन नसक्दा युद्धको अन्त्यप्रति जनता सशंकित हुन थालेका छन्। आफ्नो जीवनमा कुनै परिवर्तन नभएको पाउँदा शान्ति स्थापना प्रति निराशा व्यक्त गर्न थालिसकेका छन् र जनतामा फेरि निराशा उत्पन्न हुँदैछ। सामान्यतया लामो द्वन्द्वपछिको शान्ति स्थापना प्रक्रिया सहज र सरल रेखामा जादैन, तर द्वन्द्वरत पक्षले सबैभन्दा पहिले शान्तिप्रति आफू प्रतिबद्ध रहेकोप्रति जनतालाई आश्वस्त पारेको विश्वमा सफल शान्ति प्रक्रियाका अनुभवहरू छन्।

राजाको घोषणापछि सात दलबाट संघर्ष रोकिएकोलाई माओवादीले "धोका" को संज्ञा दिएर संघर्ष जारी राख्ने बताएपछि जनआन्दोलनका सहयात्रीहरू बीचमै द्वन्द्व बढ्ने त्रास उत्पन्न भएको थियो। तर संसद पुनर्स्थापना भएपश्चात् लगत्तै संसदले देशमा स्थायी शान्ति र लोकतन्त्रको लागि जनआन्दोलनको मागअनुसार संविधानसभाको चुनाव गर्ने घोषणा गरेपछि सात दल र माओवादीबीच शान्ति स्थापनाको सहकार्यको ढोका खुल्यो। जेठ ४, ०६३ को संसदको घोषणाले "राजा" को अधिकांश शक्तिहरूमा कटौती गरेपछि माओवादीहरू सात दलको क्रियाकलापप्रति सशंकित भएको अभिव्यक्ति बाहिर आउन थाल्यो। लोकतन्त्रको र शान्तिको लागि बाधक राजा भएको र तीनको शक्ति क्षीण पार्ने काम उचित भएपनि माओवादीको संलग्नताबिना गरिएको सो घोषणाको मनसाय प्रति माओवादीको शंका अभिव्यक्त भएको हो भनिन्छ।

> ***लामो समयको हिंसा, दमन र उत्पीडनमा जीवन बिताएका जनताले जनआन्दोलनपछि उनीहरूको जीवनमा परिवर्तनको आशा राखेका थिए । तर सात दलको भनिएको सरकार, सात दल र माओवादीबीचमा जनतालाई राहत दिने विषयमा कुनै छलफल भएको जनताले सुन्न पाएका छैनन् । ग्रामीण र सुदूर इलाकाका जनताको स्वास्थ्य र खाद्यान्नको अभावप्रति ध्यान गएकै छैन । बरु सुरक्षाको अभावमा ती क्षेत्रका जनता पुनः संत्रासमा बाँच्न बाध्य भएका छन् । विस्थापितहरूलाई घर फर्काइने कुरालाई राजनैतिक नारा मात्र बनाइएको छ । विगतमा हजारौंको संख्यामा मानिस वेपत्ता पारिएका छन्, तर तिनको खोजी प्रति सरकार र माओवादी एक अर्कालाई दोष दिनमै व्यस्त छन् ।***

परिवर्तनपछि आन्दोलनका सबै पक्षबीचमा "विश्वास र सहकार्य" को अभिव्यक्ति आउनु पर्नेमा त्यसो हुन नसक्दा "विश्वास" को वातावरण बनाउने काममा सात दल र माओवादीको प्रयत्न नभएको भन्ने गुनासो सुनिन थालिसकिएको थियो।

जनआन्दोलनको जगमा १२ बुँदे सहमति भए तापनि जनआन्दोलनपछि भने दलहरूले सो सहमतिको मर्मलाई आत्मसात गर्न सकेनन्। १२ बुँदे सहमतिले "निरंकुश राजतन्त्र" नामाङ्कन गरिएको राजतन्त्रको अन्त्यको मात्र कुरा गरेको छैन, बरु निरंकुश राजतन्त्रको अन्त्यपछि नेपालमा पूर्ण लोकतन्त्र स्थापना र त्यसको आधारमा शान्तिको स्थायित्वको दिशामा एउटा मार्ग चित्र नै प्रस्तुत गरेको छ। सहमति तयार पर्दा सबै दलहरूबीचमा शान्ति र लोकतन्त्रको बाधक राजतन्त्र तथा हिंसा र द्वन्द्वको कारण मानव अधिकार हनन् भन्नेमा मतैक्यता भएको विभिन्न बुँदाहरूमा उल्लेख गरिएका भाषाबाट स्पष्ट हुन्छ। बुँदा २ मा संविधानसभासम्म पुग्ने प्रक्रियाको विषयमा भिन्दा भिन्दै विचार अभिव्यक्त भए पनि " ..... प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) वीचमा सम्वाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ" भन्ने उल्लेख भएकोले आन्दोलन पश्चात संविधानसभाको घोषणा संसदले गर्नु उचित भएपनि त्यहाँ पुग्ने प्रक्रिया बारे आन्दोलनरत दलहरू अर्थात् आठ दलबीचमा समझदारी निर्माण गर्नु पहिलो दायित्व थियो। बाह्र बुँदे सहमतिको तेश्रो, चौथो र पाँचौ बुँदाहरूले आन्दोलन

पश्चात सम्वोधन गर्नुपर्ने विषयहरूलाई किटानी साथ उल्लेख गरेको छ। त्यस्तै बुँदा आठमा "विगतको हिंसात्मक द्वन्द्वको आधार विगतका मानव अधिकार हनन् भएकोले शान्ति प्रक्रियालाई मानव अधिकारका मूल्य र मान्यताको सम्मान गर्ने र तिनका आधारमा अघि बढाइने तथा जनताको निर्बाध विचार र अभिव्यक्ति स्वतन्त्रतालाई अक्षुण्ण राख्न प्रेस स्वतन्त्रता को सम्मान गर्ने" प्रतिबद्धता जनाइएको छ।

लामो समयको हिंसा, दमन र उत्पीडनमा जीवन बिताएका जनताले जनआन्दोलनपछि उनीहरूको जीवनमा परिवर्तनको आशा राखेका थिए। तर सात दलको भनिएको सरकार, सात दल र माओवादीबीचमा जनतालाई राहत दिने विषयमा कुनै छलफल भएको जनताले सुन्न पाएका छैनन्। ग्रामीण र सुदूर इलाकाका जनताको स्वास्थ्य र खाद्यान्नको अभावप्रति ध्यान गएकै छैन। बरु सुरक्षाको अभावमा ती क्षेत्रका जनता पुनः संत्रासमा बाँच्न बाध्य भएका छन्। विस्थापितहरूलाई घर फर्काइने कुरालाई राजनैतिक नारा मात्र बनाइएको छ। विगतमा हजारौको संख्यामा मानिस वेपत्ता पारिएका छन्, तर तिनको खोजी प्रति सरकार र माओवादी एक अर्कालाई दोष दिनमै व्यस्त छन्। प्रधानमन्त्रीको हालैको अभिव्यक्तिले त वेपत्ता पारिएका व्यक्तिहरूको खोजीलाई "राजनैतिक मोलतोल" को विषय बनाइएको स्पष्ट भएको छ। "जनयुद्ध" मा १३ हजार भन्दा बढी मानिस मारिए भनिन्छ। तर ती को हुन, कहाँका हुन् ? यिनको खोजी कसरी गर्ने ? दुवैको चासो छैन। भन्ने हो भने प्रत्येक "मानव अधिकार र मानवीय समस्या" लाई राजनैतिक प्रचार र मोलतोलको विषय वस्तु बनाइएको छ। शान्ति स्थापनाको लागि बाह्रबुँदे सहमतिलाई कार्यान्वयन गर्ने दायित्व बोकेको सरकार यसप्रति पूर्ण उदासीन रहेको छ।

सातदल र माओवादीबीच सम्पन्न सहमतिमा शान्ति प्रक्रियाको आधार मानवअधिकारको मूल्य र मान्यता भनिए तापनि अहिले शान्ति स्थापनाको शर्त सत्ता भएको र सत्ता सैन्य शक्तिको आडबाट मात्र प्राप्त हुन सक्ने मानसिकताबाट सरकार र माओवादी ग्रसित भएको प्रष्ट हुँदैछ। मानवअधिकारप्रतिको बेवास्ताको बीचमा आन्दोलनको सहयात्री सबै दलले बुझ्नु पर्ने हो। जति बुँदे समझदारी भए तापनि ती नेताहरूको लागि गफ चुट्ने विषय त बन्न सक्ला। तर जनताको जीवनमा परिवर्तन ल्याउने छैन। जनता आफ्नो जीवनमा परिवर्तनको लागि बलिदानी संघर्षमा उत्रेको हो, दलहरूलाई सत्तासीन बनाउन मात्र होइन।

समय बित्दै जाँदा जनतामा शान्ति प्रक्रियाप्रति वितृष्णा उत्पन्न हुँदैछ । सरकारबाट मानवअधिकार हनन्कर्ताहरूले प्राप्त गरेका पुरस्कार र माओवादीको सत्ताको नाममा खुला आर्थिक दोहनबाट जनताले दलहरूलाई मुक्ति दाता हैन, संत्रासको स्वरूपको रूपमा बुझ्न थालेका छन् । यो अवस्था लामो समय सम्म चल्न सक्ने छैन । कष्टपूर्ण र संत्रासमा बाँच्न बाध्य जनताले सहयोग नगरेको अवस्थामा नेताहरूका समझदारी र घोषणाको कुनै अर्थ हुने छैन । अहिलेसम्म सात दल, माओवादी र सरकारबीच भएका समझदारीहरूको बुँदा ५० नाघिसकेको छ तर कुनै पनि बुादाले जनताको जीवनमा सकारात्मक प्रभाव पार्न सकेको छैन ।

समय बित्दै जाँदा जनतामा शान्ति प्रक्रियाप्रति वितृष्णा उत्पन्न हुँदैछ। सरकारबाट मानवअधिकार हनन्कर्ताहरूले प्राप्त गरेका पुरस्कार र माओवादीको सत्ताको नाममा खुला आर्थिक दोहनबाट जनताले दलहरूलाई मुक्ति दाता हैन, संत्रासको स्वरूपको रूपमा बुझ्न थालेका छन्। यो अवस्था लामो समय सम्म चल्न सक्ने छैन। कष्टपूर्ण र संत्रासमा बाँच्न बाध्य जनताले सहयोग नगरेको अवस्थामा नेताहरूका समझदारी र घोषणाको कुनै अर्थ हुने छैन। अहिलेसम्म सात दल, माओवादी र सरकारबीच भएका समझदारीहरूको बुँदा ५० नाघिसकेको छ। तर कुनै पनि बुँदाले जनताको जीवनमा सकारात्मक प्रभाव पार्न सकेको छैन।

उपर्युक्त परिस्थितिमा नेपाली समाजलाई फेरि निरंकुश शासनमा फर्कन र हिंसा दोहोरिन नदिन शान्तिलाई संस्थागत गर्दै लोकतन्त्रलाई ग्रामीण क्षेत्र देखिनै सुदृढ तुल्याउने वातावरणका लागि संघर्ष गर्नु मानवअधिकारकर्मीहरूको लागि पनि चुनौती भएको छ। आफैले गरेका समझदारीका मुख्य बुँदाहरू नै बिर्सिएका राजनैतिक दलहरूलाई ती बुँदाहरूको कार्यान्वयनको लागि दबाव दिन अधिकारकर्मीहरूले फेरि एकपटक ०६३ माघ १९ पछि कै स्तरको त्याग, सक्रियता र एकता प्रदर्शन गर्नु आवश्यक भैसकेको छ।

३० भदौ २०६३

अन्तरिम संविधान मस्यौदा समितिको काम : संविधान लेख्ने कि अन्तर्वार्ता दिने ?

यो अध्ययन मदन भण्डारी मेमोरियल कलेजस्थित सञ्चार अध्ययन केन्द्र (कम्युनिकेसन स्टडी सेन्टर – सीएससी) का लागि निर्मलमणि अधिकारीद्वारा गरिएको हो । अन्तरिम संविधान मस्यौदा समितिको कामबारे विभिन्न टीकाटिप्पणी भइरहेको वर्तमान अवस्थामा मिडिया शोधको दृष्टिकोणबाटसमेत समितिको कार्यको मूल्याङ्कन गर्न सकिने दृष्टान्तस्वरूप यो सामग्री प्रस्तुत गरिएको छ ।

परिचय

नेपाल सरकार र नेकपा (माओवादी) बीच ०६३ असार २ गते प्रधानमन्त्री निवास, बालुवाटारमा सम्पन्न शिखर वार्ताले पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालको संयोजकत्वमा अन्तरिम संविधान मस्यौदा समिति गठन गऱ्यो। मस्यौदा समितिलाई १५ दिन भित्र मस्यौदा तयार गरी सरकार-माओवादी वार्ताटोलीसमक्ष पेस गर्न निर्देशन दिइयो।

समिति गठन भएको भोलीपल्ट शनिवार परेको भए तापनि संयोजक र सदस्यहरूले सोही दिनबाटै काम सुरु भएको बताए। समितिका संयोजक अर्यालले अन्तरिम संविधान बनाउन १५ दिन पर्याप्त समय भएको र त्यति दिनमा समितिले संसारकै उत्कृष्ट संविधान तयार पार्ने बताउनु भयो। यद्यपि त्यसको लगत्तै भने कार्यक्षेत्र अस्पष्ट भएको भन्दै समितिले काम सुरु गर्न अस्वीकार गऱ्यो। अनेक विवाद र सदस्यहरू थप्ने अनेक क्रम हुँदै समितिले ०६३ भदौ ९ गते शुक्रवार मस्यौदा हस्तान्तरण गरी काम सक्यो।

अन्तरिम संविधानको मस्यौदा सार्वजनिक भएपछि भने समितिको कामप्रति सबै पक्ष असन्तुष्ट देखिए। मस्यौदा संविधानको कठोर आलोचना भयो। समष्टिमा भन्नु पर्दा समिति आफूलाई सुम्पिएको काम सम्पन्न गर्न असफल रह्यो। यसको कारण के होला ? अनेक कोणबाट विश्लेषण भएका छन्। यो अध्ययनमा अन्तरिम संविधान मस्यौदा समितिका संयोजकको 'मिडिया एक्सपोजर' लाई आधार मानिएको छ र उहाँले आफूलाई जिम्मेवारी दिइनुलाई मिडियामा 'एक्सपोजर' पाउने अवसरका रूपमा दुरुपयोग त गर्नु भएन भन्ने सवालको सेरोफेरोमा विश्लेषण गरिएको छ।

शोध समस्या र विधि

अन्तरिम संविधान मस्यौदा समितिका संयोजकले आफूलाई प्राप्त ऐतिहासिक जिम्मेवारीलाई मिडियामा 'एक्सपोजर' पाउने अवसरका रूपमा दुरुपयोग त गर्नु भएन भन्ने सवाल नै यस अध्ययनको शोध समस्या हो।

समितिको कार्यावधिमा संविधान लेख्ने जिम्मेवारीलाई कस्तो प्राथमिकता दिनु भयो भन्ने कुराको आँकलन उहाँले त्यसबेला कति समय आफ्नो 'मिडिया एक्सपोजर' मा लगानी गर्नु भयो भन्ने आधारमा गरिएको छ। तथ्याङ्क सङ्कलनमा गणनात्मक विधि र विश्लेषणमा गुणात्मक विधि प्रयोग गरिएको छ।

अध्ययनको सीमा

यसअध्ययनमा समितिका सबैजना सदस्यहरूलाई समेटिएको छैन र केवल संयोजकको 'मिडिया एक्सपोजर' मात्र हेरिएको छ। यहाँ 'मिडिया एक्सपोजर' भनेर काठमाण्डौ उपत्यकाबाट प्रकाशन हुने नेपाली र अंग्रेजी भाषाका ठूला आकारका दैनिक (ब्रोडसिट डेली) र उपत्यकाबाट प्रसारण हुने रेडियो र टेलिभिजन च्यानलमा मस्यौदा समितिका संयोजकको प्रत्यक्ष/अप्रत्यक्ष अन्तर्वार्ता र उहाँ उपस्थित हुनु भएका सार्वजनिक कार्यक्रमको 'कभरेज' लाई जनाइएको हो । यदि एउटै कार्यक्रमको समाचार एक भन्दा बढी माध्यममा आएको खण्डमा जतिवटामा आएको भए तापनि त्यसलाई एउटा मात्र मानिएको छ। कतिवटा मिडियामा संयोजकले 'एक्सपोजर' पाउनु भयो भन्ने अध्ययन नभई कति समय उहाँले त्यसका लागि दिनु भया भन्ने आँकलन गर्ने उद्देश्यले यसो गरिएको हो ।

समितिका संयोजकले पहिलोपल्ट काम सुरु भएको बताएको दिन असार ३ गतेदेखि भदौ ९ गतेसम्मको अवधिलाई ख्याल गर्दा ६९ दिन हुने भए तापनि यस

अन्तरिम संविधान मस्यौदा आयोगको संयोजक बन्ने अवसर कुनै पनि व्यक्तिका लागि निकै ठूलो अवसर हो । तर त्यो अवसरको सदुपयोग कसरी गर्ने त ? संविधान उत्कृष्ट तयार पारेर कि यै हो मौका मेरा कुरा सुन्न मानिसले वास्ता गर्ने र मिडियाले पनि 'एक्सपोजर' दिने भन्ठानी धमाधम अन्तर्वार्ता दिएको दियै गरेर ?

अध्ययनमा भने असार १८ गतेदेखि मात्र अध्ययन सुरु गरी ५४ दिनलाई मात्र अध्ययनको सीमामा पारिएको छ। वास्तवमा असार १८ अघिका दिनहरू राजनीतिक अन्यौलमै बिते । त्यसैले त्यस दिनसम्म संयोजकलाई अन्तर्वार्ता दिन र विभिन्न कार्यक्रमहरूमा प्रमुखअतिथि/अतिथि हुन फुर्सद मिल्नु स्वाभाविकै मानियो। असार १८ गतेबाट औपचारिक रूपमा काम सुरु भएको हुनाले त्यसै दिनलाई अध्ययनको सुरु बिन्दु मानिएको हो। भदौ ९ गते पनि 'काम सकिएको' दिन हुनाले अन्तर्वार्ता दिनुलाई स्वाभाविकै मानियो । बीचका ५४ दिन भने राष्ट्रले उहाँबाट सकेसम्म धेरै काम गरियोस् भनी आशा गरिएका दिनहरू थिए। त्यसैले यस अध्ययनमा ती दिनलाई विशेष ख्याल पुऱ्याएर समेटिएको हो ।

तथ्याङ्कको प्रस्तुति

अध्ययन सीमाभित्र परेका ५४ दिनमा अन्तरिम संविधान मस्यौदा समितिका संयोजकले काठमाण्डौ उपत्यकाबाट प्रकाशन हुने नेपाली र अंग्रेजी भाषाका ठूला आकारका दैनिक (ब्रोडसिट डेली) र उपत्यकाबाट प्रसारण हुने रेडियो र टेलिभिजन च्यानलमा जम्मा १ सय ५७ वटा अन्तर्वार्ताहरू दिनु भएको पाइयो। यसै अवधिमा पुस्तक विमोचनलगायतका १७ वटा सार्वजनिक कार्यक्रममा उहाँ उपस्थित रहनु भएको मिडियामा प्रकाशित समाचार सामग्रीहरूबाट देखियो । यसरी संयोजकले ५४ दिनमा १ सय ७४ वटा 'मिडिया एक्सपोजर' का लागि समय खर्चनु भयो । दैनिक औसत तीन दशमलव दुई दुई (३.२२) 'मिडिया एक्सपोजर' मा उहाँ व्यस्त रहनु भयो । (यहाँ तथ्याङ्कको सार मात्र प्रस्तुत गरिएको छ। तथ्याङ्कको विस्तृत विवरण सञ्चार अध्ययन केन्द्रबाट प्राप्त गर्न सकिनेछ ।)

विश्लेषण

अन्तरिम संविधान मस्यौदा आयोगको संयोजक बन्ने अवसर कुनै पनि व्यक्तिका लागि निकै ठूलो अवसर हो । तर त्यो अवसरको सदुपयोग कसरी गर्ने त ? संविधान उत्कृष्ट तयार पारेर कि यै हो मौका मेरा कुरा सुन्न मानिसले वास्ता गर्ने र मिडियाले पनि 'एक्सपोजर' दिने भन्ठानी धमाधम अन्तर्वार्ता दिएको दियै गरेर ?

माथिको तथ्याङ्कबाट पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालले भने दोस्रो कुरालाई प्राथमिकता दिनु भएको देखियो । त्यस अवधिमा उहाँले काठमाण्डौबाट प्रकाशन हुने अन्य साप्ताहिक पत्रिकाहरू र मोफसलबाट प्रकाशन-प्रसारण हुने पत्रपत्रिका र रेडियोलाई दिनु भएका अन्तर्वार्तासमेत गणना गरिएको भए यो आँकडा कति माथि पुग्थ्यो ! यो न्यूनतम आँकडाबाट हेर्दासमेत उहाँले आफ्नो खास काममा ध्यान नदिएको र बढी भन्दा बढी मिडियामा आउने भोक पूरा गर्न व्यस्त रहेको देखिन्छ। जब उहाँ प्रत्येक दिन तीनवटा भन्दा बढी अन्तर्वार्ता-कार्यक्रमका लागि समय दिइरहनु भएको थियो भने वास्तवमा कति समय दिनु भयो होला संविधानको मस्यौदा तयार पार्नका लागि ?

त्यतिबेला समितिका संयोजक मात्र होइन, सदस्यहरू पनि धमाधम अन्तर्वार्ता दिन व्यस्त रहनु भएको थियो । संयोजक र सदस्यहरूले अन्तर्वार्ता दिने समय एकैपल्ट परेको भए त सकिनासाथ सबैजना फेरि काममा जुटिहाल्नु भयो होला भनेर आशा गर्न सकिन्थ्यो, तर अन्तर्वार्ता दिने समय फरक फरक परेर बैठक बस्न नसकेको अवस्थालाई कसरी लिने ?

जब अन्तरिम संविधानको मस्यौदा तयार पार भनेर जिम्मा दिइएकाहरूको प्राथमिकतामा त्यो काम हुँदैन र उनीहरू 'मिडिया कभरेज' पाउने आफ्नो भोक पूर्ति गर्नमा व्यस्त हुन्छन् भने संविधानको मस्यौदा उत्कृष्ट कसरी आउन सक्छ ?

सुझाव

राष्ट्रले आशा र भरोसा गरेर दिएको जिम्मेवारीलाई राष्ट्रकै हितमा प्रयोग गर्नु पर्नेमा व्यक्तिगत अवसरका रूपमा लिने प्रवृत्ति पूर्व न्यायाधीश अर्यालका मात्र होइन, विशिष्ट मानिएका थुप्रै व्यक्तिहरूमा देखिन्छ। भविष्यमा राष्ट्रले विशेष जिम्मेवारीहरू दिँदा यो पक्षमा पनि ध्यान पुऱ्याउनु वाञ्छनीय छ।

कविता

ननिभोस् यो आशाको दियो

- मनिता बराल

अँध्यारोले चारैतिर ढाकेको त्यो बेला
पूर्व पश्चिम सबैतिर थियो खैलाबैला
कतिखेर को मर्ने हो कसलाई के थाहा
ती दिन अब बिते कि त लाग्दैछ है आशा ।

काँध मेरो थाकिसक्यो बन्दुक बोक्दा बोक्दा
मन मेरो आत्तिसक्यो आफन्तलाई ठोक्दा
दुवैथरी यसै गरी कुरा गर्दैछन् है
शान्ति शान्ति मन्त्रलाई जप्दैछन् दुवै ।

यही वार्ता बनेको छ आशा दिने दियो
शान्ति ल्याउने चाहनाको खडा छ नि मियो
ननिभोस् यो आशाको दियो अब यहाँ
सधैंभरि हिंसाले त पुऱ्याउला कहाँ ।

गजल

- रूपक वनबासी

भन्ज्याङ्ग लुटिए, चौतारी लुटिए
गाउँमा अन्नका भकारी लुटिए।

सामन्त होलान् शिकार भनेको
मागेर बसेका भिखारी लुटिए।

अपराध बेस्सरी बढ्याछ हजुर
अँधेरो गल्लीमा कुमारी लुटिए।

रित्तिँदै गएछ मन्दिर देवको
कतै मूर्ति, कतै पुजारी लुटिए।

एक्लो यात्रा डर लाग्छ अचेल
किनकि ठूलठूला सवारी लुटिए।

मेलमिलाप प्रक्रियामा पीडित र पीडकहरूको भूमिका*

मेलमिलाप भन्नाले समाजलाई विभाजित विगतबाट साझा भविष्यतर्फ लाने समावेशी प्रक्रिया हो। मेलमिलाप प्रक्रिया पीडित वा पीडकहरूका लागि मात्र होइन, यद्यपि उनीहरू नै यस प्रक्रियाका मुख्य सरोकारवाला हुन्।

पीडितहरू :

मेलमिलाप प्रक्रियाको केन्द्रमा पीडितहरू नै हुन्छन्। पीडित भन्नाले कसलाई बुझाउँछ ? एकातिर उनीहरूबीचमा धेरै कुराहरू समान हुन्छन् भने अर्कातिर उनीहरूका अनुभूति, आवश्कता र क्षमतामा ठूलो असमानता पनि हुन्छ। *प्रत्यक्ष पीडितहरूले* हिंसाको मार प्रत्यक्षत: भोग्नु परेको हुन्छ। *प्रत्यक्ष पीडितहरूले* हिंसाको मार प्रत्यक्षत: भोग्नु नपरेको भए तापनि उनीहरू प्रत्यक्ष पीडितहरूसँगको सम्बन्धका कारणले कुनै न कुनै किसिमको पीडा खप्न बाध्य भएका हुन्छन्। *पहिलो पुस्ताका पीडितहरू* आफ्नै जीवनकालमा पीडा भोगेकाहरू हुन्। उनीहरूका सन्तान, अर्थात् *दोस्रो पुस्तका पीडितहरू*, पनि पीडा र वेदनाले भरिएका हुन्छन्। यसले समाजको भविष्यलाई चुनौती दिइरहेको हुन्छ।

क्रूर द्वन्द्वको असर पुरुष र महिलामा फरक किसिमले परेको हुन्छ किनभने पीडकले गर्ने व्यवहार अंशत: लिङ्ग-सापेक्ष हुन्छ। बालबालिका, खासगरी शरणार्थी बालबालिका र बालसैन्यहरू, सबै भन्दा निर्धा पीडित हुन्छन्। प्रत्येक किसिमका पीडितका लागि विशेष खाले मेलमिलाप प्रक्रिया आवश्यक पर्न सक्दछ। पीडितको सशक्तिकरण अत्यन्त महत्वपूर्ण सवाल हो। यसका लागि पीडितहरूका संगठनहरू कुञ्जी हुन्। तिनीहरूले दबाब समूहका रूपमा काम गर्दछन्, जनमतको सूचना दिन्छन्, कानुनी सहायता उपलब्ध गराउँछन् र आत्मसम्मान एवं आत्मविश्वास नवीनीकरण गर्दछन्। कतिपय अवस्थामा चाहिँ उनीहरूले आममाफीजस्ता मुद्दाहरूको विरोधमा प्रभाव पार्न पनि सक्दछन्।

विगतमा अनुभवबाट नीति निर्माताहरूले सामान्यतया निम्न कुरा सिक्न सक्दछन् :

(क) "पीडित" को परिभाषा गर्दा त्यसको परिणामबारे सचेत रहनु पर्दछ। (किनभने कसलाई पीडित मान्ने भन्नेबारे विभिन्न परिभाषाहरू हुन सक्दछन्। कुनै व्यक्ति वा समूह औपचारिक रूपमा पीडित मानिने वा नमानिने, त्यो परिभाषाले नै निर्धारण गर्दछ। पीडितको परिभाषामा अति व्याप्ति र अति संकुचन दुवै हुनु हुँदैन।)

(ख) पीडितहरूमाथि के भएको थियो भन्नेबारे उनीहरूको अति वैयक्तिक बोधलाई सम्मान गर्नु पर्दछ।

(ग) पीडितको आरोग्यलाभ अनेक किसिमले र विभिन्न चरणमा हुन्छ भन्ने ख्याल राख्नु पर्दछ।

(घ) स्वास्थ्य, शिक्षा तथा बसोबासजस्ता क्षेत्रमा पूरै समुदायलाई मद्दत पुग्ने गरी एवं क्षतिपूर्ति कार्यक्रम भन्दा बाहिर परेकाहरूलाईसमेत समेट्ने गरी सामूहिक सहयोग उपलब्ध गराउनु पर्दछ।

(ङ) छिमेकी देशमा शरणार्थी भएका पीडितहरूका आवश्यकतालाई पनि ध्यान दिनु पर्दछ।

पीडक वा अभियुक्तहरू :

पीडक वा अभियुक्तहरूका कार्यहरू किन र कसरी भए भन्ने बुझ्नु र उनीहरूलाई माफी दिनु एउटै कुरा होइन। यद्यपि, कुनै पनि मेलमिलाप नीतिका लागि यो पूर्वसर्त हो। उनीहरूका दोषका विविधता, आशय र अपराधकृत्यअनुसार मेलमिलाप नीतिमा पनि विविधता हुन जान्छ।

प्रत्यक्ष पीडकहरूलाई कुनै विशेष फौजदारी अभियोग लगाउन सकिने हुन्छ। *अप्रत्यक्ष पीडकहरू* तीन किसिमका हुन्छन्।

अप्रत्यक्ष अभियुक्तहरूमा पहिलोखाले यस्ता लाभग्राहीहरू हुन्छन्, जो मार्ने वा दुःख दिने कार्यमा आफै संलग्न हुँदैनन्, तर विगतको द्वन्द्वका क्रममा उनीहरूलाई फाइदा पुगेको हुन्छ। जागिर, आम्दानी, बसोबास, शिक्षा, हैसियत तथा राजनीतिक शक्तिमा उनीहरूले विगतमा लुटेको फाइदा वर्तमान र भविष्यसम्म नै निरन्तर रहने हुन्छ। त्यसैले मेलमिलाप प्रक्रियामा उनीहरूको उत्तरदायित्वलाई पनि ख्याल राख्नु पर्दछ, अन्यथा वितरण तथा सामाजिक न्याय प्राप्त हुन सक्दैन।

दोस्रोखाले अप्रत्यक्ष अभियुक्तमा यस्ता प्रत्यक्षदर्शी र लाउकेहरू हुन्छन्, जसले आफ्नो निस्क्रियताले हिंसात्मक कार्यहरूलाई सघाएका हुन्छन्। के हुन्छ वा हुँदैछ भन्ने थाहा पाए तापनि उनीहरू थाहा नपाएझैं गरी मौन रहन्छन्। कहिलेकाहिँ अन्तर्राष्ट्रिय समुदाय पनि मूक दर्शकको रूपमा रहेको हुन सक्दछ।

अनजानमा हानिकारक कार्य गर्नेहरूलाई तेस्रोखाले अप्रत्यक्ष अभियुक्त मानिएको छ। वैयक्तिक अपराधलाई फौजदारी अदालतले हेर्दछन् भने सामूहिक अपराधलाई सत्य आयोग (ट्रुथ कमिसन) ले हेर्न सक्दछन्। विभिन्न सन्दर्भमा, कम्तीमा पनि लाभग्राही वा प्रत्यक्षदर्शीका हैसियतमा, धार्मिक संस्थाहरू, न्यायपालिका, चिकित्सा क्षेत्र, व्यवसाय तथा मिडियाले सामूहिक रूपमा मानवीय अन्यायका लागि योगदान पुऱ्याएका हुन्छन्।

पीडित तथा समाजसँग पीडकहरूको मेलमिलापलाई केले सहज गराउन सक्दछ ? धेरैजसो त, सन्दर्भ र पीडकहरूको आशय र दृष्टिकोणमा भर पर्दछ। कहिलेकाहिँ उनीहरूकै कारणले मेलमिलाप प्रक्रियामाथि नै गम्भीर अवरोधसमेत आउन सक्दछ। यद्यपि, मेलमिलापका लागि सचेततापूर्वक र सही तारतम्य मिलाएर गरिएको खण्डमा पीडक वा अभियुक्तहरूको पुनर्सम्मिलन एक महत्वपूर्ण चरण हो।

पीडकले आफ्नो अपराध अस्वीकार गरेको खण्डमा मेलमिलापमा अवरोध खडा हुन्छ। त्यस्तै, विगतमा भएको हिंसाको महत्वबारे पीडित र पीडकहरूको दृष्टिकोणमा "परिमाणात्मक भेद" रहन्छ। आफ्ना कार्यको अर्थ र परिणामलाई पीडितले न्यूनाङ्कन गरेको हुन्छ भने पीडकहरूले आफ्नो पीडाको पूर्ण वजन अनुभूत गरिरहेका हुन्छन्। यसरी पीडित र पीडकको दृष्टिकोणमा हुने "परिमाणात्मक भेद" ले पनि मेलमिलापमा अवरोध ल्याउन सक्दछ।

पीडकपक्षबाट गरिने क्षमायाचना महत्वपूर्ण हुन सक्दछ, तर पीडितप्रतिको उत्तरदायित्वविनाको क्षमायाचनाले वास्तविक मेलमिलापलाई मद्दत गर्दैन। अधिकांश पीडितले अपूरो क्षमायाचनालाई तिरस्कार भन्ठान्छन्।

* This is a direct and unofficial translation of selected parts of *Reconciliation after Violent Conflict: A Handbook*, International Institute for Democracy and Electoral Assistance (IDEA), Stockholm, Sweden, 2003. The accuracy of the translated text was not verified by International IDEA. In case of doubt, the original English version prevails (ISBN 91-89098-91-9).

That IDEA copyright is acknowledged as follows *Reconciliation after Violent Conflict: A Handbook*. International Institute for Democracy and Electoral Assistance (IDEA) **copyright © International Institute for Democracy and Electoral Assistance.**

भोकभोकै मर्न लागे बाजुरेली जनता*

बाजुरा जिल्लाको कूलक्षेत्रफल २ लाख १८ हजार ८ सय हेक्टरमध्ये खेतीयोग्य जमिन २० हजार १ सय ५५ हेक्टर रहेको छ। जिल्लामा सिंचित क्षेत्र ३ हजार १० हेक्टर, असिंचित क्षेत्र १७ हजार १ सय ४५ हेक्टर, वन क्षेत्र ९४ हजार १ सय ५० हेक्टर, चरन क्षेत्र ३८ हजार ८५ हेक्टर र नखुलेको क्षेत्र ६६ हजार ४ सय १० हेक्टर रहेको जिल्ला कृषि विकास कार्यालयको तथ्याङ्कमा भेटिन्छ।

आर्थिक रूपमा यहाँका जनताको खाद्यान्न उपलब्धता अर्थात जीविकोपार्जनको आधार सोही कार्यालयको तथ्याङ्कका आधारमा १२ महिना खान पुग्ने ४.४० प्रतिशत, ९ महिना सम्म खान पुग्ने ७.६० प्रतिशत, ६ महिनासम्म खान पुग्ने ३८.७० प्रतिशत र ३ महिनासम्म मात्रै खान पुग्ने २७.४० प्रतिशत तथा भूमिहीन घरधुरीको संख्या ७.५० प्रतिशत रहेको देखिन्छ।

कुल क्षेत्रफलको उच्च हिमाली भाग १३.५० प्रतिशत, उच्च पहाडी भाग ८४.८० प्रतिशत र मध्य पहाडी भाग मात्र १.७० प्रतिशत रहेकाले यहाँ मुख्य खाद्यान्न बाली धान, गहुँ र अन्य नगदे बालीको उत्पादन कम हुने गर्दछ। यहाँका नागरिकहरू जातिगत हिसाबमा बाहुन क्षेत्री, ठकुरी, सन्यासी गरी ६६.५० प्रतिशत, दलित २२.५० प्रतिशत र अन्य ११ प्रतिशत रहेका छन्। यहाँका नागरिकको औसत आयु ४१ वर्ष, प्रतिव्यक्ति आय नेरु ३४२८ प्रतिव्यक्ति क्रयशक्ति (डलरमा) ५३०, मानवविकास सूचकांक ०.१७३ जुन राष्ट्रिय औसत ०.३२५ भन्दा ०.१५ले कम र पहाडक्षेत्रीय औसत भन्दा पनि निक्कै कम रहेको छ। मानव विकास सूचक र गरिबीको सूचकमा बाजुरा जिल्ला क्रमशः ७४ र ६७औं स्थानमा देखिन्छ।

उपरोक्त तथ्याङ्कहरूको आधारमा बाजुरा जिल्लामा सधैंभरी खाद्यान्न संकट भइरहने स्थिति देखिन्छ। अर्कोतिर मोटर बाटोले नजोडिएको जिल्ला भएका कारण सदरमुकाम मार्तडी बजार र कोल्टी बजारमा खाद्यान्न ढुवानीको साधनका रूपमा खच्चर, मानिस आफैले १२ कोस टाढा अछाम जिल्लाको साफेबगर वा १२ कोष नै टाढा रहेको माथिल्लो क्षेत्रको बजार कोल्टीबाट बोकेर ल्याउनु पर्ने देखिन्छ। जुन आउँदाजाँदा दोब्बर हुन्छ। अझ खाद्य संकट ग्रस्त गाउँसम्म पुराउँदाको दुरीको आँकलन गर्दा नै डर लाग्दो हुन्छ। हवाई मार्गको महंगो ढुवानी भाडा तिरेर मात्रै खाद्यान्न बाजुरा जिल्लाको सदरमुकाम मार्तडी र अर्को बजार कोल्टीमा झार्न सकिन्छ। जिल्ला सदरमुकाममा हवाई मैदान छैन, जहां हेलिकप्टर मात्रै लेण्ड गर्न सक्छ भने कोल्टीको विमानस्थल पनि वर्षातको समयमा नियमित उडान हुन नसक्ने अवस्थामा रहेकोछ।

राज्यले हवाई मार्गबाट समयमा नै खाद्यान्न पर्याप्त मात्रामा ढुवानी नगर्ने गरेकोले बाजुरामा भोकमरीको समस्या उत्पन्न भै रहेको पाइयो। त्यसै गरी ढुवानीमा सरकारी तर्फबाट लापरवाही गरिएको र ढुवानी अनुदान रकम उपलब्ध नगराएकोले पनि भोकमरीको समस्या सृजना भएको पाइयो। ०६३ सालमा उत्पन्न खडेरी र असिनाका कारण समस्या झन जटिल बनेको पाइयो। समयमा ठेक्का सदर नहुनु, ठेकेदारले समयमा खाद्यान्न ढुवानी नगर्नु जस्ता कार्यले पनि भोकमरी उत्पन्न गराउनुमा सहयोग गरेको पाइयो। खाद्यान्न ढुवानीका लागि स्थानीय विकास कार्यालयमार्फत् आउनु पर्ने अनुदान रकम गत वर्ष देखि नआउँदा थप समस्या सृजना भएको पाइयो।

भोकमरीबाट केटाकेटी, वृद्ध र महिलाहरू बढी प्रभावित छन खासगरी बालबालिकाहरूको मस्तिष्कमा बौधोपन बढी देखिएकोछ। उनीहरू अत्यन्तै कमजोर भैसकेका छन। सोही गाविस वडा नं २ बस्ने ३२ वर्षीय चम्पा लुहार सुत्केरी अवस्थामा २०६२ माघ महिनामा सिस्नुको साग पनि खान नपाएर बच्चासहित मृत्यु भएको थियो।

बाजुरा जिल्लाको माथिलो भेग उच्च हिमाली गाविस र मध्य पहाडी गाविसहरूमा खाद्य संकटले बढी प्रभाव पारेको पाइयो। त्यहाँका मानिसहरू केही समय आलु खाएर गुजारा गरे, सिस्नो र फर्सिको झोल खाएर बाँच्नु परेको अवस्था रहेको पनि पाइयो भने खाने कुरा नभएका कारण कति रातहरू भोकै बस्नु परेको पीडितहरू बताउँछन। खानेकुरा सकिए पछि बाँच्नका लागि प्रयोग गरिने सिस्नो, आलु, कोदो र अन्य तरकारीहरू, जंगली पातपतिंगरहरू समेत सकिएको अवस्था पनि बाजुराबासीले अध्ययन टोलीलाई बताए।

खाद्यान्नको संकटका कारण मानिसहरूले खान पाएका छैनन। स्वास्थ्य, शिक्षा र रोजगारीका अवसरहरू पनि छैनन। मानिसहरूसंग काम पनि छैन र माम पनि छैन। विदेशी भूमिमा श्रम गरेर गुजारा कहिले सम्म चल्छ ? खासगरी पैसा हुनेले मात्रै खाद्य संस्थानमा चामल भएपनि किन्न सक्छ तर जो संग कामका अवसरहरू छैनन, रोजगारी छैन उनीहरूसंग पैसा हुने कुरै आउँदैन। त्यसको परिणाम हो भोकमरी।

राज्यले जनतालाई भोकमरीमा पर्न नदिन अपनाउनु पर्ने न्यूनतम उपाय नअपनाएकाले बाजुरामा भोकमरी समस्या उत्पन्न भएको र त्यसका कारणले मानिसहरू रोगको शिकार बन्न पुगेका छन्। मानिसको खान र बाँच्न पाउने हक प्रति राज्यले बेवास्ता गरेको पाइयो। राज्यको यस्तो कार्यले नेपाल पक्ष राष्ट्र भएका नागरिक तथा राजनीतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गरेको बाँच्न पाउने अधिकारको पूर्ण रूपमा उल्लंघन गरेको छ। त्यसैगरी आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ ले प्रदान गरेको भोकबाट मुक्त हुने अधिकार, जीविकोपार्जनका लागि काम गर्न पाउने अधिकार, उचित कामको उचित ज्याला पाउने अधिकार, सम्पत्ति माथिको अधिकार, उपयुक्त जीवनस्तर सहित बाँच्न पाउने अधिकार, स्वास्थ्य सुरक्षा र बिरामी हुँदा सुविधा पाउने अधिकार, सामाजिक सुरक्षाको अधिकार, बाँच्नका लागि चाहिने आधारभूत आवश्यकताहरू प्राप्त गर्ने अधिकार, बालबालिकाहरूको सुरक्षाको अधिकार, प्रत्येक व्यक्तिले शिक्षा पाउने अधिकार, व्यक्तित्व विकास तथा प्रसुती सेवालगायतका अधिकारहरूको उल्लंघन भएको छ।

* मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले गरेको स्थलगत अध्ययन प्रतिवेदनबाट

चेलीबेटी बेचबिखनमा राज्यको संरक्षण ?

– गोपाल सञ्जेल

हाम्रा अबोध चेलीहरू बेचिएर हरेक वर्ष हजारौँको संख्यामा भारत पुऱ्याइन्छन्। मानव बेचबिखनजस्तो जघन्य अपराधको यो संख्या कुनै वर्ष पनि घट्दो छैन। अझ पछिल्ला वर्षहरूमा त भारत मात्र होइन, अन्य मुलुकमा पनि नेपाली चेलीहरू बेचबिखनमार्फत् पुऱ्याइन थालेको अवस्था छ। यसले हाम्रो राष्ट्रलाई लज्जित र कलङ्कित बनाएको छ। उक्त कलङ्कबाट मुक्ति पाउन ठोस कदम चालिहाल्ने कामलाई लोकतान्त्रिक युगमा प्रवेश गरेको राज्यले प्राथमिकता दिनु पर्छ।

राष्ट्रलाई लज्जित र कलङ्कित बनाएको चेलीबेटी बेचबिखनको विरुद्धमा भएका अहिलेसम्मका प्रयासहरूले राज्यलाई घच्घच्याउन र सामाजिक रूपमा उक्त विषयलाई जनचासोको विषय बनाउन सकियो, तर घटनाहरूलाई न्यूनीकरण गर्न र दण्डनीय बनाउन भने सकिएन। यसबारे राज्य र विभिन्न संयन्त्रहरू व्यावहारिक रूपमा सक्रिय र जवापदेही भएको पाइएन।

नेपालमा चेलीबेटी बेचबिखन गम्भीर समस्या हो भन्नेमा कसैको विमति पाइँदैन। यो राष्ट्रिय लज्जाको विषयमा जनचेतना बढाउन, बेचबिखन कार्य निमिट्यान्न पार्न र संलग्न अपराधीहरूलाई कानुनी र सामाजिक दुवै हिसावले दण्डनीय बनाउन भनेर धेरै संस्थाहरू खुलेका छन्। ती आफ्ना काममा लागिपरेका पनि छन्। विभिन्न संस्थाहरूमार्फत् धेरै कार्यक्रम र परियोजनाहरू पनि सञ्चालन गरिसकिएका छन्। सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट बैठक, कार्यशाला, अन्तर्क्रिया, तालिम, गोष्ठी, ऱ्यालीमार्फत् बहस-पैरवी चलाइएको छ। पत्रपत्रिका, पुस्तक, रेडियो, टीभीमार्फत् मात्र होइन, पर्चा, पोस्टर, होर्डिङ्ग बोर्ड आदिमार्फत् पनि सचेतनामूलक सन्देश प्रवाह गरिएको छ। संस्थाहरूले राज्यको प्रशासनसँग मिलेर विभिन्न नाकाहरूमा निगरानीसमेत गर्ने गरेका छन्।

यी गतिविधिहरूबाट एक हदसम्मको सचेतना आएको छ भन्नेमा कुनै विवाद नभए तापनि चेलीबेटी बेचबिखनलाई पूरै समाप्त पार्न भने नसकिएको तथ्यलाई स्वीकार्नै पर्दछ। तथ्य/तथ्याङ्कहरू आफै बोल्छन्, घटनाक्रमहरू आफै सबुद छन्, भुक्तभोगीका पीडाहरू आफै साक्षी छन् कि हरेक वर्ष १० हजार जना भन्दा बढी चेलीहरू बेचिएका छन् र विवशतापूर्वक नारकीय जीवन भोग्न मातृभूमिको सीमा पार भइरहेकै छन्।

सबै खालका सरकारहरू, सबै खालका सामाजिक संस्थाहरू, सबै खालका राजनीतिक दलहरूले चेलीबेटी बेचबिखनलाई निन्दा गर्ने र त्यस्तो कलङ्कबाट राष्ट्रलाई मुक्त पार्न चाहने हुँदाहुँदै पनि बेचबिखनमा संलग्न गिरोहहरू सफल नै भइरहनुलाई सामान्य मान्न सकिन्न। यसबाट दलालहरूको कार्यसञ्जाल र शक्ति व्यापक छ भन्ने सहजै अनुमान गर्न सकिन्छ। सामान्य अवस्थामा त यो हदसम्मको काम भइरहन सम्भव छैन। कुनै कमजोरी भयो र त व्यापक प्रयास हुँदाहुँदै पनि दलालहरूको गिरोहलाई समाप्त पार्न सकिएन।

कतै अहिलेसम्म हामीले चेलीबेटी बेचबिखनको जड पत्ता लगाउन नसकेको त हैन ? त्यसैले हामीले बनाएका रणनीतिहरू पनि असफल भएका त हैनन् ? अहिलेसम्म चेलीबेटी बेचबिखनविरुद्ध हामीले गरेका प्रयास र लगानी सही ठाउँमा नपुगेका पो हुन् कि ! पुनरावलोकन, मूल्याङ्कन गर्न र नयाँ रणनीति बनाउन तत्काल लागिहाल्नु पर्ने देखिएको छ।

सबै खालका सरकारहरू, सबै खालका सामाजिक संस्थाहरू, सबै खालका राजनीतिक दलहरूले चेलीबेटी बेचबिखनलाई निन्दा गर्ने र त्यस्तो कलङ्कबाट राष्ट्रलाई मुक्त पार्न चाहने हुँदाहुँदै पनि बेचबिखनमा संलग्न गिरोहहरू सफल नै भइरहनुलाई सामान्य मान्न सकिन्न।

बेचबिखनका घटनाहरूको शृङ्खलाको सुरुवात गाउँबाट भएको देखिन्छ। तर यसको कारण गाउँघरमा मात्र छ भन्न सकिँदैन। बेचबिखनका घटनाक्रम र कार्यशैली हेदौ गिरोहको सञ्जाल गाउँदेखि राज्यका उपल्लो तहसम्म पुगेको आँकलन गर्न सहजै सकिन्छ। एकाध घटनाहरू मात्र लकीछिपी हुन सक्छ अपराधीहरूबाट। तर निरन्तर वर्षौंसम्म यस्ता गतिविधि भइरहनुले सङ्केत गर्ने कुरा निकै गम्भीर छ। गिरोहहरू वर्षौंसम्म सफल भइरहन सक्ने परिस्थिति कुनै ठूलै शक्तिको आड नपाई कसरी सम्भव हुन्छ ? सुरक्षा निकायहरू चनाखो र कर्तव्यनिष्ठ हुने हो भने हजारौँको संख्यामा चेलीहरूलाई सीमा पार गराउन कसरी सफल हुन सक्छन् दलालहरू ? राजनीतिक शक्तिहरूले आँखा नचिम्लिई कसरी टिक्न सक्छन् गिरोहहरू ? यस्ता सवालहरूको निराकरण नगरी गाउँतिर छुनुमुनु गरेर मात्र समस्या पार लाग्दैन।

चेलीबेटी बेचबिखनविरुद्ध हामीले अब एउटै स्वरमा राज्यलाई सोध्नै पर्छ कि हाम्रा अबोध चेलीहरू किन र कसरी बेचिइरहन्छन् ? राज्यका सुरक्षा अङ्गहरूलाई सोधौँ- हरेक वर्ष हजारौँको संख्यामा हाम्रा चेलीहरू कसरी सीमा पार भए ? मुलुकका सबै राजनीतिक शक्तिहरूलाई पेचिला प्रश्न गरौँ- राष्ट्र नै लज्जित हुने गरी हाम्रा चेलीहरू नारकीय यात्रामा हिँड्न किन विवश छन् ? छिमेकी मित्रराष्ट्र भारतलाई सोधौँ- हाम्रा लाखौँ निरपराध चेलीहरूको इज्जत र हुर्मत लिन अनेक तिकडम गर्नेहरू किन उसको भूमिमा संरक्षित छन् ? सबै पक्षले आफ्ना भागमा परेका सवालहरूको चित्त बुझ्दो जवाफ दिनै पर्दछ। सबैले ओठे प्रतिवद्धता मात्र नभई वास्तविक रूपमै चाहने हो भने चेलीबेटी बेचबिखनमा संलग्न सबैलाई पाता कस्न र यो कलङ्कलाई नामेट पार्न गाह्रो छैन।

(लेखक सञ्जेल गैसस महासंघ ललितपुरका अध्यक्ष हुनुहुन्छ।)

विश्वको प्रथम जनविद्रोह, बेनको पतन र नयाँ राष्ट्रको विधि निर्माण

निर्मलमणि अधिकारी

विषय प्रवेश

भारतवर्षीय सन्दर्भमा ज्ञान, विज्ञान, अध्यात्म, धर्म, संस्कृति सबैको मूल वेद नै मानिएको छ। वैदिक युगीन राजनीतिवारे अध्ययन-अनुसन्धानको क्रम चलिरहेको छ र हालसम्मको अध्ययनबाट विज्ञहरू के निष्कर्षमा पुगेका छन् भने सामाजिक, राजनीतिक एवं सांस्कृतिक दृष्टिले उपयोगी विभिन्न संस्थाहरूको मूल पनि वेदमा पाउन सकिन्छ।

संसारकै सर्वाधिक् प्राचीन ग्रन्थ ऋग्वेदको समयमा राजनीतिक प्रणाली कस्तो थियो भन्ने सन्दर्भमा हाम्रो सामुन्ने "सत्ययुग"को कुरा आउँछ। सत्ययुगमा मानवसमाजले समस्त अभावहरूमाथि विजय प्राप्त गरेको थियो र समाज भोक, रोग, शोकरहित थियो। त्यस युगमा राजनीतिक सीमारेखाहरूको अर्थ थिएनह संप्रदाय, पन्थ, मजहबहरूको घेराबन्दी थिएन र जाति र भाषाको भेदले पनि अर्थ राख्दैनथ्यो। त्यहाँ कोही मालिक र कोही दास थिएनन्, कोही धनी र कोही गरिब थिएनन् र कसैले कसैलाई हैकम चलाउने स्थिति पनि थिएन। सत्ययुगमा प्रहरी र सेनाको आवश्यकता रहँदैनह मानवसमाज स्वत: नैतिक नियममा गतिशील रहने हुन्छ। यहाँसम्मकि तालाचावीको कुनै उपयोगिता रहँदैनह कोही चोर नै रहने छैन त किन चाहियो तालाचावी ? कुनै शस्त्रास्त्रको उपयोगिता नरहने हुन्छ किनकि हिंस्रक मनोवृत्तिवाट मानवले आफूलाई मुक्त पारिसकेको स्थिति हुन्छ। सर्वत्र सुख, शान्ति, आनन्द।

उत्तरवैदिक कालमा भने परिस्थिति धेरै फरक भइसकेको झलक पाइन्छ। अथर्ववेदमा "राष्ट्र" तथा "राज्य" को अवधारणा अहिलेकै जस्तो अर्थमा पाइन्छ। अथर्ववेदमा अनेक राजनीतिक सिद्धान्तहरूलाई स्थान दिइएको छ। वास्तवमा मानव इतिहासमा मातृभूमिको अवधारणा प्रथम पटक अथर्ववेदमै पाइन्छ। प्रसिद्ध "भूमि-सूक्त"ले नै राष्ट्रियताको अवधारणा विकसित गराएको हो। भूमिसूक्त– १२।१ मा ऋषि पृथ्वीलाई माता र आफू स्वयंलाईचाहिँ उनको पुत्र घोषित गर्दछन् – "माता भूमि: पुत्रो अहम् पृथिव्या:।"

राष्ट्र, राष्ट्ररक्षाको विविध उपाय, विभिन्न शासन प्रणाली, संस्था तथा सिद्धान्तहरूको पनि सुस्पष्ट उल्लेख अथर्ववेदमा छ। कतै जनताका प्रतिनिधिहरूले प्रत्यक्षत: शासन गर्ने गणतन्त्रात्मक शासन प्रणाली थिएह कतै राजतन्त्रात्मक शासन प्रणाली थिए र कतै मिश्रित (अहिलेको सन्दर्भमा भन्नु पर्दा संवैधानिक राजसंस्थायुक्त संसदीय व्यवस्था) शासन प्रणाली थिए। जस्तोसुकै शासन प्रणाली रहेको भए तापनि यतिबेलासम्म शासक भन्दा लोक (प्रजा) नै बलिया रहेका थिए। पौराणिक कालखण्डमा भने शासक (राजा) अत्यन्त बलशाली देखा पर्दछन्। त्यस युगका जनप्रिय शासकहरूको वर्णन पुराणहरूमा हामी पढ्न सक्छौं। साथै, कतिपय अवसरमा निरङ्कुश शासकविरुद्ध भएका जनविद्रोहका गाथा पनि पुराणका पानामा समेटिएका छन्। यस लेखमा श्रीमद्भागवतमा वर्णित बेन राजाविरुद्धको जनविद्रोहलाई संसारकै पहिलो जनविद्रोहका रूपमा चर्चा गरिएको छ। तत्पश्चात् पृथुले कसरी सङ्क्रमणकालको बुद्धिमत्तापूर्ण व्यवस्थापन गरी जनअनुमोदित शासनको आधारशीला राखे भन्नेबारे चर्चा पनि यहाँ समावेश गरिएको छ।

प्राचीन भारतवर्षमा प्रचलित विभिन्न शासन प्रणालीहरू

वैदिक वाङ्मयको अध्ययन गर्दा शासनको उत्पत्तिसम्बन्धी विभिन्न छ प्रकारका सिद्धान्तहरू खुट्टयाउन सकिन्छ – (१) व्यक्तिविशेषप्रधान सिद्धान्त, (२) मत्स्यन्याय सिद्धान्त, (३) सत्ययुग सिद्धान्त, (४) सामाजिक सम्झौताको सिद्धान्त, (५) पितृप्राधान्य सिद्धान्त र (६) दैवी सिद्धान्त। राज्यको उत्पत्तिको आधार जुन सिद्धान्तलाई मान्ने हो, त्यसैअनुसारको शासन प्रणाली निर्धारण हुने तथ्य यहाँनेर स्मरणीय छ।

प्राचीन भारतवर्षमा शासनका विविध प्रणालीहरू प्रचलनमा थिए। ऐतरेय ब्राह्मणमा विभिन्न प्रकारका शासन प्रणालीहरूबारे वर्णन गरिएको छ।

माथि तालिकामा उल्लेखित शासनप्रणालीहरूलाई मूलत: लोकप्रधान प्रणाली र राजाप्रधान प्रणाली गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ। तीमध्ये साम्राज्य, राज्य, पारमेष्ठ्य, माहाराज्य र आधिपत्यमा राजसत्ताको र भौज्य, स्वाराज्य र वैराज्यमा लोकसत्ताको प्राधान्य रहेको बुझिन्छ।

राजसत्तात्मक हुँदैमा ती सबै व्यवस्थामा निरपेक्ष रूपमा राजा सर्वशक्तिमान रहने अवस्था भने थिएन। यजुर्वेदमा कतिपय यस्ता मन्त्र विद्यमान छन्, जसको आधारमा हामी त्यतिखेर राजा जनताद्वारा प्रत्यक्षत: निर्वाचित हुनु पर्ने व्यवस्था रहेको बुझ्छौं (जस्तै– यजु. ९।४०)। कतिपय अवस्थामा राजालाई हटाउन र पुनर्नियुक्त गर्न पनि सकिने प्रावधान रहेको (अथर्व. १।४।६) देखिन्छ। रामायणकालमा पनि राजाको छोरा नै स्वत: राजा बन्ने कुनै निश्चित थिएन र विश: (जनता) ले वरण गरेपछि मात्र कोही व्यक्ति

क्र.सं.	शासन प्रणाली	शासकको पदवी	स्थान-निर्देश
१	साम्राज्य	सम्राट्	पूर्व
२	भौज्य	भोज	दक्षिण
३	स्वाराज्य	स्वराट्	पश्चिम
४	वैराज्य	विराट्	उत्तर (उत्तरमद्र, उत्तरकुरु)
५	राज्य	राट्	कुरु-पाञ्चाल
६	पारमेष्ठ्य		कुरु-पाञ्चाल भन्दा उत्तर
७	माहाराज्य		"
८	आधिपत्य	स्वावश्य)	"

तालिका : ऐतरेय ब्राह्मणमा उल्लेखित शासन प्रणालीहरू

औपचारिक रूपमा राजा बन्न सक्दथ्यो। राजाको उत्तराधिकारीका रूपमा उनका जेठा छोरालाई प्राथमिकता दिइन्थ्योह तर त्यो अनिवार्य थिएन र परिषद् (सभा) ले अन्य व्यक्तिलाई उत्तराधिकारी चयन गर्ने सम्भावना पनि प्रबल रहन्थ्यो।

"सम्राट-पद्धति" अनुसार सम्राटको आज्ञानै सर्वमान्य हुन्छ। राजा वा सम्राटका लागिपनि नैतिक नियमहरू हुन्छन् र उसले त्यही आधारमा शासन गर्दछ। राजाले प्रजाको रक्षा गर्नु, राष्ट्रको उन्नति प्रगति गराउनु र दुष्टहरूलाई दण्ड दिनु पर्दछ। आफ्नो दण्ड विधानले नै राजा प्रतापी हुन्छ (अथर्व. ४।८।१) भनिएको छ। "विराट" पद्धतिमा राजा हुँदैनन्। जनता सर्वसम्मति या बहुमतका आधारमा आफ्नो फैसला गर्दछन्। यस पद्धतिमा जो सामूहिक निर्णय हुन्छ, त्यही नै मान्य हुन्छ।

"स्वराट्" पद्धतिमा केन्द्रीय शासन हुन्थ्यो। अथर्ववेदमा स्वतन्त्र राजाको लागि "स्वराट्" शब्द प्रयोग गरिएको छ, जो आफ्नो तेजस्विताका कारण निर्वाचित हुन्छ (अथर्व. २०।११३।२)। जनता यस्तो व्यक्तिलाई चयन गर्दछन् जो इन्द्र अर्थात् ऐश्वर्ययुक्त होस्। वृत्र अर्थात् पापी/अज्ञानी व्यक्तिलाई राजा बनाउने उनीहरूको चाहना हुँदैन (अथर्व. १२।१।३७)। यस प्रणालीमा जनताका प्रतिनिधि सभा र समितिमा जान्छन् र केन्द्रीय सभा तथा समितिमा उनीहरू राज्य सम्वन्धी नियमहरू बनाउँछन्। यसमा जनताका प्रतिनिधिले राष्ट्रमा शासन गर्ने हुनाले यसलाई जनतन्त्र राज्य पनि भनिन्छ।

ऐतरेय ब्राह्मणमा उल्लेखित आठ प्रकारका शासन प्रणालीका अतिरिक्त अन्य प्रणालीहरू पनि कालान्तरमा भारतवर्षमा प्रयोगमा आउन थालेका संस्कृत वाङ्मयको अध्ययनबाट थाहा लाग्दछ। उदाहरणका लागि, राष्ट्रिक, पेत्तनिक, द्वैराज्य, अराजक, उग्र र राजन्य। शुक्रनीतिमा हेर्ने हो भने प्राय: राजसत्तात्मक प्रणालीकै मात्र वर्णन हामी पाउँछौं। ऐतिहासिक विकासक्रमलाई ध्यानपूर्वक हेर्दा भारतवर्षीय समाज जति जति वैदिककालवाट पौराणिककालतिर पदार्पण गर्दै गयो, उति उति लोकसत्ता कमजोर र राजसत्ता बलियो हुँदै गएको देखिन्छ।

लोकसत्ता र राजसत्ता

वैदिक वाङ्मयमा एकातिर राजाकै एकल शासन चल्ने प्रणाली र अर्कोतिर गणतन्त्रात्मक शासन प्रणालीजस्ता नितान्त विपरित प्रणालीहरूबारे उल्लेख गरिएको भए तापनि वैदिक ऋषिहरूले आदर्श ठहऱ्याएको शासन प्रणाली भने मध्यमार्गी रहेको देखिन्छ। अहिलेको सन्दर्भमा राजासहितको संसद (कि९ इन पार्लियामेन्ट) भन्न सकिने लोकतान्त्रिक पद्धति अनुरूपका सभा (ऋ. १०।७१।१०, अथर्व. ७।१२, यजु. १६।२४ र १६।२८) एवं समिति (अथर्व ६।८८।३ र ५।१९।१५) जस्ता संस्थाहरूसहितको राजसंस्थाको व्यवस्थालाई सर्वोत्तम मानिएको साक्ष्य वैदिक वाङ्मयमा छ। वैदिक युगको राष्ट्रको शासन आदर्श अवस्थामा सभा र समिति नामका दुई संस्थाहरूसहित राजाद्वारा हुने गरेको देखिन्छ। राज्यको प्रशासन चलाउन राजाले मन्त्रिमण्डलको गठन गर्नु पर्ने र त्यो मन्त्रिमण्डल सभा र समितिबाट अनुमोदित हुनु पर्ने प्रचलन रहेको थियो।

अथर्ववेदकालीन राज्यमा पाँच प्रकारका लोक (प्रजा) रहेका थिए – ब्राह्मण, क्षत्रिय, वैश्य, शुद्र र निषाद। यी सबै पृथ्वीकै सन्तान भएकाले सबैलाई समान अधिकार प्राप्त हुने कुरा अथर्ववेदमा बताइएको छ (अथर्व. १२।१।१५)। राष्ट्रमा उँच-नीचको भेद नभएर मित्रता र एकताको भाव होस् (अथर्व. १२।१।२), पारस्परिक फूट कहिल्यै नहोस् (अथर्व. ३।८।१) र संगठन, सौमनस्यको विस्तार होस् (अथर्व. ६।६४।१) भन्ने भावना व्याप्त रहेको देखिन्छ।

राष्ट्रको रक्षाका लागि सेना आवश्यक हुने भएकाले २१ प्रकारका सेनाको व्यवस्था गरिएको देखिन्छ। वैदिक कालीन सेनामा पुरुषकासाथै महिला पनि रहने गरेको वुझिन्छ। अथर्ववेद २।३।१ मा इन्द्रलाई र १।२७।४ मा इन्द्राणीलाई सेनापतिका रूपमा उल्लेख गरिएको छ। सामान्यतया युद्धलाई ठीक मानिएको छैन, तर कसैले आक्रमण गरेमा प्रत्याक्रमण गर्न भनिएको छ। जीवनलाई राष्ट्रको सम्पत्ति सम्झेर कार्य गर्न वेदमा प्रेरणा दिइएको र राष्ट्र-रक्षाका लागि राजा र प्रजा समानरूपेण उत्तरदायी भएको देखिन्छ। सबैको कल्याण गर्ने भावना, सत्यको आत्मसातता, पदार्थहरूको यथार्थ ज्ञान प्राप्त गरी प्राकृतिक नियमहरूको ठीक-ठीक पालना, आस्तिकता, धर्ममय आचार-व्यवहार वैदिक राजनीतिका आधारका रूपमा स्पष्टसँग देख्न सकिन्छ।

पौराणिककालमा भने राजसत्ता नै प्राय: सर्वस्वीकृत शासन प्रणाली बन्न सफल भयो। त्यसयता भारतवर्षीय राज्यहरूमा राजाको वरिपरि नै सम्पूर्ण राज्यसत्ता घुमेको र राज्यको भाग्य पनि राजाअनुसार सौभाग्य वा दुर्भाग्यका रूपमा रहने गरेको देखिन्छ। हुन त त्यस युगमा पनि प्राय: राजाहरू आफ्नो सर्वोच्चताको स्थितिमासमेत जनतालाई "जनार्दन" का रूपमा उत्तिकै महत्व प्रदान गर्नमा सचेत रहेको देखिन्छ। तर बेनजस्ता कतिपय राजाहरूले आफूलाई स्वेच्छाचारी, निरङ्कुश बनाएर अलोकप्रियता कमाएकाले लोक (प्रजा) ले विद्रोह गरेको दृष्टान्त पाइन्छ।

बेन र प्रथम जनविद्रोह

बेन भनिने राजाको निरङ्कुश, स्वेच्छाचारी शासनबारे श्रीमद्भागवतमा प्रशस्त लेखिएको छ। कतिपय कुरा अतिरञ्जना र मिथकीकरणले यता उता परे तापनि श्रीमद्भागवत पढ्दा प्रष्ट बुझिन्छ कि "राजा नै ईश्वर हो", "राजा नै राष्ट्र हो" र "राजाको स्वैच्छिक आदेश नै दण्ड (कानुन) हो" भन्ने घोषणा गर्दै बेनले सभा, समिति र मन्त्रिपरिषद्लाई भङ्ग गरिदियो। आफ्ना राज्यभित्रका सम्पूर्ण ग्रामसभा, गणसभा र जानपदसभालाई पनि उसले भङ्ग गरिदियो। राज्यले जुनसुके बेला व्यक्तिको स्वतन्त्रता र आर्थिक अधिकारमाथि हमला गर्ने चलन बेनले बसाल्यो। आफ्नो इच्छामुताबिक धार्मिक कर्म गर्नसमेत रोक लाग्यो। वैदिक राजनीतिअनुसार सञ्चालित शासन पद्धतिलाई बेनको सैन्यवादी पद्धतिले विस्थापन गरेपछि लोकमा अत्यन्त असन्तुष्टि फैलियो।

सर्वसाधारणले आफ्नो कष्ट ऋषिहरूसमक्ष राखेपछि अहिंसावादी ऋषिहरूले पहिले त बेनलाई भेटी राजधर्म सम्झाउन प्रयास गरे। तर बेनले ऋषिहरूको प्रमण्डललाई दुर्व्यवहार गऱ्यो। राजसत्ता र लोकसत्ताको सुसंयोजनमा राष्ट्र अघि बढ्नु पर्दछ भन्ने ऋषिहरूमध्ये केहीलाई बेनले जेलमा राख्यो। अति भएपछि एकथरीले

जङ्गलबाट बेनविरुद्ध सशस्त्र विद्रोह सुरु गरेको बुझिन्छ, जसलाई "निषाद" का रूपमा चिनाइएको छ। यता ऋषिहरूले भने त्यस्तो हिंसात्मक विद्रोह अस्वीकार गरे। उनीहरूले "हुङ्कार" ले नै बेनको सैन्य उन्मादमाथि विजय प्राप्त गरे। श्रीमद्भागवतमा जेलाई "हुङ्कार" भनिएको छ, अहिलेको सन्दर्भमा त्यो नारा-जुलुस र हड्ताल नै हो।

बेनविरुद्ध लोकले गरेको विद्रोह नै मानवको ज्ञात इतिहासमा प्रथम जनविद्रोह हो। यसअघि पश्चिमा सन्दर्भमा स्पार्टाकसको नेतृत्वमा दासहरूद्वारा भएको विद्रोहलाई प्रथम जनविद्रोहका रूपमा व्याख्या गर्दै उनलाई "आदिविद्रोही" मान्ने गरेको पाइन्छ। उता, चिनीया सन्दर्भमा आँखीभौं रङ्गाएकाहरूको र पहेंलो फेटा बाँधेकाहरूको विद्रोह (किसान विद्रोह) लाई अझ प्राचीन मानिन्छ। तर ती सबै भन्दा पुरानो ठहर्छ राजा बेनविरुद्धको विद्रोह। उक्त पौराणिक विद्रोहको विशेषता केमा पनि छ भने त्यसले आधुनिक सन्दर्भमा 'सत्याग्रह' भनिने अहिंसात्मक विद्रोहको श्रेष्ठता त्यतिखेरै प्रमाणित गरेको छ।

पृथुको राज्यारोहण :

बेनको पतनपछि नयाँ शासक कसलाई बनाउने भन्ने सवाल खडा भयो। बेनविरुद्ध सशस्त्र विद्रोह गर्ने "निषाद" को दावी सबै भन्दा पहिले आयो। तर ऋषिहरूले अस्वीकार गरेपछि "निषाद" को सत्तारोहण सम्भव भएन। स्वयं ऋषिहरूले नै सत्ता चलाउनु पर्ने एकथरीको मागलाई ऋषिगणले स्वीकारेन, किन भने उनीहरूले विद्रोहको नेतृत्व गरेको शासक बन्ने अभीष्टले थिएन। नयाँ राज्यको स्वरूप कस्तो हुनु पर्ने र कस्तो शासन प्रणालीमा कसलाई शासक बनाउने भन्नेबारे अन्यौलको स्थिति केही लामै समयसम्म कायम रहेको सङ्केत श्रीमद्भागवतमा पाइन्छ। ऋषिहरू र सर्वसाधारणको मत सभा र समितिसहितको राजा रहने पुरानै पद्धतिको पक्षमा गएपछि "निषाद" पक्षको दावी एकदमै कमजोर ठहरियो र अन्त्यमा बेनकै वंशज पृथुलाई राजा बनाउने सहमति जुट्यो।

श्रीमद्भागवतमा बताइएअनुसार राज्यको सञ्चालन लोकसम्मतिको आधारमा राजा, मन्त्रिपरिषद्, सभा, समिति र स्थानीय पालिकाहरूले गर्ने संयन्त्र विकास गरिएको थियो। बेन भन्दा अघि गणसभाहरू मुख्य शक्तिशाली हुने गरेकोमा पृथुको समयमा भने तिनलाई भन्दा पनि भौगोलिक आधारलाई प्रधानता दिई ग्रामपालिका, नगरपालिका जस्ता निकायको व्यवस्था गरिएको बुझिन्छ।[1] सभा र समितिमा राष्ट्रका सबै भूभाग र सबै समुदायको प्रतिनिधित्व होस् भनेर विशेष ध्यान पुऱ्याइएकाले अचेल भनिने "समावेशीकरण" को अवधारणालाई पनि त्यतिखेर आत्मसात् गरेको भन्नु पर्ने हुन्छ। सम्भवत: त्यतिखेर बनाइएको दण्डनीति (कानुन) लिखित नै थियो। बेनबाट त्यसअघि नै ठूलो धोका खाइसकेकाले पृथुलाई दण्ड (कानुन) को पूर्ण नियन्त्रणमा राख्ने प्रबन्ध गर्न भने ऋषिहरूले भुलेनन् भन्ने प्रष्टै बुझिन्छ।

त्यो प्रथम जनविद्रोहले कुनै व्यक्तिविशेषको स्वेच्छाचारी शासनको अवधारणालाई स्पष्टत: अस्वीकार गर्दै शासन विधि वा कानुन (त्यतिखेरको शब्दावलीमा "दण्डनीति"[2]) को हुनु पर्ने वैदिक मान्यतालाई पुनर्पुष्टि गऱ्यो। राजालाई "राष्ट्रभृत्य" (राष्ट्रको सेवक) र लोकलाई "राष्ट्रस्वामी" मानिने (अथर्व. १९।३७।२ र १५।९।१) वैदिक मतमा पृथुले पूर्ण आस्था प्रकट गरेका थिए। उनको जनप्रियतावाट डाढिएर अर्को राज्यका "इन्द्र" नामका कोही समकालीन राजाले पृथुविरुद्ध प्रचारयुद्ध (आधुनिक सन्दर्भमा प्रोपागाण्डा-वार) समेत गरेका थिए। तर उनको लोकप्रियता यस्तरी बढ्यो कि राज्यारोहणको केही वर्षपछि नै लोकले पृथुलाई विष्णुको अवतार (जीवित ईश्वर) का रूपमा पूज्न थालिसकेका थिए। उनकै नामको आधारमा धर्तीको नयाँ संज्ञा "पृथिवी" भन्न थालिएको थियो।

यसरी पारस्परिक भक्तिले राजा र प्रजाबीचको सम्बन्ध अत्यन्त सौहार्द्र बन्न पुगेको थियो। वैदिक राजधर्मको मर्यादालाई पृथुले कहिल्यै उल्लङ्घन नगरेको श्रीमद्भागवतमा बताइन्छ। यद्यपि कालान्तरमा रावण, कंस, जरासन्ध, शिशुपाल, शाल्वजस्ता राजाहरूले भने राजालाई नै सर्वेसर्वा ठान्ने बेनको सोचलाई फेरि अगाडि बढाएका थिए। हाम्रोमा एक शताब्दी चलेको राणाशासन बेनवादी शासन प्रणालीको अर्को रूप थियो।

सन्दर्भ सामग्री :

अधिकारी, निर्मलमणि; "वैदिक राजनीति र त्यसको पुनर्प्रयोग"; *देशप्रेम साप्ताहिक*; वि.सं. २०६० मंसिर ४ गते।

जोशी, रामप्रसाद (अनु.); *श्रीमद्भागवत*; काठमाण्डौ : नानीमैया जोशी, वि.सं. २०४७।

दीक्षित, मदनमणि; *त्यो युग*; काठमाण्डौ : समीक्षा, वि.सं. २०४७।

निर्मल, आयोदधौम्य; *आस्थाको शान्ति-युद्ध*; विराटनगर : नेपाली भाषा-संस्कृति परिषद्, वि.सं. २०५७।

निर्मल, आयोदधौम्य; "वैदिक राजनीतिका आधार"; *स्पेसटाइम दैनिक*; वि.सं. २०५८ चैत २४ गते।

निर्मल, आयोदधौम्य; *वैज्ञानिक सत्ययुगको आधारशीला*; काठमाण्डौ : युग निर्माण अभियान नेपाल, वि.सं. २०६१।

प्रपन्नाचार्य, डा. स्वामी; *वेदमा के छ ?*; इलाहाबाद : प्रा. चिरञ्जीवी शर्मा, वि.सं. २०३८।

विद्यालङ्कार, सत्यकेतु; *प्राचीन भारतकी शासन-पद्धति और राजशास्त्र* (सातवाँ संस्करण); नई दिल्ली : सरस्वती सदन, सन् २००१।

सक्सेना, डा. प्रवेश; *वेदों में क्या है ?*; दिल्ली : पुस्तक महल, सन् २००१।

ज्ञानी, प्रो. शिवदत्त; *भारतीय संस्कृति*; बम्बई : राजकमल प्रकाशन, सन् १९४४।

---

१. यो पक्ष विशेष ध्यानयोग्य छ। यतिखेर नेपालमा राज्यको पुनर्संरचनाको बहस तात्तातो छ र पुनर्संरचनाको आधार जातिगत हुनु पर्दछ भन्ने स्वर निकै चर्कोसँग उठिरहेको छ। जनविद्रोह गरी बेनलाई सत्ताच्युत गरेपछि प्राचीन भारतवर्षका लोकसमक्ष पनि यस्तै सवाल खडा भएको थियो। उनीहरूले जातिगत वा गणगत आधारमा बनाइने संरचनाले अहित हुने निष्कर्ष निकाले। जातिगत आधारमा बनाइएको संरचनाले राष्ट्रिय एकता अझै सुदृढ पार्छ वा जातिवादी संकीर्ण सोचलाई मलजल गर्छ ? यसबारे नेपाली जनता कस्तो निष्कर्षमा पुग्ने हुन् भन्ने चाहिँ अझै विचार मन्थन हुँदै जाँदा थाहा होला नै।

२. 'दण्ड' को अर्थ अहिले जसरी बुझिन्छ, त्यो भन्दा फरक रूपमा त्यतिखेर बुझिन्थ्यो भन्ने तथ्यलाई ख्याल राख्नु पर्दछ। चाणक्यको समय अर्थात् आज भन्दा करिब २३ सय वर्ष अघिसम्म पनि 'दण्ड' भन्नाले अचेल हामीले 'कानुन' भनेर जे बुझ्दछौं, त्यसैलाई बुझ्नु पर्दछ। त्यसैले यस लेखमा प्रयुक्त 'दण्ड' शब्द सकारात्मक अर्थ-बोधक हो।

प्रत्येक पल मर्दै बाँच्न बाध्य छन् युद्धपीडित टुहुरा बालबालिका

– ज्ञानेन्द्र खड्का

माओवादीका कार्यकर्ता इन्द्रबहादुर कार्कीले ०६१ साउन २८ गते बाबु-आमा कुलबहादुर राई र लक्ष्मी राईको गोली हानेर हत्या गरेपछि दोभाने गाविस-७, तेन्दोका तीनजना नाबालकहरू अहिले धनकुटाको हिलेमा अर्काको घरमा शरण लिई भाँडा माझेर बाँचिरहेका छन्। बाबु-आमालाई माओवादीले आफ्नै अगाडि ढालेको देखेकी ११ वर्षीया सुनीता राईले तीन कक्षा पढ्दा पढ्दै पढाइ छोडिन्। बाबु-आमा गुमाएपछि विरक्तिएकी सुनीता हाल धनकुटाको हिलेस्थित होटलमा भाँडा माझेर ज्यान पाल्दै छन्।

सहयोगको याचना गर्दै आफ्नी ठूलीआमासँग असार पहिलो साता भोजपुर आएकी सुनीताले आमा-बाबु गुमेपछि सहयोग गर्ने कोही नभएर पढाइ छोड्नुपरेको बताइन्। अझै कसैले सहयोग गरेमा अधुरो पढाइ पूरा गर्ने उनको लक्ष्य छ। उनका नौ वर्षीय सुजन र आठ वर्षीया सन्जु गरी दुईजना भाइ-बहिनी रहेका छन्। उनीहरू अहिले पनि जसोतसो पढिरहे पनि बाबु-आमाको अभावमा सधैं उदासी भएर बाँचिरहेका छन्। सुजन र सन्जुले अहिले पनि बाबुआमाको खोजी गरिरहने सुनीता बताउँछिन्।

आफू सरहका अरुका बालबालिका पोसाक लगाएर विद्यालय गइरहेको समयमा भोजपुरका युद्धपीडित बालबालिका भने जुठा भाँडा हातमा लिएर टुलुटुलु हेरिहेका हुन्छन्। युद्धमा प्रत्यक्ष सलग्न नभए तापनि ज्यान गुमाउन पुगेका बाबु-आमाका अभागी छोराछोरीहरूको अवस्था कम दर्दनाक छैन। उनीहरूका बाबु-आमा त मरेर गए, तर उनीहरू भने प्रत्येक पल मर्दै बाँचिरहेका छन्। बाबु-आमाको सुरक्षाफौज तथा माओवादीबाट हत्या भएपछि कति बालबालिकाले पढाइ छोडेका छन् त कति बालबालिकाले पढ्नै नपाई कलम कापी च्याप्ने हातले जुठा भाँडा र पिठ्यूँमा आफू भन्दा ठूलो भारी बोक्न विवश छन्।

त्यसैगरी तिम्मा गाविस ७ का जुद्ध सुन्दासको ०६२ पुस १ गते माओवादी कार्यकर्ताले हत्या गरेपछि उनका दुई नाबालक छोराछोरीको अवस्था पनि कम पीडादायक छैन। जुद्धकी विधवा श्रीमति कल्पना सुन्दास अहिले पनि छोराछोरीले बाबाको खोजी गरिरहने बताउँछिन्। "अहिले पनि छोराछोरीले बाबा खोजेर रुवाउँछन्। मैले त वहाँलाई बिर्सन खोज्छु। तर छोराछोरीले रातोदिन बाबाको खोजी गरेर खाटा बसेको घाउ बल्झाइदिन्छन्। वाँहाको हत्यापछि यिनीहरूलाई पाल्न समस्या भएको छ। यसपटक देखि छोरालाई विद्यालय पठाउन थालेकी छु। तर उसलाई कसरी पाल्ने नै समस्या भएको छ। वहाँले मनदुरी गरेर मलाई समेत पाल्नु भएको थियो। अब त सबै जिम्मेवारी मेरो काँधमा आएको छ।" उनले भनिन्।

उता जिल्लाको नेपालेडाँडा गाविस ७ का रामबहादुर कार्की ०५९ साल चैत देखि बेपत्ता भएदेखि उनका दुई बालबच्चाको पनि बिचल्ली भएको छ। रामबहादुरलाई काठमाडौंको थानकोटबाट माओवादी आरोपमा सुरक्षाफौजले पकेदेखि उनको अत्तोपत्तो छैन। रामबहादुरका बाबु खड्गबहादुर भन्छन्-"छोरालाई वेपत्ता पारेदेखि बुहारी र नाती नातिनाको बिचल्ली भएको छ। बुढेसकालमा मैले बुहारी तथा नाती नातिनालाई स्याहार्नुपरेको छ। बाबु मरे बाँचेको अत्तोपत्तो छैन। तर उनीहरूले बाबा काँहा जानुभयो भनेर खोजेको खोज्यै गर्छन्। उनीहरूलाई पढाउन तथा शिक्षा दिक्षा दिन समेत समस्या भएको छ।"

त्यसैगरी साङपाङ गाविस-७ का शरण तामाङलाई सुरक्षाफौजले ३ बर्ष अघि गोली हानेर मारेपछि उनकी श्रीमति र ३ बर्षीय नाबालक छोराको पनि अवस्था कम दर्दनाक छैन। पूर्ण रूपमा सुकुम्बासी अवस्थामा रहेकी प्रेममायालाई अहिले हुर्कदै गरेको छोरालाई लालन पालन गर्न र शिक्षा दिनु अगाडी उभिएको पहाड नाघ्नुभन्दा पनि ठूलोकुरा भएको छ। बाबु मारिएको भोलिपल्ट जन्मेका तीनवर्षे छोराको भविष्य देखेर चिन्तीत छिन् प्रेममाया। "टुहुरो छोरालाई मैले हुर्काउनुकी मेरो पेट पालनको व्यवस्थामा लाग्नु समस्या भएको छ। धन सम्पत्ति भए त खुवाएर हुर्काउँथें, आफ्नो नाममा केही छैन, के गरेर यसलाई हुर्काउने र पढाउने म संकटमा परेकी छु।" प्रेममायाले भनिन्। माओवादी तथा सुरक्षाफौजले हत्या गरेकाका बालबालिका कोही विद्यालय नै जान सकेका छैनन् भने कोहीले भने घरको चरम आर्थिक संकटका कारण जीवन ज्यूनका लागि पनि पढाइ छाडेका छन्। अरुको सहारामा बाँच्नुपरेका कारण उनीहरूमा मानसिक समस्यासमेत देखिन थालेको छ।

जुद्ध सुन्दासकी श्रीमती कल्पना बाबुको हत्यापछि छोरो टोहोलाएर बस्ने तथा पढ्न मन नगर्ने र एकान्तमा बसेर रुने गरेको बताउँछिन्। "मैले बोलाउँदासमेत छोरो झर्किने तथा नबोल्ने गर्छ। बाबुको अभावमा ऊ सधैंजसो रुने गर्छ। विद्यालय समेत जान कर गर्नु पर्छ।" कल्पनाले भनिन्।

जिल्लामा द्वन्द्वका कारण अभिभावक गुमाएका बालबालिकाहरू आर्थिक, सामाजिक र मनोवैज्ञानिक रूपमा समेत संकटग्रस्त बनेका छन्।

भोजपुर

मानवअधिकार सामान्य ज्ञान

तलका प्रश्नहरूको ठीक उत्तरमा ठिक चिह्न लगाउनुहोस।

मानवअधिकार शब्द ज्ञान

(१) संयुक्त राष्ट्रसंघको नेपालस्थित मानवअधिकार उच्चआयुक्तको कार्यालय स्थापना गर्ने सम्वन्धी सम्झौतामा कहिले हस्ताक्षर भएको हो ?
(क) सन् २००३ अप्रील १० (ख) सन् २००५ अप्रील १० (ग) सन् २००४ अप्रील १० (घ) सन् २००६ अप्रील १०

(२) संयुक्त राष्ट्रसंघको नेपालस्थित मानवअधिकार उच्चआयुक्तको कार्यालयका पहिलो प्रमुख व्यक्ति को हुनुहुन्थ्यो ?
(क) इयान मार्टिन (ख) कोफी अन्नान (ग) लुइस आर्वर (घ) म्याथ्यु कहाने

(३) नेपाल संयुक्त राष्ट्रसंघको कतिऔं सदस्य राष्ट्र हो ?
(क) ५५ औं (ख) ७५ औं (ग) ७६ औं (घ) ८६ औं

(४) हालसम्म संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र कति वटा पुगेका छन् ?
(क) १९० वटा (ख) १९३ वटा (ग) १८९ वटा (घ) १९२ वटा

(५) नेपालमा पहिलोपटक संकटकालको घोषणा कहिले भएको थियो ?
(क) २०५८ साल मंसिर ११ गते (ख) २०५७ साल मंसिर ११ गते (ग) २०५६ साल मंसिर ११ गते (घ) २०५९ साल मंसिर ११ गते

(६) नेपालमा भैरहेको सशस्त्र संघर्षमा रेडक्रसको अन्तर्राष्ट्रिय समितिले कहिलेदेखि मानविय कार्य र सहयोगको थालनी गरेको हो ?
(क) सन् १९९६ (ख) सन् १९९८ (ग) सन् १९९९ (घ) सन् २०००

(७) रेडक्रसको अन्तराष्ट्रिय समितिको स्थापना कहिले भएको थियो ?
(क) सन् १८७४ फेब्रुअरीमा (ख)सन् १८७५ फेब्रुअरीमा (ग) सन् १८६३ को फेब्रुअरीमा (घ) सन् १९८९ फेब्रुअरीमा

(८) संयुक्त राष्ट्रसंघीय महासभाको विशेष बैठकले "बालबालिकाको लागि सुहाउँदो विश्व"को निर्माण गर्नका लागि आगामी दशकका लागि नयाँ विश्वव्यापी कार्यसूची कहिले बनाएको थियो ?
(क) सन् २००० मई महिनामा (ख) सन् २००१ मई महिनामा (ग)सन् २००२ मई महिनामा (घ)सन् २००३ मई महिनामा

(९) "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने अवधारण नेपालमा कहिले घोषणा भएको हो ?
(क) सन् २००१ जनवरी १४ (ख) सन् २००३ जनवरी १४ (ग) सन् २००४ जनवरी १४ (घ) सन् २००५ जनवरी १४

(१०) कुन देशले विद्यालयलाई राजनीतिक गतिविधि र हिंसामुक्त क्षेत्र घोषणा गरेको छ ?
(क) सुडान (ख) इथियोपिया (ग) श्रीलंका (घ) बुरुण्डी

(११) संयुक्त राष्ट्रसंघले शरणार्थीसम्बन्धी महासन्धि कहिले पारित गरेको हो ?
(क) सन् १९५५ मा (ख) सन् १९५६ मा (ग) सन् १९५१ मा (घ) सन् १९५० मा

(१२) युद्ध अपराधका सम्बन्धमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान कहिले बनेको हो ?
(क) १९९८ मा (ख) १९८८ मा (ग) १९८९ मा (घ) १९९९ मा

(१३) सन् १९७८ मा भएको सवैका लागि स्वास्थ्य भन्ने विश्व सम्मेलन कहां भएको थियो ?
(क) बेलायतको लण्डनमा (ख) फ्रान्सको पेरिसमा (ग) रुसको अल्माआटामा (घ) स्विट्जरल्याण्डको जेनेभामा

(१४) संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले महिला तथा शान्ति-सुरक्षा सम्बन्धी प्रस्ताव १३२५ लाई परिषदको ४२१३ औं बैठकबाट कहिले पारित गरेको थियो ?
(क) सन् २००३ अक्टुवर ३१ (ख) सन् २००० अक्टुवर ३१ (ग) सन् १९९९ अक्टुवर ३१ (घ) सन् २००१ अक्टुवर ३१

(१५) संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी प्रस्ताव १५३९ लाई कहिले पारित गरेको थियो ?
(क) सन् २००४ अप्रिल २२ मा (ख) सन् २००५ डीसेम्वर १८ (ग) सन् २००३ अप्रिल १८ (घ) सन् २००२ डिसेम्वर १८

(१६) संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सशस्त्र द्वन्द्वमा नागरिको संरक्षण सम्वन्धी प्रस्ताव १२६५ लाई कहिले पारित गरेको थियो ?
(क) सन् १९९६ सेप्टेम्वर १७ (ख) सन् १९९५ जनवरी ८ (ग) सन् १९९९ सेप्टेम्वर १७ मा (घ) सन् १९९४ जनवरी ८

(१७) मजदुरहरूको न्यनतम ज्याला समबन्धी आई.एल.ओ. महासन्धी नं.१३१ लाई नेपाल सरकारले कहिले अनुमोदन गरेको हो ?
(क) सन् १९७४ मा (ख) सन् १९७५ मा (ग) सन् १९७६ मा (घ) सन् १९७७ मा

(१८) "सवैका लागि समान र गुणात्मक शिक्षा" भन्ने अभियानमा नेपालले कहिले सहमति जनाएको थियो ?
(क) सन् १९४९ मा (ख) सन् १९९५ मा (ग) सन् १९५५ मा (घ) सन् १९५८ मा

(१९) राष्ट्रिय योजना आयोगमा महिला तथा बाल विकास शाखाको स्थापना कहिले भएको हो ?
(क) सन् १९५५ मा (ख) सन् १९७० मा (ग) सन् १९७८ मा (घ) सन् १९९३ मा

(२०) श्रम मन्त्रालयमा बालश्रम शाखाको स्थापना कहिले भएको हो ?
(क) सन् १९९४ मा (ख) सन् १९९० मा (ग) सन् १९९२ मा (घ) सन् १९८७ मा

उत्तर : (१) ख (२) क (३) ग (४) घ (५) क (६) ख (७) ग (८) ग (९) ख (१०) घ (११) ग (१२) क (१३) ग (१४) ख (१५) क (१६) ग (१७) क (१८) ख (१९) घ (२०) क

प्रस्तोता : शिव खकुरेल

विजयमित्र लुकेको पीडा

जनआन्दोलन भाग-२ 'वीरगति प्राप्त सहिदहरूलाई आलेखाङ्कन गर्ने उद्देश्यले क्याट्स आइ मिडियाद्वारा निर्मित वृत्तचित्र 'द ट्रेजिडि फर द लिबर्टी' हालै काठमाण्डौंको समनाटक घर, गुरुकुलमा प्रदर्शन गरिएको छ। जनआन्दोलनका सहिदका परिवारका सदस्यहरूको पीडालाई मार्मिक ढंगले प्रस्तुत गरिएको यस वृत्तचित्रले सहिद परिवारको आर्थिक तथा पारिवारिक अवस्थालाई उजागर गरी सरकारलाई झक्झक्याउने आशा लिन सकिन्छ।

सहिद परिवारको अवस्थाबारे जानकारी गराउन यसको निर्माण गरिएको निर्माता तथा निर्देशकद्वय अन्जना बुढाथोकी तथा सुवास थापामगर बताउँछन्। ४६ मिनेट लामो यस वृत्तचित्रको निर्माण करिब पाँच महिना लगाएर बनाइएको हो। काभ्रे, पोखरा, काठमाडौं, पर्वत, नवलपरासी तथा चितवनमा भएका सहिदहरूका परिवारलाई घरमै पुगी उनीहरूको अवस्थालाई प्रस्तुत गर्ने कोसिस गरिएको छ। कतिपय सहिदहरूको परिवारसँग काठमाडौंमै आएको बेला उनीहरूको अवस्थाबारे समेटिएको छ। २०६२ चैत २४ गते आरम्भ भएको जनआन्दोलनको १९ दिनको अवधिमा देशका लागि ज्यान दिएका १९ जना सहिदका परिवारलाई मात्र समेट्न सकिएको र बाँकी परिवारलाई आर्थिक तथा समयको अभावले समेट्न नसकिएको निर्माता/निर्देशकद्वय बताउँछन्।

यस वृत्तचित्रको निर्माणका क्रममा अनुसन्धान तथा सामग्री संकलन अनन्त कोइराला, निशेद गौतम, अच्युत अर्याल, प्रदीप लामिछाने र ईश्वर रौनियारद्वारा गरिएको छ। यस मार्मिक वृत्तचित्रका छायाकार दीपेश न्यौपाने हुन्।

एक्काइस जना सहिद, सहिद परिवारका वियोगका कथाहरू, नेपालको राजनीतिक इतिहासको संक्षिप्त पृष्ठभूमि, संस्कृति झलकाउने केही दृश्यहरू, अनि जनआन्दोलन भाग-दुईका दृष्यहरू। वृत्त चित्रले दर्शकलाई रोमाञ्चक र भावकु मात्र हैन, वास्तवमै अब केही गर्नु पर्छ भन्ने प्रेरणा दिइरहन्छ।

वृत्तचित्रको प्रथम प्रदर्शन हेरेर निस्केका दर्शकहरूका आँखाभरि टिल्पिलाएका आँसुले यसको संवेदनशीलतालाई दर्शाएको देखियो।

वृत्तचित्रको प्रथम प्रदर्शन हेरेर निस्केका दर्शकहरूका आँखाभरि टिल्पिलाएका आँसुले यसको संवेदनशीलतालाई दर्शाएको देखियो। "जनआन्दोलनका सहिद बारे पहिला नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा आइसकेको छ। तर यो वृत्तचित्र आफ्ना परिवारका एक सदस्य, चाहे त्यो श्रीमान्, छोरा, बाबु, दाजुभाई होस् अथवा श्रीमती, छोरी, आमा र दिदी, बहिनी तिनलाई गुमाउँदाको पीडालाई छर्लङ्ग उतार्ने प्रयास हो।" वृत्तचित्रको प्रेस सोमा वितरित विज्ञप्तिमा जनाइएको छ। सो अवसरमा उपस्थित वरिष्ठ गायक तथा संगीतकार रामेशले उक्त वृत्तचित्र सहिदका परिवार बारे राम्रो संग्रह भएको बताए।

अबदेखि फेरि फेरि पनि देशमा आन्दोलन गर्नु नपरोस् र कसैले पनि अब सहिद हुन परोस् र यो सहिद हुने श्रृङ्खला बन्द हुनुपर्छ भन्ने मूल सारका साथ बनेको यो वृत्तचित्र सांस्कृतिक झलकबाट सुरू भएर जनआन्दोलन भाग दुईका जिउँदा सहिदको अनुभव सुनाउँदै अन्त्य हुन्छ देशमा अब दिगो शान्ति छाओस् र भविष्यमा सहिदको शृङ्ला नबढोस् भन्छन्- सहिदका परिवारजन। तर यो सहिद थप्ने श्रृङ्खलाबद्ध परम्पराको अन्त्य हुन्छ हुँदैन, थाहा छैन।

डकुमेन्ट्री : द ट्रेजिडि फर द लिबर्टी
निर्माता : क्याट्स आइ मिडिया
निर्देशकद्वय : अन्जना बुढाथोकी र सुवास थापा मगर



इन्सेकमा उपलब्ध केही प्रकाशनहरू

का. जि. का. द. नं. २१/४९/५०

नेपालको पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अंग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरू समेटिएको
यस वेबसाइटमार्फत्
हाम्रो मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।

BY AIRMAIL